# इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**कृष्णराज पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, २०६३

कृष्णराज पौडेल, २०६३
इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**शोधनिर्देशक**
**सह-प्रा.केशव सुवेदी**

# इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**
**कृष्णराज पौडेल**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, २०६३**

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

मिति: २०६४/०९/२४

**स्वीकृति-पत्र**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री कृष्णराज पौडेलले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यस शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकार गरिएको छ ।

| | | |
|---|---|---|
| उप-प्रा. कुसुमाकर न्यौपाने | सह-प्रा. केशव सुवेदी | प्रा.राजेन्द्र सुवेदी |
| बाह्य निरीक्षक | शोधनिर्देशक | विभागीय प्रमुख |

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र श्री कृष्णराज पौडेलले मेरा निर्देशनमा **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र तयार पार्नुभएको हो । शोधकर्ताले अत्यन्त परिश्रमपूर्वक तयार गर्नुभएको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६४/९/

---------------

केशव सुवेदी

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर काठमाडौं

## कृतज्ञताज्ञापन

प्रस्तुत **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गतको नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूति'का लागि तयार पारिएको हो । मोफसलमा रहेका स्रष्टाका विविध पक्ष चित्रण गर्नु महत्वपूर्ण हुन्छ । तसथ' इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नेप्रयास यस शोधपत्रमा गरिएको छ ।

शोधपत्र तयार गर्नेक्रममा सुरुबाट शोधलाई निश्चित डोरेटोमा बढाउन आफ्नो अत्यन्त कार्य व्यस्तताका बीच दिनरात नभनी मलाई हरपल सरसल्लाह, सुझाव, प्रोत्साहन दिनुहुने आदरणीय गुरु सहप्रा. केशव सुवेदीसमक्ष हादि'क आभार प्रकट गर्दछु ।

शोधपत्र तयारीका क्रममा आ-आफ्नो स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने गुरुहरू विभागाध्यक्ष प्रा. राजेन्द्र सुवेदी, उपप्रा. गोविन्दप्रसाद शर्मा तथा सामग्री सङ्कलनलगायतका कार्यमा सहयोग पुऱ्याउने शोधनायक इन्द्रकुमार विकल्प धन्यवादका पात्र हुनुहुन्छ । सामग्री उपलब्ध गर्न सहयोग पुऱ्याउने केन्द्रीय पुस्तकालय त्रि.वि., मोती पुस्तकालय पर्वतका कर्मचारीहरू तथा पर्वत साहित्य सङ्गमका सदस्यहरूसमक्ष धन्यवाद प्रकट गर्दछु । शोधलेखन तथा सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनुहुने साथीहरू सूर्य के.सी., शिशिरकुमार जोशी, गङ्गाधरअधिकारी 'चिन्तन', आवश्यक सरसल्लाह, सुझाव दिने भाइ उपेन्द्र सुवेदी, विष्णु सुवेदी, राजु लामिछाने, कृष्ण पौडेल 'बी' तथा सम्पूर्ण शुभचिन्तकहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

मेरो अध्ययनको यस क्षणसम्म निरन्तर चिन्तित रही आफ्ना दु:खहरू परै राखी सहयोग र प्रोत्साहन प्रदान गर्नुहुने बुवा खडानन्द शर्मा पौडेल, आमा खगेश्वरी पौडेल र दाजु हुतराज पौडेलप्रति म आजीवन ऋणी छु तथा समस्त घरपरिवारमा विशेष कृतज्ञ छु । व्यावसायिक व्यस्तता हुँदाहुँदै पनि अत्यन्त लगनशीलतापूर्वक समयमै शोधपत्र टङ्कण गरी सहयोग गर्ने अर्किड कम्प्युटर नयाँबजार कीर्तिपुरका भीष्मराज पौडेल तथा आकाश प्रिन्टर्स कुस्माका मित्र कृष्णप्रसाद शर्मा पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा यस शोधपत्रलाई समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागमार्फत् त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयसमक्ष पेस गर्दछु ।

शोधकर्ता
कृष्णराज पौडेल
स्नातकोत्तर तह, द्वितीय वर्ष

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# विषयसूची

पृष्ठ सङ्ख्या

**स्वीकृति-पत्र**

**शोधनिर्देशकको मन्तव्य**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**सङ्क्षेपीकृतसूची**

**अध्याय : १**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ६ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ | शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |

**अध्यायः २**

**इन्द्रकुमार विकल्पको जीवनीको अध्ययन**

| | | |
|---|---|---|
| २.१ | जन्म र नामकरण | ८ |
| २.२ | पारिवारिक पृष्ठभूमि | ८ |
| २.३ | बाल्यकाल | ९ |
| २.४ | शिक्षादीक्षा | ९ |
| | २.४.१ प्रारम्भिक शिक्षा | ९ |

| | | |
|---|---|---|
| | २.४.२ माध्यमिक शिक्षा | १० |
| | २.४.३. उच्च शिक्षा | १० |
| २.५ | शिक्षण पेसामा प्रवेश | ११ |
| २.६ | वैवाहिक तथा पारिवारिक जीवन | ११ |
| २.७ | आर्थिक अवस्था र बसोबास | १२ |
| २.८ | व्यक्तिगत रुचि तथा स्वभाव | १३ |
| २.९ | लेखनक्षेत्रमा लाग्ने प्रेरणा | १४ |
| २.१० | साहित्यिक क्षेत्रमा प्रवेश र सृजनात्मक सक्रियता | १४ |
| २.११ | विविध सङ्घ–संस्थामा सहभागिता | १५ |
| | २.११.१ संलग्न साहित्यिक सङ्घ–संस्थाहरू | १५ |
| | २.११.२ संलग्न सामाजिक सङ्घ–संस्थाहरू | १६ |
| २.१२ | सम्मान तथा पुरस्कार | १७ |
| २.१३ | 'विकल्प' उपनाम र यसको चयन | १८ |
| २.१४ | भ्रमण | १८ |
| २.१५ | अविस्मरणीय क्षण | १९ |
| २.१६ | जीवनदर्शन | १९ |


**अध्यायः ३**

**इन्द्रकुमार विकल्पको व्यक्तित्वको अध्ययन**


| | | |
|---|---|---|
| ३.१ | व्यक्तित्व पहिचान | २१ |
| ३.२ | शारीरिक व्यक्तित्व | २१ |
| ३.३ | सामाजिक व्यक्तित्व | २२ |
| ३.४ | धार्मिक व्यक्तित्व | २३ |
| ३.५ | पेसागत व्यक्तित्व | २३ |
| ३.६ | संस्थापक व्यक्तित्व | २४ |
| ३.७ | पत्रकार व्यक्तित्व | २५ |
| ३.८ | साहित्यिक व्यक्तित्व | २६ |
| | ३.८.१ कथाकार व्यक्तित्व | २६ |
| | ३.८.२ कवि व्यक्तित्व | २७ |

३.९ जीवनीकार व्यक्तित्व २८

३.१० समालोचक व्यक्तित्व २८

३.११ सम्पादक व्यक्तित्व २९

३.१२ भूमिकालेखक व्यक्तित्व ३०


**अध्यायः ४**

**इन्द्रकुमार विकल्पका प्रकाशित रचनाको विवरण र उनको साहित्ययात्रा**


४.१ पृष्ठभूमि ३१

४.२ प्रकाशित कृतिहरूको विवरण ३१

४.३ अप्रकाशित कृतिहरूको विवरण ३२

४.४ प्रकाशित फुटकर लेखरचनाहरूको विवरण (२०६३ चैत्र मसान्तसम्म) ३२

४.५ साहित्ययात्रा र चरण विभाजन ४६

४.५.१. प्रथम चरण (प्रारम्भदेखि २०५३ सालसम्म) ४६

४.५.२. द्वितीय चरण (२०५४ देखि हालसम्म) ४८


**अध्याय : ५**

**इन्द्रकुमार विकल्पको कृतित्वको अध्ययन**


५.१ पृष्ठभूमि ५१

५.२. 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहको अध्ययन ५२

५.२.१ लेखन र प्रकाशन ५२

५.२.२ विषयवस्तु/भावविधान ५२

५.२.३ संरचना ५५

५.२.४ कथनपद्धति ५६

५.२.५ लयविधान

५.२.६ भाषाशैली ५७

५.२.७ विम्ब, प्रतीक र अलङ्कारविधान ५७

५.३ 'मनका खुसीहरू' कवितासङ्ग्रहको अध्ययन ५८

५.३.१ लेखन र प्रकाशन ५८

५.३.२ विषयवस्तु ५९

५.३.३ संरचना ६३

| | | |
|---|---|---|
| | ५.३.४ कथनपद्धति | ६४ |
| | ५.३.५ लयविधान | ६४ |
| | ५.३.६ भाषाशैली | ६५ |
| | ५.३.७ विम्ब, प्रतीक र अलङ्कारविधान | ६५ |
| ५.४ | 'भुल्काहरू' मुक्तकसङ्ग्रहको अध्ययन | ६६ |
| | ५.४.१. लेखन र प्रकाशन | ६६ |
| | ५.४.२.विषयवस्तु तथा भावविधान | ६७ |
| | ५.४.३ संरचना | ६९ |
| | ५.४.४. कथनपद्धति | ६९ |
| | ५.४.५.भाषाशैली | ७० |
| | ५.४.६. विम्ब, प्रतीक र अलङ्कारविधान | ७० |
| | ५.४.७.चित्रात्मकता | ७० |
| ५.५ | 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रहको अध्ययन | ७१ |
| | ५.५.१. लेखन र प्रकाशन | ७१ |
| | ५.५.२. विषयवस्तु | ७२ |
| | ५.५.३ संरचना | ७२ |
| | ५.५.४.लयविधान | ७३ |
| | ५.५.५. भाषाशैली | ७३ |
| | ५.५.६.विम्ब, प्रतीक र अलङ्कारविधान | ७४ |
| ५.६ | 'दुई आत्माको मिलन' उपन्यासको अध्ययन | ७४ |
| | ५.६.१. लेखन र प्रकाशन | ७४ |
| | ५.६.२.कथानक | ७५ |
| | ५.६.३ चरित्रचित्रण | ७७ |
| | ५.६.४.परिवेश | ७८ |
| | ५.६.५.संवाद | ७९ |
| | ५.६.६ भाषाशैली | ८० |
| | ५.६.७. दृष्टिबिन्दु | ८१ |
| | ५.६.८. उद्देश्य | ८१ |

| | | |
|---|---|---|
| | ५.६.९. शीर्षकविधान | ८१ |
| ५.७ | ‘सर्वदलीय घर’ लघुकथा-सङ्ग्रहको अध्ययन | ८२ |
| | ५.७.१. लेखन र प्रकाशन | ८२ |
| | ५.७.२ विषयवस्तु | ८३ |
| | ५.७.३. चरित्रविधान | ८६ |
| | ५.७.४ परिवेशविधान | ८६ |
| | ५.७.५ आयाम | ८७ |
| | ५.७.६ भाषाशैली | ८७ |
| | ५.७.७ उद्देश्य | ८८ |
| | ५.७.८ शीर्षकविधान | ८८ |
| ५.८ | ‘बैंसका रहरहरू’ कथासङ्ग्रहको अध्ययन | ८९ |
| | ५.८.१. लेखन र प्रकाशन | ८९ |
| | ५.८.२. कथावस्तु | ८९ |
| | ५.८.३ कथन ढाँचा/दृष्टिबिन्दु | ९२ |
| | ५.८.४ पात्रहरू | ९२ |
| | ५.८.५ परिवेश | ९३ |
| | ५.८.६. भाषाशैली | ९४ |
| | ५.८.७. उद्देश्य | ९४ |
| ५.९ | ‘स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी’ को अध्ययन | ९५ |

**अध्याय ६**

**उपसंहार तथा निष्कर्ष**

| | | |
|---|---|---|
| ६.१ | उपसंहार | ९७ |
| ६.२ | निष्कर्ष | १०० |

**सन्दर्भग्रन्थसूची**

**१. पुस्तकसूची**

**२. पत्रपत्रिकासूची**

## सङ्क्षेपीकृतसूची

| | |
|---|---|
| अ. | - अञ्चल |
| आई.ए. | - इन्टरमेडियट अफ आर्ट्स |
| उप-प्रा. | - उप-प्राध्यापक |
| एस.एल.सी. | - स्कुल लिभिङ्ग सर्टिफिकेट |
| के.जी. | - किलोग्राम |
| गा.वि.स. | - गाउँ विकास समिति |
| छै.संस्क. | - छैटौँ संस्करण |
| डा. | - डाक्टर |
| ते.संस्क. | -तेस्रो संस्करण |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.संस्क. | - दोस्रो संस्करण |
| नं. | - नम्बर |
| ने.रा.प्र.प्र | - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | - पृष्ठ |
| प्र. | - प्रकाशन |
| प्रा. | - प्राध्यापक |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| वि.सं. | - विक्रम संवत् |
| सं. | - संवत् |
| संस्क. | - संस्करण |
| सम्पा. | - सम्पादक |
| सह-प्रा. | - सह-प्राध्यापक |
| स्व. | - स्वर्गीय |

# विषयसूची

पृष्ठ सङ्ख्या

**स्वीकृति-पत्र**

**शोधनिर्देशकको मन्तव्य**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**सङ्क्षेपीकृतसूची**

**अध्याय : १**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ६ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ | शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |

**अध्यायः २**

**इन्द्रकुमार विकल्पको जीवनीको अध्ययन**

| | | |
|---|---|---|
| २.१ | जन्म र नामकरण | ८ |
| २.२ | पारिवारिक पृष्ठभूमि | ८ |
| २.३ | बाल्यकाल | ९ |
| २.४ | शिक्षादीक्षा | ९ |

२.४.१ प्रारम्भिक शिक्षा ९

२.४.२ माध्यमिक शिक्षा १०

२.४.३. उच्च शिक्षा १०

२.५ शिक्षण पेसामा प्रवेश ११

२.६ वैवाहिक तथा पारिवारिक जीवन ११

२.७ आर्थिक अवस्था र बसोबास १२

२.८ व्यक्तिगत रुचि तथा स्वभाव १३

२.९ लेखनक्षेत्रमा लाग्ने प्रेरणा १४

२.१० साहित्यिक क्षेत्रमा प्रवेश र सृजनात्मक सक्रियता १४

२.११ विविध सङ्घ–संस्थामा सहभागिता १५

२.११.१ संलग्न साहित्यिक सङ्घ–संस्थाहरू १५

२.११.२ संलग्न सामाजिक सङ्घ–संस्थाहरू १६

२.१२ सम्मान तथा पुरस्कार १७

२.१३ 'विकल्प' उपनाम र यसको चयन १८

२.१४ भ्रमण १८

२.१५ अविस्मरणीय क्षण १९

२.१६ जीवनदर्शन १९


## अध्यायः ३

## इन्द्रकुमार विकल्पको व्यक्तित्वको अध्ययन


३.१ व्यक्तित्व पहिचान २१

३.२ शारीरिक व्यक्तित्व २१

३.३ सामाजिक व्यक्तित्व २२

३.४ धार्मिक व्यक्तित्व २३

३.५ पेसागत व्यक्तित्व २३

३.६ संस्थापक व्यक्तित्व २४

३.७ पत्रकार व्यक्तित्व २५

३.८ साहित्यिक व्यक्तित्व २६

३.८.१ कथाकार व्यक्तित्व २६

३.८.२ कवि व्यक्तित्व २७

३.९ जीवनीकार व्यक्तित्व २८

३.१० समालोचक व्यक्तित्व २८

३.११ सम्पादक व्यक्तित्व २९

३.१२ भूमिकालेखक व्यक्तित्व ३०


**अध्याय: ४**

**इन्द्रकुमार विकल्पका प्रकाशित रचनाको विवरण र उनको साहित्ययात्रा**


४.१ पृष्ठभूमि ३१

४.२ प्रकाशित कृतिहरूको विवरण ३१

४.३ अप्रकाशित कृतिहरूको विवरण ३२

४.४ प्रकाशित फुटकर लेखरचनाहरूको विवरण (२०६३ चैत्र मसान्तसम्म) ३२

४.५ साहित्ययात्रा र चरण विभाजन ४६

४.५.१. प्रथम चरण (प्रारम्भदेखि २०५३ सालसम्म) ४६

४.५.२. द्वितीय चरण (२०५४ देखि हालसम्म) ४८


**अध्याय : ५**

**इन्द्रकुमार विकल्पको कृतित्वको अध्ययन**


५.१ पृष्ठभूमि ५१

५.२. 'सम्भनाका डोबहरू' कवितासङ्ग्रहको अध्ययन ५२

५.२.१ लेखन र प्रकाशन ५२

५.२.२ विषयवस्तु/भावविधान ५२

५.२.३ संरचना ५५

५.२.४ कथनपद्धति ५६

५.२.५ लयविधान

५.२.६ भाषाशैली ५७

५.२.७ विम्ब, प्रतीक र अलङ्कारविधान ५७

५.३ 'मनका खुसीहरू' कवितासङ्ग्रहको अध्ययन ५८

५.३.१ लेखन र प्रकाशन ५८

५.३.२ विषयवस्तु ५९

| | | |
|---|---|---|
| | ५.३.३  संरचना | ६३ |
| | ५.३.४  कथनपद्धति | ६४ |
| | ५.३.५  लयविधान | ६४ |
| | ५.३.६  भाषाशैली | ६५ |
| | ५.३.७  विम्ब, प्रतीक र अलङ्कारविधान | ६५ |
| ५.४ | ‘भुल्काहरू’ मुक्तकसङ्ग्रहको अध्ययन | ६६ |
| | ५.४.१. लेखन र प्रकाशन | ६६ |
| | ५.४.२.विषयवस्तु तथा भावविधान | ६७ |
| | ५.४.३ संरचना | ६९ |
| | ५.४.४. कथनपद्धति | ६९ |
| | ५.४.५.भाषाशैली | ७० |
| | ५.४.६. विम्ब, प्रतीक र अलङ्कारविधान | ७० |
| | ५.४.७.चित्रात्मकता | ७० |
| ५.५ | ‘लालीगुराँस फुल्ने मन’ गजलसङ्ग्रहको अध्ययन | ७१ |
| | ५.५.१. लेखन र प्रकाशन | ७१ |
| | ५.५.२. विषयवस्तु | ७२ |
| | ५.५.३ संरचना | ७२ |
| | ५.५.४.लयविधान | ७३ |
| | ५.५.५. भाषाशैली | ७३ |
| | ५.५.६.विम्ब, प्रतीक र अलङ्कारविधान | ७४ |
| ५.६ | ‘दुई आत्माको मिलन’ उपन्यासको अध्ययन | ७४ |
| | ५.६.१. लेखन र प्रकाशन | ७४ |
| | ५.६.२.कथानक | ७५ |
| | ५.६.३  चरित्रचित्रण | ७७ |
| | ५.६.४.परिवेश | ७८ |
| | ५.६.५.संवाद | ७९ |
| | ५.६.६ भाषाशैली | ८० |
| | ५.६.७. दृष्टिबिन्दु | ८१ |

| | | |
|---|---|---|
| | ५.६.८. उद्देश्य | ८१ |
| | ५.६.९. शीर्षकविधान | ८१ |
| ५.७ | 'सर्वदलीय घर' लघुकथा-सङ्ग्रहको अध्ययन | ८२ |
| | ५.७.१. लेखन र प्रकाशन | ८२ |
| | ५.७.२ विषयवस्तु | ८३ |
| | ५.७.३. चरित्रविधान | ८६ |
| | ५.७.४ परिवेशविधान | ८६ |
| | ५.७.५ आयाम | ८७ |
| | ५.७.६ भाषाशैली | ८७ |
| | ५.७.७ उद्देश्य | ८८ |
| | ५.७.८ शीर्षकविधान | ८८ |
| ५.८ | 'बैंसका रहरहरू' कथासङ्ग्रहको अध्ययन | ८९ |
| | ५.८.१. लेखन र प्रकाशन | ८९ |
| | ५.८.२. कथावस्तु | ८९ |
| | ५.८.३ कथन ढाँचा/दृष्टिबिन्दु | ९२ |
| | ५.८.४ पात्रहरू | ९२ |
| | ५.८.५ परिवेश | ९३ |
| | ५.८.६. भाषाशैली | ९४ |
| | ५.८.७. उद्देश्य | ९४ |
| ५.९ | 'स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी' को अध्ययन | ९५ |


**अध्याय ६**

**उपसंहार तथा निष्कर्ष**


| | | |
|---|---|---|
| ६.१ | उपसंहार | ९७ |
| ६.२ | निष्कर्ष | १०० |


**सन्दर्भग्रन्थसूची**


१. **पुस्तकसूची**

२. **पत्रपत्रिकासूची**

# सङ्क्षेपीकृतसूची

| | |
|---|---|
| अ. | - अञ्चल |
| आई.ए. | - इन्टरमेडियट अफ आर्ट्स |
| उप-प्रा. | - उप-प्राध्यापक |
| एस.एल.सी. | - स्कुल लिभिङ्ग सर्टिफिकेट |
| के.जी. | - किलोग्राम |
| गा.वि.स. | - गाउँ विकास समिति |
| छै.संस्क. | - छैटौँ संस्करण |
| डा. | - डाक्टर |
| ते.संस्क. | -तेस्रो संस्करण |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.संस्क. | - दोस्रो संस्करण |
| नं. | - नम्बर |
| ने.रा.प्र.प्र | - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | - पृष्ठ |
| प्र. | - प्रकाशन |
| प्रा. | - प्राध्यापक |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| वि.सं. | - विक्रम संवत् |
| सं. | - संवत् |
| संस्क. | - संस्करण |
| सम्पा. | - सम्पादक |
| सह-प्रा. | - सह-प्राध्यापक |
| स्व. | - स्वर्गीय |

## अध्याय १

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **इन्द्रकुमार विकल्पको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

धवलागिरि अञ्चल, पर्वत जिल्लाको माझफाँट गा.वि.स. वडा नं. ३ मा २०१८ साल असोज २ गते जन्मेका इन्द्रकुमार विकल्पले सानै उमेरदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ । उनले विद्यालय तहमा अध्ययन गरिरहेका बेला उनको 'पुरस्कार' शीर्षकको कथा प्रकाशित भएको थियो । हालसम्म उनका 'सम्झनाका डोबहरू' (कवितासङ्ग्रह–२०४४), 'मनका खुसीहरू' (कवितासङ्ग्रह–२०५२), 'दुई आत्माको मिलन' (उपन्यास-२०५६), 'भुल्काहरू' (मुक्तकसङ्ग्रह-२०५८), 'सर्वदलीय घर' (लघुकथासङ्ग्रह–२०६०), 'लालीगुराँस फुल्ने मन' (गजलसङ्ग्रह–२०६२), 'बैंसका रहरहरू' (कथासङ्ग्रह–२०६३) र 'स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी' (२०५५) प्रकाशित भएका छन् ।

## १.४ समस्याकथन

इन्द्रकुमार 'विकल्प' निरन्तर रूपमा साहित्यसृजनामा संलग्न रहेका व्यक्ति हुन् । आजसम्म उनका कृतित्वका बारेमा केही अध्ययन गरिएका छन् तापनि उनका जीवनी र व्यक्तित्वलाई समेटेर कृतित्व पक्षको समग्र अध्ययन हुन सकेको छैन । यही मूल

समस्याको समधानका निम्ति निम्नानुसारका सकस्याहरूमा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ ।

क. इन्द्रकुमार विकल्पको जीवनी के कस्तो रहेको छ ?

ख. इन्द्रकुमार विकल्पको व्यक्तित्व के कस्तो रहेको छ ?

ग. इन्द्रकुमार विकल्पको साहित्य सृजनायात्रा के कस्तो रहेको छ ?

घ. उनका कृतिहरू के–कस्ता छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क. इन्द्रकुमार विकल्पको जीवनीको खोजी गर्नु,

ख. इन्द्रकुमार विकल्पको व्यक्तित्वको विवेचना गर्नु,

ग. उनको साहित्य सृजनायात्राको पहिचान गर्नु,

घ. उनका कृतिहरू के कस्ता छन् विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

इन्द्रकुमार विकल्पका बारेमा कतिपय लेखकहरूले सामान्य रूपमा चचा‘ परिचचा‘ गरेको पाइन्छ तापनि उनका जीवनी, व्यक्तित्व र कृतित्वलाई समेत समेट्ने गरी आजसम्म विस्तृत अध्ययन हुन सकेको छैन । विकल्पका बारेमा आजसम्म जे–जति अध्ययन भएका छन् ती उनका जीवनी, व्यक्तित्व तथा कृतित्वका समग्र अध्ययनका दृष्टिले अपूर्ण देखिन्छन् । उनका बारेमा लेखिएका केही लेख वा टीका–टिप्पणी विविध पुस्तक तथा पत्रपत्रिकामा छरिएर रहेका छन् र तिनमा इन्द्रकुमार ‘विकल्प’ नेपाली साहित्यमा कविता, कथा, उपन्यास लेख्ने व्यक्ति हुन् भन्ने कुराको सामान्य उल्लेख मात्र गरेको पाइन्छ । इन्द्रकुमार विकल्पका बारेमा गरिएका त्यस्ता पूर्वकार्यहरू यसप्रकार छन् :

– सरुभक्तले **सम्झनाको डोबहरू** (कवितासङ्ग्रह–२०४४) मा कवि विकल्पलाई शुभकामना दिँदै यिनले आफ्ना कविताबाट संवेदनाको लोकतिर यात्रा थालिसकेका छन् भन्ने टिप्पणी गरेका छन् ।

– लक्ष्मीप्रसाद शर्माले **मनका खुसीहरू** (कवितासङ्ग्रह–२०५२) को भूमिकामा कवि विकल्पका कल्पना र यथार्थको द्वन्द्वमा रुमलिँदै सत्यताको खोजीमा उन्मुख छन् भन्ने टिप्पणी गरेका छन् ।

– काजी रोशनले **झुल्काहरू** (मुक्तकसङ्ग्रह–२०५८) को भूमिकामा विकल्पका झुल्काहरूभित्र नौला सीप छन्, बान्की छन् र नौला प्रयोग छन्, देशले भोग्नुपरेका समस्याहरू छन्, जनताका कारुणिक कहानीहरू छन्, प्रेमी–प्रेमिकाका उल्लास छन्, जीवन–मृत्युका दर्शन छन् भन्ने टिप्पणी प्रस्तुत गरेका छन् ।

– ओमप्रसाद 'घायल' ले **धौलाश्री** (२०५९, असार २) दैनिकको साप्ताहिक प्रकाशन 'पाहुर' मा 'दुई आत्माको मिलन प्रेमको वलिदान' शीर्षक दिई विकल्पको 'दुई आत्माको मिलन' उपन्यासको चचा' गर्दै प्रेम कहिल्यै परिवत'न हुँदैन त्यसको घृणा होइन सम्मान गरिनुपपर्छ भन्ने टिप्पणी गरेका छन् ।

– दिलीप 'दोषी' ले **सासंक** (वर्ष १, अङ्क १-२०६०, पृ ११२–११३) मा 'विकल्पका झुल्काहरूलाई स्पश' गर्दा' शीर्षकमा 'झुल्काहरू' (मुक्तकसङ्ग्रह) भित्र रहेका मुक्तकहरूमा देशले भोग्नुपरेका समस्या, पीडा, व्यथा र जीवन–मृत्युको गहिरो दश'नलाई अभिव्यक्त गरेका छन् भन्ने टिप्पणी गरेका छन् ।

– डिल्लीप्रसाद 'आश्रय' ले **आदर्श–समाज** (वर्ष ८, अङ्क २५८ २०६० पौष २६) मा 'मोफसलमा पनि छन् साहित्यिक विकल्पहरू' शीर्षक दिई विकल्पका प्रकाशित कृतिहरू नेपाली गाउँले परिवेशसँग मेल खाने

किसिमका छन् र यी सबै कृतिको समान विशेषता सरलता हो भन्ने टिप्पणी गरेका छन् ।

– सूर्य के.सी.ले **पर्वत आह्वान** (वर्ष १, अङ्क १, २०६१, पृ. ६४–६५) मा विकल्पको 'मनका खुसीहरू' कविता सङ्ग्रहको विश्लेषण गर्दै कवितामा माया, प्रेम, आग्रह, अनुग्रह, धैर्य, शान्ति, निराशा, आक्रोशजस्ता भावहरू आएका छन् भन्ने समीक्षा प्रस्तुत गरेका छन् ।

– इन्द्रमान खत्रीले **अनामिका** (वर्ष ४, अङ्क १, २०६१ असार/साउन, पृ. ६९-७१) मा 'इन्द्रकुमार विकल्पद्वारा लिखित 'सर्वदलीय घर' लघुकथासङ्ग्रह एक विवेचना' शीर्षकमा 'विकल्पका सबै कथाहरू सामाजिक परिवेशमा आधारित छन् भन्ने टिप्पणी गरेका छन् ।

– डा. घनश्याम न्यौपाने 'परिश्रमी' ले **लालीगुराँस फुल्ने मन** (२०६२) गजलसङ्ग्रहको भूमिका खण्डमा 'लालीगुराँस फुल्ने मन पाण्डुलिपिमा नियाल्दा' शीर्षक दिई विकल्पका गजल प्रेमविषयमा आधारित भए पनि तिनले मानवीय भावना बोकेका छन् भन्ने टिप्पणी गरेका छन् ।

– गोखे' साइँलो **चितवन पोष्ट** (वर्ष ९, अङ्क २५९–२६२, पृ. २)मा 'सर्वदलीय घरभित्र बस्न खोज्दा' शीर्षक दिई कथाकारको परिचय र 'सर्वदलीय घर' लघुकथासङ्ग्रहमा रहेका कथाले नेपाली समाजलाई सरल र साधारण शब्द संयोजनबाट राम्रो सन्देश प्रस्तुत गरिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

– सुवि सुधा आचार्यले **धरहरा टाइम्स** (२०६२ चैत्र २४) पत्रिकामा 'साहित्यिक पत्रिका प्रकाशन गर्नु पक्कै पनि सरल छैन' शीर्षक दिई इन्द्रकुमार विकल्पको परिचयसहित अन्तर्वार्ता प्रस्तुत गरिएको पाइन्छ । यसमा उनले गरेका साहित्यिक योगदान समेत प्रस्तुत गरिएको छ ।

- नवराज दाहाल 'उत्साही' ले **धौलागिरि पोष्ट** (वर्ष १, अङ्क–३६, २०६३) मा 'लालीगुराँस फुल्ने मन कृति नियाल्दा' शीर्षक दिई 'लालीगुराँस फुल्ने मन' (गजलसङ्ग्रह–२०६२) भित्रका गजलहरूमा मिलन, खुसी, पीर, व्यथा सबैथोक भेटिन्छन् भन्ने टिप्पणी गरेका छन् ।

- शारदाकुमारी शर्माले **पर्वत जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन**(२०६२) शीर्षकको अप्रकाशित शोधपत्रमा विकल्पको 'दुई आत्माको मिलन' उपन्यास आत्मिक प्रेमको विजयमा टुङ्गिएको छ भन्ने चर्चा गरेकी छन् ।

- कृष्णराज पौडेलले **कथाकार इन्द्रकुमार विकल्प रचनाविधानका आधारमा साइँला दाइ कथाको विश्लेषण** शीर्षक दिई **मोदीकाली साप्ताहिक** वर्ष-७, अङ्क-४३, ४४) मा इन्द्रकुमार विकल्प सामाजिक यथार्थवादी कथाकार हुन् भन्ने टिप्पणी गरेका छन् ।

- षडानन्द पौडेलले **बैंसका रहरहरू** कथासङ्ग्रहको भूमिकामा 'बैंसका रहरहरूलाई विहङ्गावलोकन गर्दा' शीर्षक दिई कथाकार विकल्ले रतिरागका गौँडा गल्छेडाहरू समाउँदै यौनकथा लेखनकै रेखामा टेकेर पुराना मक्किएका आधारस्तम्भहरूलाई ढालेर प्रणयसूत्रमा नयाँ नौला प्रयोगको खोजी गर्नेकार्य भएको छ भन्ने उल्लेख गरेका छन् ।

- कृष्णराज पौडेलले **इन्द्रकुमार विकल्पको बैंसका रहरहरू कथासङ्ग्रहको अध्ययन** शीर्षक दिई **मोदीकाली साप्ताहिक** (वर्ष ८, अङ्क २)मा 'वैंसका रहरहरू' कथासङ्ग्रहमा सङ्ग्रहित गरिएका सबै कथाहरूमा प्रणयलाई विभिन्न रूप र शैलीमा कलात्मक प्रयोगका साथ उतार्नेकाम भएको छ भन्ने टिप्पणी गरेका छन् ।

- अर्जुन पौडेल 'निर्जन' ले **अग्रगमन** स्मारिका (वर्ष १, अङ्क १) मा 'लालीगुराँस फुल्ने मनहरू सजाउने विकल्प' शीर्षक दिई विकल्पले आफ्ना

गजलहरूमा गरिबहरूका हृदय ओकलेका छन् र यथार्थ अभिव्यक्ति दिएका छन् भनेका छन् ।

उपर्युक्त पूर्वकार्यहरू इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित रहेका छन् । तर यी अपूर्ण र अधुरा रहेका छन् । यिनै विविध अभावहरूको परिपूर्ति गर्नेउद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

इन्द्रकुमार 'विकल्प' साहित्यसृजना र अनुसन्धानका क्षेत्रमा कलम चलाउँदै आएका व्यक्ति हुन् । उनको साहित्य सृजना र शोधखोजका क्षेत्रमा आफ्नै मूल्य र महत्त्व रहेको छ । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा व्यापक अध्ययन–अनुसन्धान हुनु उचित देखिन्छ । लामो समयसम्म सृजनाका क्षेत्रमा प्रवृत्त हुँदै आएका इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व के–कस्तो छ ? नेपाली साहित्यमा उनको योगदान के–कस्तो रहेको छ ? भन्ने विषयमा जानकारी राख्न चाहने जो कोही व्यक्ति वा सङ्घसंस्थाका निम्ति जान्न चाहेमा यस शोधपत्रको विशेष महत्त्व रहनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यो अध्ययन उनका प्रकाशित पुस्तकाकार कृतिहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित कृतिहरू खोजी गरी प्राप्त समीक्षात्मक टिप्पणीकै आधारमा उनको व्यक्तित्व र कृतित्वको पहिचान गरिएको छ । यही नै प्रस्तुत शोध–पत्रको सीमा रहेको छ । इन्द्रकुमार विकल्पको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूका अतिरिक्त उनका २०६३, चैत्रसम्म प्रकाशित सबै कृतिहरूको अध्ययन गर्नु नै यस शोधपत्रको क्षेत्र र सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा पुस्तकालयीय अध्ययनविधिका आधारमा विभिन्न सूचना, सामग्री र तथ्याङ्कहरू सङ्कलन गरिएको छ र यसका अतिरिक्त शोधनायकका

परिवार, सदस्यहरू, उनका निकट सम्पर्कमा रहेका विभिन्न व्यक्तिहरू र अन्य सम्बन्धित व्यक्तिहरूसँग मौखिक तथा लिखित अन्तवा'ता'का आधारमा विविध सूचनाहरू, जानकारीहरू सङ्कलन गरिएको छ । यसरी प्रस्तुत शोधकार्यका तयारीका क्रममा प्राप्त भएका सबै तथ्य र सूचनाहरूको आवश्यकताअनुसार वर्गीकरणर संयोजन गरिएको छ । विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वका विवेचनाका क्रममा आवश्यकता अनुसार जीवनीपरक, प्रभावपरक, समालोचना प्रणाली तथा कविता, कथा, उपन्यासको विवेचनाका सिलसिलामा सम्बद्ध विधासिद्धान्तलाई आधार बनाई सङ्कलित सूचना-सामग्रीको विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित ६ अध्यायमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| अध्याय १ | : | शोधपरिचय |
| अध्याय २ | : | इन्द्रकुमार विकल्पको जीवनीको अध्ययन |
| अध्याय ३ | : | इन्द्रकुमार विकल्पको व्यक्तित्वको अध्ययन |
| अध्याय ४ | : | इन्द्रकुमार विकल्पको प्रकाशित रचनाको विवरण र उनको साहित्ययात्रा |
| अध्याय ५ | : | इन्द्रकुमार विकल्पका साहित्यिक कृतिहरूको विवेचना |
| अध्याय ६ | : | उपसंहार तथा निष्कर्ष |
| | : | परिशिष्ट |

प्रस्तुत शोधपत्रमा उपर्युक्तछ अध्यायहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । शोधपत्रका अन्त्यमा सन्दभ'ग्रन्थसूची प्रस्तत गरिएको छ ।

अध्याय: २

# इन्द्रकुमार विकल्पको जीवनीको अध्ययन

## २.१ जन्म र नामकरण

इन्द्रकुमार 'विकल्प' को जन्म हालको धवलागिरि अञ्चलअन्तर्गत पर्वत जिल्लाको माझफाँट गा.वि.स. वडा नं. ३ बेनीबजारमा २०१८ साल असोज २ गते भएको हो ।[१] उनका बाबुको नाम गोपीमान जोशी र आमाको नाम नन्दकुमारी जोशी हो । उनको जन्मकुण्डलीको नाम भीमकुमार जोशी हो । तर नागरिकता र शैक्षिक प्रमाण–पत्रमा भने उनको नाम इन्द्रकुमार जोशी रहेको छ । नागरिकता र शैक्षिक प्रमाण–पत्र अनुसार उनको जन्ममिति २०१८ कार्तिक २ गते रहेको देखिन्छ ।[२]

## २.२ पारिवारिक पृष्ठभूमि

इन्द्रकुमार विकल्पका बाबु गोपीमान एक ग्रामीण मध्यमवर्गीय परिवारका व्यक्ति थिए । उनले दुई विवाह गरेका थिए । उनकी दोस्री श्रीमती नन्दकुमारीबाट एकमात्र सन्तानका रूपमा इन्द्रकुमार विकल्पको जन्म भएको थियो ।[३] विकल्पका बाबु गोपीमान जोशी कहिले कुस्मामा र कहिले बेनीबजारमा गएर आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्दथे तर २०३४/०३५ सालसम्म आइपुग्दा उनको आर्थिक अवस्था कमजोर बन्दै गएकाले आफ्नो अचल सम्पत्ति पनि बेच्नुपर्ने अवस्था आएको थियो ।[४] त्यसपछि विकल्प र उनका बाबुले छुट्टाछुट्टै व्यापार सञ्चालन गर्न थालेका थिए । विकल्पका

---

१ इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

२ ऐजन ।

३ नन्दकुमारी जोशीबाट प्राप्त जानकारी ।

४ इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

५ ऐजन ।

६ ऐजन ।

बाबुको देहावसान जीवनका उत्तराध'का क्रममा नै भएको हो भने उनकी आमा हालसम्म उनैसँग नै रहेकी छन् ।[५]

## २.३ बाल्यकाल

इन्द्रकुमार विकल्पको जन्म ग्रामीण मध्यम वर्गीयपरिवारमा भएको थियो । उनका हजुरबुबा, बाबु गोपीमान जोशीसमेत आफ्नो व्यापारव्यवसायको सिलसिलामा सपरिवार वारि बेनीबजार पर्वतमा बस्ने क्रममा त्यही विकल्पको जन्म भएको थियो। विकल्पको नौ वर्षसम्मको बाल्यकाल आफ्ना बाबुआमासँगै बेनीबजारमा बित्यो ।[६] त्यसपछि उनले २०२५ सालमा सर्वप्रथम बेनी प्राथमिक विद्यालयमा भर्ना भई आफ्नो औपचारिक अध्ययन आरम्भ गरेका थिए ।[७] २०२७ सालमा बेनीबजार छोडेर सपरिवार कुस्मामा बस्न थालेपछि विकल्पको बाँकी बाल्यकाल कुस्मामा नै बित्यो ।[८]

## २.४ शिक्षादीक्षा

### २.४.१ प्रारम्भिक शिक्षा

इन्द्रकुमार विकल्पले प्रारम्भिक शिक्षाको सुरुवात हाल पर्वत जिल्लाको माझफाँट गा.वि.स.मा पर्ने बेनी प्राथमिक विद्यालयबाट गरेका थिए ।[९] सात वर्षको उमेरमा २०२५ सालमा विद्यालयमा भर्ना भई कक्षा तीनसम्मको अध्ययन उनले त्यहीँबाट नै गरेका थिए । २०२७ सालमा उनको परिवार बेनीबजारबाट कुस्मामा आएर बसोबास गर्न थालेपछि उनी कुस्माको नारायण माध्यमिक विद्यालयमा भर्ना भएर आफ्नो अध्ययनलाई निरन्तरता दिन थाले । प्राथमिक तहको अध्ययनरमा उनी

---

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

सधैँ कक्षामा उत्कृष्ट हुने गर्दथे ।[10] यसबाट उनी सानैदेखि लगनशील र मेहनती रहेको स्पष्ट हुन्छ ।

## २.४.२ माध्यमिक शिक्षा

इन्द्रकुमार विकल्पले माध्यमिक तहको अध्ययन पनि नारायण मा.वि. कुस्माबाट नै गरेका थिए ।[11] उनको अध्ययनप्रति रूचि र लगनशीलता त छँदै थियो त्यसमाथि विद्यालय घरनजिकै हुनु, पारिवारिक वातावरण राम्रो हुनु र आर्थिक समस्या नहुनुका कारण पनि माध्यमिक तहको अध्ययन पूरा गर्न उनलाई कुनै किसिमको समस्या परेन । उनले नारायण मा.वि. कुस्माबाट २०३५ सालमा एस.एल.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[12]

## २.४.३. उच्च शिक्षा

इन्द्रकुमार विकल्पले माध्यमिक तहको अध्ययन समाप्त गरी उच्च शिक्षाको सुरुवात गर्नेक्रममा उनलाई घरायसी तथा आर्थिक समस्याले घेर्न थाले । घरमा बुबाआमा मात्र हुनु, अध्ययन संस्था टाढा हुनु आदि जस्ता कारणले आफ्नो अध्ययनलाई बढाउन उनलाई कठिन भयो । घरको आर्थिक स्थितिले हातमुख जोन' पनि कठिन हुन थालेपछि घरको अचल सम्पत्ति बेच्नुपर्ने स्थिति आयो । त्यसैबेलादेखि उनी घरव्यवहार र व्यापारव्यवसायतिर लाग्नुपऱ्यो । यसै गरी उनी २०३६ सालदेखि शिक्षण पेसालाई अँगाल्नुपरेका कारण पनि उनले अध्ययनलाई निरन्तरता दिन सकेनन् । यसै पृष्ठभूमिमा उनले परीक्षार्थीका रूपमा  २०३७/३८मा प्राइभेट आई.ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । [13]

---

[10] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

[11] ऐजन ।

[12] ऐजन ।

[13] ऐजन ।

## २.५ शिक्षण पेसामा प्रवेश

इन्द्रकुमार विकल्पले एस.एल.सी. पास गर्दा नगर्दै उनको घरको आर्थिक अवस्था कमजोर भएकाले उनले एस.एल.सी. पास गर्नेबित्तिकै जागिर खानुपर्ने सोचाइ बनाइसकेका थिए । त्यसैबेला आफूले अध्ययन गरेको विद्यालयमा माध्यमिक तहको व्यवसायिक विषय गृहविज्ञान पढाउने शिक्षिका विवाह गरी तीन महिनाका लागि बिदामा बसेको हुनाले उक्त विषय पढाउनका लागि दैनिक ५/३० पारिश्रमिक पाउने गरी अध्यापन कार्य सुरु गरेका थिए ।[१४] त्यसपछि २०३६ सालमा जिल्ला शिक्षाा काया'लय पर्वत, कुस्माबाट अस्थायी शिक्षकको नियुक्ति लिई उनी जागिरे जीवनमा प्रवेश गरेका थिए । २०४१ सालमा शिक्षा आयोगमा उत्तीर्ण भएपछि प्रा.वि. तहका स्थायी शिक्षकका रूपमा रही उनले उपर्युक्तविद्यालयमै हालसम्म अध्यापन कार्य गर्दै आइरहेका छन् ।[१५]

## २.६ वैवाहिक तथा पारिवारिक जीवन

इन्द्रकुमार विकल्प शिक्षण पेसामा संलग्न भइसकेपछि २३ वर्षको उमेरमा २०४० साल माघ ८ गते उनले पर्वत जिल्लाको कुस्मा निवासी पिता लोकबहादुर श्रेष्ठ र माता पुतलीदेवी श्रेष्ठकी छोरी लक्ष्मीकुमारी श्रेष्ठसँग हिन्दू परम्पराअनुसार विवाह गरे । उनका एक छोरा र चार छोरी रहेका छन् । उनको पहिलो सन्तानका रूपमा २०४१ माघ १ गते शिशिरकुमार जोशीको जन्म भएको थियो । दोस्रो सन्तानका रूपमा २०४३ सालमा सन्ध्याकुमारी जोशी, तेस्रो सन्तानको रूपमा २०४७ सालमा शुभकामना जोशीको जन्म भएको थियो । २०५० सालमा उनका जुम्ल्याहा छोरी निशा जोशी र मनिषा जोशीको जन्म भएको थियो ।[१६]

---

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] लक्ष्मीकुमारी जोशीबाट प्राप्त मौखिक जानकारी ।

२०४० सालमा वैवाहिक जीवनमा बाँधिएका विकल्पको पारिवारिक जीवन सुखमय नै देखिन्छ । किशोरावस्थादेखि नै साहित्यसाधनातर्फ रुचि राख्ने विकल्प शिक्षण सेवामा प्रवेश गरेपछि आफ्नो पुर्ख्यौली पेसा र जागिरे जीवनलाई निरन्तरता दिई साहित्यक्षेत्रमा समर्पितहुनका लागि उपयुक्त वातावरण तयार पारी सहयोग गर्नेप्रमुख भूमिका श्रीमती लक्ष्मीकुमारी जोशीले खेलेकी छन् । लक्ष्मीकुमारी जोशीले साहित्यतर्फ रुचि राखी विभिन्न संघ–संस्थामा क्रियाशील रहने र बाँकी समय पारिवारिक वातावरणमा दिने गरेकी छन् । आफ्ना पति र छोराछोरीप्रति उत्तरदायी बन्दै कुशल गृहिणीका रूपमा पनि श्रीमती जोशी परिचित छन् । यसै गरी इन्द्रकुमार विकल्पले शिक्षण पेसाका साथै विभिन्न साहित्यिक सङ्घसंस्थामा क्रियाशील रही बाँकी समय आफ्नो परिवार, घरधन्दामा लगाउने गरेका छन् । उनले आफ्नी पत्नी तथा छोराछोरीबाट आफूप्रति कुनै पनि गुनासो आउने काम नगरी एक असल पति र अभिभावकको भूमिका खेल्दै आएका छन् ।[१७] विकल्प र श्रीमती जोशीले एकअर्काको भावनालाई बुझी आपसी सरसल्लाहबाट मात्र गृहस्थी चलाउने भएकाले उनीहरूको दाम्पत्य जीवन तथा पारिवारिक जीवन राम्रो तथा सुख सन्तोषपूर्ण नै रहन गएको देखिन्छ ।

## २.७ आर्थिक अवस्था र बसोबास

ग्रामीण मध्यमवर्गीयपरिवारमा जन्मेका इन्द्रकुमार विकल्पले युवावस्थामा विभिन्न आर्थिक तथा पारिवारिक समस्या भोग्नुपऱ्यो । उनले आर्थिक तथा पारिवारिक समस्याका कारण आफ्नो घरव्यवहार चलाउनका निमित्त शिक्षण पेसाका अतिरिक्त व्यापार–व्यवसायलाई पनि अगाडि बढाए । शिक्षण पेसा र व्यापार–व्यवसायबाट घरको आर्थिक अवस्था क्रमशः सुदृढ हुँदै गएपछि उनले हाल पर्वत जिल्लाको सदरमुकाम कुस्मामा स्थायी बसोबासको बन्दोबस्त गरेका छन् । उनले सदरमुकाममा आफ्नै दुई तले पक्की घर र त्यसैमा एउटा भाँडापसल पनि गरेका छन् । श्रीमती र

---

[१७] ऐजन ।

छोराछोरीकै सहयोगमा उनले कुस्माबजारमै अर्को भाँडा पसल पनि गरेका छन् ।[१८] यसरी दुईवटा भाँडापसल र आफ्नो जागिरले गर्दा विकल्पको हालको आर्थिक अवस्था र बसोबास राम्रै रहेको देखिन्छ ।

## २.८ व्यक्तिगत रुचि तथा स्वभाव

इन्द्रकुमार विकल्पको जीवनशैली साधारण देख्न सकिन्छ । साधारण जीवन जिउन चाहने विकल्पले विचार भने उच्च राख्दछन् । उनको जीवनको अभीष्ट असल काम गरी आफ्नो नाम राख्नु रहेको छ । विलासी र विशिष्ट किसिमको जीवनशैलीलाई अवलम्बन गर्न नचाहने विकल्पले आफ्नो जीवनमा कुनै महत्त्वाकाङ्क्षा राखेको देखिँदैन ।

साधारण किसिमको जीवनपद्धतिलाई मन पराउने विकल्पको लवाइखुवाइ पनि साधारण किसिमको नै छ । उनले घरको भान्सामा जे–जस्तो पाक्छ त्यसैलाई नै मन पराउने गर्दछन् । उनी सबै किसिमको खाना मन पराउँछन् । विकल्पले प्रायः तरकारीमा रायोको साग मन पराउँछन् । जाँड, रक्सी, सुती', चुरोटजस्ता अम्मलबाट उनी टाढै रहेको देखिन्छ । उनी साधारण किसिमका सर्टपाइन्ट र जुत्ता लगाउन रुचाउँछन् । उनको व्यक्तित्वका यिनै विशेषताहरूबाट उनलाई साधारण तर उच्च व्यक्तित्व भएका व्यक्तिका रूपमा लिन सकिन्छ ।

विकल्पले आफ्नो फुस'दको समयलाई साहित्यसृजनातर्फ लगाउँदै आएका छन् । फुर्सदको समय निकालेर पत्रपत्रिका पढ्ने, साथीभाइसँग साहित्यका बारेमा चर्चा गर्नेर मनोरञ्जनका लागि गीत-सङ्गीत सुन्ने तथा खेलकुद हेर्ने र भ्रमण गर्नेकुरामा पनि विकल्पको उत्तिकै रुचि रहिआएको छ । सृजनाका विभिन्न विधामा कविता उनको ज्यादै मनपर्ने विधा हो ।

प्रायः शान्त स्वभावका विकल्पले धेरै तडकभडक गरेको मन पराउँदैनन् भने झूटो बोल्ने र घमण्ड गर्ने व्यक्तिलाई पनि मन पराउँदैनन् । उनले गरिब र

---

[१८] ऐजन

दीनदुःखीप्रति सहानुभूति प्रकट गर्दछन् भने आफ्ना अग्रजहरूलाई सम्मान र नवप्रतिभालाई माया तथा प्रेरणा प्रदान गर्दछन् ।[१९]

## २.९ लेखनक्षेत्रमा लाग्ने प्रेरणा

साहित्यकार इन्द्रकुमार विकल्प विद्यालयमा अध्ययनरत हुँदादेखि नै अतिरिक्त क्रियाकलापमा सक्रिय रूपमा सहभागी बन्थे । विद्यालयका अतिरिक्त क्रियाकलाप, साहित्यिक कार्यक्रम र गोष्ठीले उनलाई साहित्यसृजनातर्फ अभिप्रेरित गरेको पाइन्छ । साधनाका क्षेत्रमा विकल्पलाई कुनै व्यक्तिविशेषले अभिप्रेरित नगरे पनि अग्रज साहित्यकार र तिनका कृतिहरूको अध्ययनबाट नै साहित्यसृजना गर्नेतर्फ प्रेरणा मिलेको पाइन्छ । विकल्पले साहित्य सृजना गर्दा आफ्नै जीवनका घटना तथा वरपरका घटना एवं परिवेशलाई अभिव्यक्ति दिने गरेका छन् । उनले साहित्यलाई अनुभूतिको प्रवाहका रूपमा पनि परिभाषित गरेको देखिन्छ ।[२०]

## २.१० साहित्यिक क्षेत्रमा प्रवेश र सृजनात्मक सक्रियता

इन्द्रकुमार विकल्पले किशोरावस्थादेखि नै साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका छन् । उनी कविता लेखनबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका छन् । तर उनको प्रथम प्रकाशित लेखन भने 'पुरस्कार' शीर्षकको कथा हो । यो कथा नारायण मा.वि. कुस्माबाट प्रकाशित 'शिक्षा कुसुम' पत्रिकामा प्रकाशन भएको थियो ।[२१] 'पुरस्कार' कथाबाट आफ्नो रचना प्रकाशनतर्फ लागेका विकल्पको प्रथम प्रकाशित पुस्तकाकार कृति 'सम्झनाका डोबहरू' (२०४४) कवितासङ्ग्रह हो । त्यसपछि उनका क्रमशः 'मनका खुसीहरू' कवितासङ्ग्रह (२०५२), 'द्युई आत्माको मिलन' उपन्यास (२०५६), 'भुल्काहरू' मुक्तकसङ्ग्रह (२०५८), 'सर्वदलीय घर' लघुकथासङ्ग्रह (२०६०), 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रह (२०६२), 'बैंसका रहरहरू' कथासङ्ग्रह (२०६३)

---

[१९] सरुभक्तबाट प्राप्त मौखिक जानकारी ।

[२०] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

[२१] ऐजन ।

प्रकाशित भएका छन् । २०५४ सालमा 'पर्वत साहित्य संगम' नामक साहित्यिक संस्थाको स्थापना कालदेखि नै संस्थागत रूपमा पर्वतको साहित्यिक समुत्थानमा सेवामा जुटेका विकल्पका लेख रचनाहरू निरन्तर रूपमा विभिन्न पत्र–पत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । यसरी विकल्पले आफूलाई साहित्यसृजनामा सक्रिय तुल्याई हालसम्म पनि आफ्नो सृजनकार्यलाई कार्यलाई निरन्तरता दिँदैआएका छन् ।

## २.११ विविध सङ्घ–संस्थामा सहभागिता

इन्द्रकुमार विकल्प खास गरी साहित्यिक तथा विभिन्न सङघ-संस्थाहरूमा संलग्न रहेको पाइन्छ । सर्वप्रथम उनी 'पर्वत साहित्य सङ्गम' कुस्मामा प्रवेश गरेको कुरा उल्लेख्य रहेको छ । यद्यपि यसभन्दा पहिले नै उनले 'पर्वत युवा क्लब' को सदस्यका रूपमा काम गरिसकेका थिए ।[२२] स्थानीय स्तरमा साहित्यिक रचना प्रकाशित गर्नेकुनै पनि माध्यम नभएकाले विकल्पका प्रारम्भिक रचनाहरू प्रकाशित हुन सकेनन् । नयाँ नयाँ प्रतिभाहरूका रचनाहरू त्यसै थन्किएर जाने परिस्थितिको अनुभव गरेर तिनलाई प्रकाशमा ल्याउनका निमित्त उनले 'पर्वत साहित्य संगम' को स्थापनातर्फ महत्त्वपूर्ण प्रयास गरे । २०५४ सालमा उक्त संस्थाको स्थापना भएपछि विकल्प त्यसका संस्थापक अध्यक्ष भएर काम गर्दै आइरहेका छन् । उक्त संस्थाले नवप्रतिभाहरूका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ भने संस्थाको सफलताबाट इन्द्रकुमार विकल्प साहित्यिक क्षेत्रमा बढी उत्प्रेरित पनि बनेका छन् ।[२३]

### २.११.१ संलग्न साहित्यिक सङ्घ–संस्थाहरू

इन्द्रकुमार विकल्प निम्न साहित्यिक सङ्घ-संस्थामा संलग्न रहेका छन्ः

- धौलागिरि साहित्य प्रतिष्ठान, बागलुङ – सदस्य (२०४५/०४६)
- करुणा साहित्य समाज, बागलुङ – आजीवन सदस्य (२०५५)

---

[२२] ऐजन ।

[२३] ऐजन ।

- पर्वत साहित्य सङ्गम, पर्वत – संस्थापक अध्यक्ष (२०५४)
- संरक्षण कविता आन्दोलन, नेपाल – सदस्य (२०५५)
- मोती पुस्तकालय, फलेवास, पर्वत – आजीवन सदस्य (२०५५)
- पुष्पाञ्जलि - चितवन, आजीवन सदस्य (२०६०/०६१)
- हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर चितवन - पश्चिमाञ्चल सल्लाहकार (२०६०)
- 'जनमत' मासिक काभ्रे – संरक्षक (२०६१)
- धवलागिरि वाङ्मय समाज – उपाध्यक्ष (२०६२)
- नेपाल राष्ट्रिय गजल परिषद् – केन्द्रीय सदस्य (२०६२)
- 'कालीको सुसेली', सम्पादन (२०५४देखि हालसम्मका अङ्क)
- 'धवलागिरि स्पन्दन', सम्पादन (२०५९: धवलागिरिको पहिलो गजलसङ्ग्रह)
- 'साहित्यपथका यात्रीहरू', सम्पादन (२०६३)
- 'बाल सुसेली', प्रधानसम्पादक (२०५८ देखि हालसम्मका अङ्क)
- 'चौतारी' मासिक, संरक्षक (२०६० देखि)
- 'मोदी-काली' साप्ताहिकका सल्लाहकार (२०५८ देखि)
- ऋतुरङ्ग, पर्वत गुञ्जन, आदि साहित्यिक पत्रपत्रिकाहरूका सल्लाहकार

### २.११.२ संलग्न सामाजिक सङ्घ–संस्थाहरू

- श्री नारायण उच्च मा.वि. कुस्मा, पर्वतमा अध्यापनरत (२०३६ देखि हालसम्म)
- नेपाल रेडक्रस सोसाइटी, पर्वत - सदस्य (२०४८)
- नेपाल बालसङ्गठन, पर्वत - सदस्य (२०४८)

- गुप्तेश्वर धार्मिकतथा पर्यटकीय संस्था, पर्वत - आजीवन सदस्य (२०५५)
- लायन्स क्लब अफ शिवालय कुस्मा, पर्वत, संस्थापक निर्देशक (२०६०)
- सामाजिक परिवत'न तथा कल्याण प्रतिष्ठान, नेपाल - संस्थापक सदस्य (२०६०)
- पर्वत उद्योग-वाणिज्य सङ्घ, पर्वत–आजीवन सदस्य/सल्लाहकार (२०६०)[२४]

आदि ।

## २.१२ सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा राजधानीबाहिर मोफसलमा रही कलम चलाउने इन्द्रकुमार विकल्पले मुख्य रूपमा आफ्नो सन्तुष्टिका लागि कलम चलाउने गर्दछन् । उनी नेपाली साहित्यसम्बन्धी राष्ट्रियस्तरका प्रतियोगितात्मक कार्यक्रममा कमै सहभागी भएको पाइन्छ । तसर्थ उनले त्यति धेरै सम्मान र पुरस्कारहरू पाएका छैनन् । विकल्पले हालसम्म प्राप्त गरेका पुरस्कार र सम्मान निम्नअनुसार रहेका छन्:

- धौलागिरि साहित्य प्रतिष्ठान, बागलुङबाट २०४५ सालमा 'हीनताबोध' कविताका लागि सर्वोत्कृष्ट पुरस्कार ।
- पर्वत जेसिजबाट २०५४ सालमा 'पर्वत जिल्लाका उत्कृष्ट युवा' सम्मान ।
- हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवनबाट 'अभिनन्दन स्रष्टा सम्मान' २०६२ ।
- युनिभर्सल पिस फेडरेसनबाट 'शान्ति दूत काठमाडौं', नेपालबाट सम्मान, २०६३ ।
- धादिङ साहित्य समाजबाट – सम्मान, २०६४ ।[२५]

---

[२४] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

[२५] ऐजन ।

## २.१३ 'विकल्प' उपनाम र यसको चयन

साहित्यिक क्षेत्रमा प्रवेश गर्नेव्यक्तिहरूले प्रायः आफ्नो उपनाम राख्ने कुरामा रुचि लिएको पाइन्छ । यसै क्रममा इन्द्रकुमार जोशीले पनि आफ्नो नामको पछाडि 'विकल्प' उपनामको छनोट गरेका छन् । उनको यो उपनाम कुनै व्यक्तिले राखेको नभई स्वयंले नै छनोट गरेका हुन् । यसरी उपनाम थप्ने कार्यमा उनी आफ्ना अग्रज साहित्यकारहरूबाट प्रभावित रहेको पाइन्छ ।

इन्द्रकुमारको उपनाम 'विकल्प' संस्कृत स्रोतको तत्सम शब्द हो । यसको अथ'तर्फ दृष्टि दिँदा एकातिर पहिले कुनै कुरा सोचेर फेरि त्यसका विपरीत अकै' कुरा सोच्ने काम वा पूर्व विचारलाई त्यागेर लिइएको नयाँ विचार भन्ने देखिन्छ भने अका'तिर दुई वा बढी विषयमध्ये कुनै एक विषय छान्ने काम भन्ने स्पष्ट हुन्छ । दाश'निकस्तरमा अथ'हरू अन्योल, भ्रान्ति, भ्रम तथा योगशास्त्रअनुसार मनमा सन्देह पैदा हुने चित्तवृत्ति अर्थात् परस्पर विरोधी कुनै दुई विषयलाई लिएर यो अथवा त्यो भन्ने पनि रहेको देखिन्छ ।[२६]

इन्द्रकुमार विकल्पले दुई वा दुई भन्दा बढी विषयमध्ये कुनै एक विषय छान्नु नै विकल्प हो भन्ने आफ्नो अथ'मा 'विकल्प' उपनामको छनोट गरेका हुन् ।[२७]

## २.१४ भ्रमण

इन्द्रकुमार विकल्प भ्रमणमा रुचि राख्ने व्यक्ति हुन् । उनले नेपालका विभिन्न प्रमुख सहरहरू तथा प्रसिद्ध स्थलहरूको भ्रमण गरेका छन् । उनले छिमेकी देश भारतका नयाँ दिल्ली, गोरखपुर, राजस्थानजस्ता सहरहरूको भ्रमण पनि गरेका छन् नयाँ - नयाँ ठाउँको भ्रमण गर्दा साहित्य सृजनाका लागि उपयुक्त वातावरण बन्ने, नयाँ–नयाँ विषयवस्तु प्राप्त हुने कुरामा उनले विश्वास राख्दछन् । आफूलाई फुर्सद मिले नयाँ ठाउँ घुम्नका लागि उनी सधैं तत्पर रहने गर्दछन् । यसरी उनले

---

[२६] सम्पादक मण्डल, **नेपाली बृहत् शब्दकोश**, छैटौं संस्क.(काठमाडौंः ने. रा. प्र. प्र., २०६०) पृ. ११४४ ।

[२७] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

साहित्यसृजनाको मूल स्रोत भ्रमणका क्रममा देखिने ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्रसिद्ध स्थलहरू पनि हुन् भन्ने कुरा स्वीकार गरेको पनि पाइन्छ ।[२८] उनले संरक्षण कविता आन्दोलनका क्रममा विभिन्न ग्रामीण क्षेत्रमा गई कविता रचना गर्नेगरेको पनि पाइन्छ ।

## २.१५ अविस्मरणीय क्षण

मानिसका जीवनमा धेरै किसिमका घटनाहरू घट्ने गर्दछन् । जीवनमा घटेका त्यस्ता घटना जो जीवनका हरेक क्षणमा स्मरण भइरहन्छन् । इन्द्रकुमार विकल्पको जीवनमा पनि यस्ता प्रशस्त घटनाहरू घटेका छन् जुन घटनाले उनको जीवनमा विभिन्न उतारचढावहरू ल्याएका छन् । तीमध्ये कुनै घटना विकल्पकको भविष्यका लागि मार्गदर्शनबनेका छन् भने कुनै घटना प्रगतिका अवरोधक तत्त्वका रूपमा रहन पुगेका छन् ।

विकल्पको जीवनमा घटेको एउटा अविस्मरणीय घटनालाई हेदा' उनी पढाइ छाडेर घरमै बस्न बाध्य भएको घटना उल्लेखनीय रूपमा रहेको छ । विकल्पले २०३५ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि महेन्द्र बहुमुखी क्याम्पस बागलुङमा उच्च शिक्षा हासिल गर्ने उद्देश्यले प्रवीणता प्रमाण–पत्र तहमा भर्ना भए । उनले प्रमाण-पत्र तहको प्रथम वर्षको अध्ययन पूरा गरेपछि घरमा बुबा र आमामात्र भएकाले घरायसी समस्या बढ्दै गयो । उनले आफ्नो अध्ययनलाई बीचमै छाडेर घरमा बस्नुपर्ने बाध्यता भयो । यो क्षण विकल्पका लागि अविस्मरणीय बन्न पुगेको छ । यसरी औपचारिक रूपमा उच्च शिक्षा हासिल गर्नेधोको बीचमै टुङ्गिनु उनको जीवनमा एउटा अविस्मरणीय क्षण बन्न पुगको छ ।

## २.१६ जीवनदर्शन

संसारमा हरेक मानिसका आ-आफ्ना जीवनदृष्टि रहेका हुन्छन् । आफूले जिउने जीवनमा जे–जस्ता अनुभव सँगालिएका हुन्छन् र जीवनलाई यस्तै बनाउने भन्ने परिकल्पना गरिएको हुन्छ, सोही अनुसारको मार्गदर्शनलाई नै जीवनदर्शन भनिन्छ ।

---

[२८] ऐजन ।

इन्द्रकुमार विकल्पले जीवनलाई एक अलौकिक उपहारका रूपमा लिएका छन् । जीवन जिउने प्रत्येक व्यक्तिका आ-आफ्नै तरिका हुन्छन् । कसैको जीवनमा सुखैसुख छाएको हुन्छ भने कसैको जीवनमा दुःख भरिएको हुन्छ । कसैले सुख र दुःखलाई सँगसँगै लिएर हिँडेका हुन्छन् । यसरी जीवनमा सुख-दुःख एकपछि अर्को गरी क्रमशः आइरहन्छन् । इन्द्रकुमार विकल्प सुखमा नमात्तिने र दुःखमा नआत्तिने खालका व्यक्ति हुन् । उनले सुख प्राप्त गरियो भन्दैमा बढी उत्तेजित भई नराम्रो व्यवहार कसैलाई गर्नुहुँदैन र दुःख पाइयो भन्दैमा निराश भएर जीवनलाई गलाउनु पनि हुँदैन भन्ने मान्यता राख्दछन् । मानिस सामाजिक प्राणी हो । समाजमा बाँच्नका लागि मानिसले जस्तासुकै कठिनाइहरू पनि खेप्नुपर्दछ र सङ्घर्ष पनि गर्नुपर्दछ भन्ने धारणा उनी राख्दछन् । मानिस आफ्ना लागि मात्र बाँचेर हुँदैन र अरूका लागि पनि केही भलो हुने काम गर्न सक्नुपपर्छ भन्ने विचार उनको रहेको छ । जीवनका हरेक क्षणहरूमा आफ्नो आत्मिक प्रभाव मात्र नपरी सामाजिक परिवेशको प्रभाव पनि उत्तिकै पर्दछ भन्ने दृष्टिकोण उनले राख्दछन् ।

विभिन्न धर्मसंस्कृति, कला, साहित्य, भाषा, ज्ञान–विज्ञान आदिले मानिसको जीवनलाई पूर्णता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन् । यिनीहरूकै सामीप्यमा जीवनलाई डोऱ्याउनुपपर्छ भन्ने विकल्पको जीवनदर्शन रहेको छ ।[२९]

---

[२९] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

## अध्यायः ३

# इन्द्रकुमार विकल्पको व्यक्तित्वको अध्ययन

## ३.१ व्यक्तित्व पहिचान

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्ति–विशेषको निजीपनलाई व्यक्तित्व भनिन्छ । अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित गुणसँग नै व्यक्तित्वको पहिचान गर्न सकिन्छ । हरेक व्यक्तिका आ-आफ्नै प्रकृतिका व्यक्तित्व रहने गर्दछन् जसलाई विविध आधारमा छुट्ट्याएर हेर्न सकिन्छ । कुनै व्यक्तिको व्यक्तित्व पहिचान गर्दा उसको शारीरिक बनावट तथा उसको बाह्य स्वरूपलाई हेरेर तथा उसका क्रियाकलाप, बौद्धिक क्षमता आदिका आधारमा पनि शारीरिक व्यक्तित्वको निर्धारण गरिन्छ । यसैगरी व्यक्तिको धर्मप्रतिको आस्था र विश्वासका आधारमा उसको धार्मिकव्यक्तित्वको पहिचान गर्न सकिन्छ । त्यस्तै व्यक्तिले समाजमा गरेका क्रियाकलापका आधारमा उसको सामाजिक व्यक्तित्वको निर्धारण गर्न सकिन्छ । व्यक्तिले गरेको अध्ययन, सङ्घर्ष आदिका आधारमा पनि उसको व्यक्तित्वको पहिचान गर्न सकिन्छ । यिनै विविध कुराहरूलाई ध्यानमा राखी साहित्यकार इन्द्रकुमार विकल्पको व्यक्तित्व निर्धारण गर्न सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

बाहिरबाट हेर्दा हृष्टपुष्ट, चौडा शरीर देखिने इन्द्रकुमार विकल्पको सर्लक्क माथितिर फर्काएर कोरिएको कपाल, ओठमाथि छोटो जुँगा, गहुँगोरो वर्ण र हँसिलो अनुहार रहेको छ । पाँचफुट छ इन्च उचाइ र करिव पचहत्तर के.जी. तौलको शरीर रहेको विकल्पको जिउडाल हट्टाकट्टा नै देखिन्छ । नरम बोलीले जुनसुकैलाई पनि प्रभावित पारिहाल्ने विकल्पको आकर्षक व्यक्तित्व रहेको छ । साधारण किसिमको वेषभूषा मनपराउने  विकल्पले प्रायः सर्ट र पाइन्ट लगाउँछन् । युवावस्था पार गरी प्रौढावस्थामा प्रवेश गरेका विकल्प गम्भीर प्रकृतिका देखिन्छन् । विकल्पको नम्र बोली,

विनयशील भाव, र जिज्ञासु स्वभाव रहेको छ । जोस र जाँगर लिएर सधैँ अगाडि बढ्न खोज्ने विकल्पको शारीरिक व्यक्तित्व आकष'क किसिमको रहेको छ ।

सृजनात्मक क्षेत्रमा सधैं क्रियाशील रहने विकल्पको आन्तरिक व्यक्तित्वलाई हेदा' सङ्घर्षशील एवं जाँगरिलो प्रकृतिको देखिन्छ । जीवनमा जस्तोसुकै दुःख आइपरे तापनि धैय'का साथ सामना गर्नेप्रवृत्ति उनमा रहेको छ । छलकपट, धूर्त्याइँ धोखाजस्ता कुराहरूलाई विकल्पले मन पराउँदैनन् । कसैसँग बोल्दा नरम पाराले बोल्ने, झट्ट नरिसाउने, विनयशील स्वभाव भएका विकल्पको आन्तरिक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । समग्रमा विकल्पको शारीरिक व्यक्तित्व आकर्षक रहेको छ ।

## ३.३ सामाजिक व्यक्तित्व

सामाजिक कार्यका लागि सधैँ अग्रसर रहने इन्द्रकुमार विकल्प सामाजिक भावनाले ओतप्रोत भएका व्यक्तित्व हुन् । मानिस जन्मेपछि समाजबाट उसले धेरै कुरा सिकेको हुन्छ र समाजका निम्ति केही कुरा गर्न पनि तत्पर रहन्छ । इन्द्रकुमार विकल्पले समाजमा केही गतिला कार्यहरू गर्नुपर्दछ भन्ने धारणा राख्दछन् । उनी व्यक्तिगत र संस्थागत रूपमा सामाजिक कार्यमा जुट्दै आएका पनि छन् ।[३०]

इन्द्रकुमार विकल्प नारायण उच्च मा.वि. कुस्मामा २०३६ सालदेखि अध्यापनरत रहेका छन् । त्यसैगरी 'नेपाल रेडक्रस सोसाइटी' पर्वत (२०४८) मा सदस्य, 'नेपाल बाल सङ्गठन,' कुस्मा पर्वत (२०५५) मा आजीवन सदस्य, 'लायन्स क्लब अफ शिवालय,' कुस्मा पर्वत (२०६०) मा संस्थापक निर्देशक, सामाजिक परिवर्तन तथा कल्याण प्रतिष्ठान, नेपाल (२०६०) मा संस्थापक सदस्य, 'पर्वत उद्योग वाणिज्य सङ्घ' पर्वत (२०६०) मा आजीवन सदस्य तथा सल्लाहकार भई काम गर्दै आएका छन् । यिनै विविध सामाजिक सङ्घसंस्थामा संलग्न भएर विकल्पले आफ्नो सामाजिक व्यक्तित्वको विकास गर्दै गएका छन् ।

---

[३०] रामचन्द्र जोशीबाट प्राप्त मौखिक जानकारी ।

विकल्पले आफ्नो साहित्यिक रचनाका माध्यमबाट समाजमा व्याप्त अन्धविश्वास, असमानता, भेदभाव, स्वार्थ, हिंसाजस्ता विकृति–विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । विकल्प एक सचेत नागरिकका हिसाबले समाजमा जागरण र सामाजिक परिवर्तन ल्याउने कुरामा हरसमय चिन्तनशील रहिआएका छन् ।[३१] समाजका सबै तह–तप्काका व्यक्तिसँग सम्पर्क र सम्बन्ध राख्ने विकल्प समाजका हरेक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भई तिनकै अनुभवका आधारमा साहित्यको सृजना गर्नेगर्दछन् । यसबाट विकल्पको सामाजिक व्यक्तित्व महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ३.४ धार्मिक व्यक्तित्व

हिन्दू धर्मपरम्परामा हुर्के–बढेका इन्द्रकुमार विकल्पले अरूको उपकार गर्नुलाई धर्मको मूल मर्म मान्दछन् । उनी समाज सेवा गर्नु धर्मको मूल आधारभूमि हो भन्ने ठान्दछन् । विकल्प धार्मिकतीथ‘स्थलहरू घुम्न र दर्शनगर्न खुब मन पराउँछन् । तर उनले फूल, प्रसाद र पैसा चढाएर देवता खुसी हुने कुरामा विश्वास गर्दैनन् ।[३२] समाजमा चल्दै आएका धामि‘क–सांस्कृतिक परम्परालाई लोप हुन नदिने, धार्मिकरूढिवादी प्रवृत्तिलाई नमान्ने र समाजमा चलेका अन्धविश्वासलाई हटाउने पक्षमा विकल्प रहेका छन् । विकल्प गुप्तेश्वर धार्मिकसंस्था तथा पर्यटकीय संस्थाजस्ता विभिन्न संङ्घसंस्थामा आबद्ध भई काम पनि गरेका हुनाले उनको धार्मिकव्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । हिन्दू धर्म मान्ने विकल्प विभिन्न धार्मिककार्यक्रममा सहभागी हुने हुने गर्दछन् ।[३३]

## ३.५ पेसागत व्यक्तित्व

जीवनयापनका निम्ति अँगालिएको मुख्य काम वा जीविकाका निम्ति गरिने काम, उद्योग-धन्दा अथवा व्यापार–व्यवसायलाई पेसा भनिन्छ । कुनै पनि व्यक्तिको पेसाप्रतिको उत्तरदायित्व एवं जिम्मेवारीबाट पेसागत व्यक्तित्व निर्माण हुन्छ

---

[३१] घनश्याम न्यौपाने 'परिश्रमी'बाट प्राप्त मौखिक जानकारी ।

[३२] लक्ष्मीकुमारी जोशीबाट प्राप्त मौखिक जानकारी ।

[३३] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

इन्द्रकुमार विकल्प पेसाका दृष्टिले शिक्षक र व्यापारीका रूपमा चिनिन्छन् । एस.एल.सी.को परीक्षा दिए लगत्तै शिक्षण पेसामा लागेका विकल्प हालसम्म पनि पर्वत कुस्माको नारायण उच्च मा.वि.मा अध्यापनरत छन् । शैक्षिक गतिविधिका क्रममा विद्यालयमा हुने कार्यक्रमहरूका साथै शिक्षक साथीहरूको बौद्धिक जमात र कलिला बालबालिकाहरूसँगको अन्तत्रि५याबाट धेरै कुरा सिक्न पाइने भएकाले आफ्नो शिक्षण पेसालाई इमानदारीपूर्वक विकल्पले अगाडि बढाएका छन् ।[३४] शिक्षण कार्यमा निरन्तर रूपमा लागेका विकल्पलाई सेवा गरेबापत विद्यालय तथा जिल्ला शिक्षा कार्यालयपर्वतले 'शिक्षा पुरस्कार' पनि प्रदान गरेको छ । परिवारको सहयोगबाट सञ्चालित व्यापारबाट पनि राम्रोसँग नै स्थापित भएकाले उनको पेसागत व्यक्तित्व पनि महत्त्वपूर्ण नै रहेको छ ।

## ३.६ संस्थापक व्यक्तित्व

कुनै धर्म, समाज, राजनीति आदिको प्रचारप्रसार वा लोकहितका उद्देश्यले गठन गरिने सार्वजनिक सङ्गठन वा सङ्घलाई संस्था भनिन्छ भने कुनै पनि संस्था, देवालय, विद्यालय, औषधालय, पुस्तकालय एवं सार्वजनिक महत्त्वका विषय र नयाँ काम, मत, सम्प्रदाय आदिको  उठान गर्नेवा  प्रवर्तन गर्नेव्यक्ति/प्रवत'कलाई संस्थापक सदस्य भनिन्छ ।[३५]

इन्द्रकुमार विकल्प मोफसलमा बसेर सहित्य सृजना गर्नेव्यक्ति हुन् । साहित्यिक रचनाहरूको प्रकाशनको असुविधालाई ध्यानमा राखेर उनले 'पर्वत साहित्य संगम' नामक संस्थाको स्थापना गर्न पुगे । २०५४ सालदेखि उक्त संस्थाका संस्थापक अध्यक्ष रही विकल्पले सो सङ्गमलाई रचना प्रकाशनको माध्यमको रूपमा विकास गर्दै लगेका छन् । विकल्पले 'पर्वत साहित्य संगम' को संस्थापक अध्यक्षका रूपमा २०५४ सालदेखि काम गर्दै आएका छन् । उनी 'लायन्स क्लब अफ शिवालय' कुस्मा, पर्वतका संस्थापक सदस्य भई २०६० देखि काम गर्दै आएका छन् । त्यसै गरी 'सामाजिक

---

३४ ऐजन

३५ सम्पादक मण्डल, **नेपाली बृहत् शब्दकोश**, छैटौं संस्क.(काठमाडौंः ने. रा. प्र. प्र., २०६०) पृ. १२०९ ।

परिवर्तन तथा कल्याण प्रतिष्ठान', नेपालका संस्थापक सदस्य भई २०६० सालदेखि काम गर्दै आइरहेका छन् ।[३६] यसरी विकल्प विविध सङ्घ-संस्थाहरूमा संलग्न भई संस्थापकका रूपमा काम गरेको हुनाले उनको संस्थापक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ ।

## ३.७ पत्रकार व्यक्तित्व

कुनै समाचार, लेख-रचना आदिको सङ्कलन, सम्पादन तथा प्रकाशन गर्नेव्यक्ति तथा पत्रपत्रिकाको काम गर्नेव्यक्तिलाई पत्रकार भनिन्छ । इन्द्रकुमार विकल्प साहित्यकारका साथसाथै पत्रकार पनि हुन् । उनले विविध साहित्यिक कार्यक्रममा भाग लिने र साहित्यसम्बन्धी गतिविधिलाई प्रकाशमा ल्याउने कुरामा विशेष रुचि राख्दछन् । पत्रकारिता विकल्पको रुचिको विषय भएकाले आफ्ना र अरु स्रष्टाका लेखरचनालाई प्रकाशनमा ल्याउने काम गरेका छन् । उनले २०५३ सालमा ग्रामीण विकास, पाल्पाद्वारा सञ्चालित 'गाउँले पत्रकारिता तालिम' मा भाग लिएपछि पत्रकारितासम्बन्धी आधारभूत सैद्धान्तिक ज्ञान प्राप्त गरेका हुन् । उनले सन् २००३ सेप्टेम्बरमा भारतको राजस्थानमा आयोजित अखिल भारत मिडिया कन्फरेन्समा भाग लिएर पत्रकारितासम्बन्धी तालिम पनि प्राप्त गरेका छन् ।[३७]

इन्द्रकुमार विकल्पले विविध किसिमका पत्रपत्रिकाहरू प्रकाशन, सम्पादन गर्दै आइरहेका छन् । उनले सर्वप्रथम २०३७ सालमा पर्वत युवा क्लबको मुखपत्रका रूपमा प्रकाशित 'प्रतिभा' पत्रिकाको सम्पादक भएर कार्य गरेका छन् भने 'कालीको सुसेली', ( समसामयिक साहित्यिक सँगालो) को २०५४ सालदेखि सम्पादन गर्दै आएका छन् । उनी 'बाल सुसेली' पत्रिकाका प्रधान सम्पादक, धवलागिरि अञ्चलकै पहिलो गजल सङ्ग्रह 'धवलागिरि स्पन्दन' (२०५९) को सम्पादक, 'मोदीकाली', साप्ताहिक पत्रिकाका सल्लाहकार, 'ॠतुरङ्ग', 'पर्वत गुञ्जन', आदिजस्ता स्थानीय पत्रपत्रिकाको सल्लाहकार भएर पनि पत्रकारितासम्बन्धी कार्यहरू गर्दै आइरहेका छन् । यिनै पत्रपत्रिकामा काम

---

[३६] इन्द्रकुमार विकल्पबाट प्राप्त लिखित जानकारी ।

[३७] प्रैम छोटाबाट प्राप्त मौखिक जानकारी ।

गर्दै आएका विकल्पको पत्रकार व्यक्तित्वका साथसाथै साहित्यिक व्यक्तित्व बढी ओजपूर्ण बन्न पुगेको देखिन्छ ।

## ३.८ साहित्यिक व्यक्तित्व

इन्द्रकुमार विकल्प नेपाली साहित्यका कविता, आख्यान र जीवनीविधामा कलम चलाउने व्यक्ति हुन् । उनका फुटकर कविता, उपन्यास, मुक्तक, कथा, हाइकु, गीत तथा गजलहरू विविध पत्रपत्रिकामा प्रकाशित छन् । उनका प्रकाशित साहित्यिक कृति 'सम्झनाका डोबहरू' (कविता-सङ्ग्रह २०४४), 'मनका खुसीहरू' (कविता-सङ्ग्रह-२०५२), 'स्व. मोहनबहाहुर मल्लको सङ्क्षिप्त जीवनी' (२०५५), 'दुई आत्माको मिलन' (उपन्यास २०५६), 'भुल्काहरू' (मुक्तक सङ्ग्रह २०५८) 'सर्वदलीय घर' (लघुकथा-सङ्ग्रह २०६०), 'लालीगुराँस फुल्ने मन' (गजल-सङ्ग्रह २०६२), 'बैंसका रहरहरू' (कथा-सङ्ग्रह २०६३) हुन् । यी विविध कृतिका आधारमा विकल्पले आफ्नो कथाकार, कवि, उपन्यासकार, जीवनीकार, समालोचक र नाटककार व्यक्तित्वको निर्माण गरेका छन् ।

### ३.८.१ कथाकार व्यक्तित्व

इन्द्रकुमार विकल्प नेपाली कथाका क्षेत्रमा कलम चलाउने व्यक्ति हुन् । उनको एउटा 'सर्वदलीय घर' लघुकथासङ्ग्रह (२०६०) र 'बैंसका रहरहरू' कथासङ्ग्रह ( २०६३) गरी दुई कथासङ्ग्रह प्रकाशित छन् । 'सर्वदलीय घर' लघुकथासङ्ग्रहलाई धवलागिरिकै प्रथम प्रकाशित लघुकथासङ्ग्रहका रूपमा लिन सकिन्छ । यस कथासङ्ग्रहभित्र सङ्कलित कथाहरूका मुख्य स्रोत वर्तमान समाजका सामाजिक समस्याहरू, मानवीय मर्म र पीडाका अनुभूतिहरू हुन् । जम्माजम्मी २१ वटा लघुकथाहरू यस सङ्ग्रहमा सङ्ग्रहित छन् ।

विकल्पको प्रकाशित कथासङ्ग्रह 'बैंसका रहरहरू' (२०६३) हो । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा प्रणयलाई विभिन्न रूप र शैलीमा कलात्मक प्रयोगका साथ उतार्नेकाम भएको छ । यस कथासङ्ग्रहमा जम्माजम्मी आठवटा

कथाहरू सङ्ग्रहित छन् । यसरी इन्द्रकुमार विकल्पले नेपाली कथाका क्षेत्रमा महत्वपूर्ण योगदान दिएकाले उनको कथाकार व्यक्तित्व प्रभावपूर्ण बनेको छ ।

### ३.८.२ कवि व्यक्तित्व

इन्द्रकुमार विकल्प 'कृतज्ञता' (२०३७) शीर्षकको कविता लेखेर कविताका क्षेत्रमा प्रवेश गरेका हुन् । उनका फुटकर कविताहरू विविधपत्रपत्रिकामा प्रकाशित हुन थालेपछि कविता लेखनको गतिलाई उनले तीव्र पार्दै लगे । उनका प्रकाशित कविता-सङ्ग्रह, 'सम्झनाका डोबहरू' (२०४४), 'मनका खुसीहरू' (२०५२), मुक्तक-सङ्ग्रह, 'भुल्काहरू' (२०५८), गजल-सङ्ग्रह 'लालीगुराँस फुल्ने मन' (२०६२) रहेका छन् । उनका विविध पत्रपत्रिकामा गीत तथा हाइकुहरू पनि प्रकाशित भएका छन् भने २ वटा गीत रेकर्ड पनि भएका छन् ।

'सम्झनाका डोबहरू' (२०४४) कविता-सङ्ग्रहमा कवि विकल्पले समसामयिक मूल्यलाई आत्मसात् गरेका छन् ।[३८] यस कवितासङ्ग्रहमा उमेरसुलभ स्वच्छन्दता, परिवत'नको चाहना, कुण्ठित आक्रोशको भाव देख्न सकिन्छ ।[३९] 'मनका खुसीहरू' कवितासङ्ग्रह (२०५२) मा सङ्कलित कविताहरूमा कविले यौवनका उल्लास तथा आशानिराशाका दोभानमा जीवनलाई ठम्याउने जमर्को गरेका छन् । कवि यस सङ्ग्रहका कवितामा कल्पना र यथार्थताको द्वन्द्वमा रूमल्लिँदै सत्यताको खोजीतर्फ लागेका छन् ।[४०] 'भुल्काहरू' मुक्तकसङ्ग्रह (२०५८) मा सङ्कलित मुक्तकहरू विकल्पको नौलो सीप, बान्की र प्रयोग नमूना हुन् । देशले भोग्नुपरेका समस्याहरू, जनताका करुणा कहानीहरू, प्रेमी-प्रेमिकाका उल्लासहरू, जीवन र दर्शनका कुराहरू ती मुक्तकहरूमा आएका छन् ।[४१] विकल्पको 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रह (२०६२) प्रकाशित भएको छ । यस गजलसङ्ग्रहमा मान्छेको मिलन, खुसी, पीर, व्यथा

---

[३८] सरूभक्त 'हार्दिक शुभेच्छा' **'सम्झनाका डोबहरू'**, (पर्वतः लक्ष्मीकुमारी जोशी, सं. २०४४) पृ. उल्लेख नगरिएको ।

[३९] अविनाश श्रेष्ठ 'भूमिका' **'मनका खुसीहरू'** (पर्वतः लक्ष्मीकुमारी जोशी, सं. २०५२) पृ. उल्लेख नगरिएको ।

[४०] सूर्य के.सी., 'मनका खुसीहरू कवितासङ्ग्रहको विश्लेष' **पर्वत आह्वान** (वर्ष-१, अङ्क - १, २०६१) पृष्ठ ६४ ।

[४१] काजी रोशन 'भूमिका' **भूल्काहरू** (पर्वतः पर्वत साहित्य सङ्गम, २०५८) पृ. उल्लेख नगरिएको ।

जस्ता कुराहरू आएको भेटिन्छ ।[४२] प्रेम विषयमा आधारित भए पनि यिनमा मानवीय मनका अनुभूतिहरू अनेक रूपमा आएका छन् ।[४३] यस सङ्ग्रहमा परेका गजलहरूमा विश्वासघातका अनुभूति, प्रेमिकासँगका मिलनको मीठो सन्तुष्टि व्यक्त भएका छन् ।[४४] यसरी विकल्पले आफ्ना गजलहरूमा मायाप्रीतिका, देशप्रेमका भावनाहरूका साथै राजनैतिक तथा सामाजिक विकृति र विसङ्गतिहरूलाई व्यक्त गरेका छन् । समग्रमा हेर्दा विकल्पको कवि व्यक्तित्व निकै सबल रहेको देख्न सकिन्छ ।

## ३.९ जीवनीकार व्यक्तित्व

इन्द्रकुमार विकल्पले जीवनीलेखन कार्य पनि गरेका छन् । उनले हालको धवलागिरि अञ्चल, पर्वत जिल्ला मल्लाज माझफाँट गा.वि.स. वार्ड नं. ४ बस्ने 'स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी' लेखेका छन् । स्व. मल्ल मूलतः नेपाली साहित्य तथा इतिहासतिर कलम चलाउने व्यक्ति हुन् । स्व. मल्लले साहित्यतर्फ उपन्यास, कथा र पद्यनाटकका क्षेत्रमा कलम चलाएका छन् । प्रस्तुत जीवनीमा यिनै व्यक्तिको समान्य चिनारी विकल्पले दिएका छन् । उनले मल्लका जीवनका महत्त्वपूर्ण घटनाहरू, सामाजिक कार्यमा संलग्न भई गरेका सामाजिक कार्यहरू, उनले रचना गरेका कृतिहरूका बारेमा खोज-अनुसन्धान गरी तथ्यपूर्ण कुरालाई पाठकसामु ल्याउने काम गरेका छन् । उक्त जीवनी पर्वत जिल्लाको पहिलो जीवनी कृति भएको छ । यसबाट विकल्पको जीवनीकार व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ३.१० समालोचक व्यक्तित्व

सृजनात्मक साहित्यको व्याख्या-विश्लेषण एवम् गुणदोषलाई केलाएर तथां त्यसका मूल्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई बोधगम्य एवम् आस्वाद्य बनाउनाका

---

[४२] नबराज दाहाल 'उत्साही', 'लालीगुराँस कृति नियाल्दा' **धौलागिरि पोष्ट** (वर्ष–१, अङ्क–३६, २०६३) पृ. ३ ।

[४३] घनश्याम न्यौपाने 'परिश्रमी' 'भूमिका' **लालीगुराास फुल्ने मन** (चितवनः हाम्रो मझेरी साहित्य प्रतिष्ठान, सं २०६२) पृ. उल्लेख नगरिएको ।

[४४] सूर्य के.सी.बाट प्राप्त मौखिक जानकारी ।

साथै कृति एवं कृतिकारको मूल्याङ्कनसमेत समालोचनाले गर्दछ ।[४५] इन्द्रकुमार विकल्पका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका फुटकर समालोचनात्मक लेखहरूका साथै कुनै लेखकविशेषका कृतिप्रति गरिएका समालोचनात्मक लेखहरू पनि प्रकाशित भएका छन् । उनले म्याग्दीका साहित्यकार भक्त कार्कीको ‘मनका कोसेलीहरू’ कवितासङ्ग्रहको समालोचना गरेका छन् । विकल्पको ‘मोदीकाली’ साप्ताहिकमा विष्णु अदिप्तले लेखेको कथासङ्ग्रहको समालोचनात्मक लेख पनि प्रकाशित भएको छ । विकल्पले साहित्यिक कार्यक्रम तथा कृतिको विमोचनका क्रममा धेरै समालोचनात्मक टिप्पणीहरू पनि गर्दै आएका छन् । कुनै कृतिहरूमा भूमिका लेख्दा पनि विकल्पले समालोचनात्मक टिप्पणीहरू गरेका छन् । यसरी उनको समालोचनात्मक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ ।

## ३.११ सम्पादक व्यक्तित्व

कुनै पुस्तक, पत्रपत्रिका आदिका लेखरचना राम्ररी मिलाई प्रकाशनयोग्य बनाउने व्यक्तिलाई सम्पादक भनिन्छ ।[४६] इन्द्रकुमार विकल्पले सर्वप्रथम २०३७ सालमा ‘पर्वत युवा क्लव’को वाषि‘क मुखपत्र ‘प्रतिभा’ मासिक पत्रिकाको सम्पादक भएर काम गरेको र पर्वत साहित्य सङ्गमद्वारा प्रकाशित ‘कालीको सुसेली’ ( समसामयिक लेख रचनाहरूको सङ्कलन) २०५४ सालदेखि हालसम्मका २० अङ्कहरूमा प्रधानसम्पादक भई काम गरेका छन् । विकल्पले धवलागिरि अञ्चलको पहिलो गजलसङ्ग्रह ‘धवलागिरि स्पन्दन’ (२०५९) को सम्पादन पनि गरेका छन् । त्यसै गरी उनले पर्वत साहित्य सङ्गमद्वारा प्रकाशित ‘कालीको सुसेली’ को विशेष अङ्क ‘साहित्यपथका यात्रीहरू’ (२०६३) को पनि सम्पादन गरेका छन् । यिनै विविध पत्रपत्रिका, लेखरचना आदिको सम्पादक भएर काम गर्नेविकल्पको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ ।

---

[४५] घनश्याम कँडेल ‘समालोचनाः नेपाली समालोचना, **नेपाली समालोचना** (ललितपुरः साझा प्रकाशन, सं. २०५५) पृ. क ।

[४६] सम्पादक मण्डल, **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १२३९ ।

## ३.१२ भूमिकालेखक व्यक्तित्व

इन्द्रकुमार विकल्प कविता, कथा, उपन्यासलेखनका साथै विविध साहित्यकारहरूका कृतिमा भूमिका लेख्ने व्यक्तित्व पनि हुन् । उनले भरत विवश पौडेलद्वारा लिखित विविध सङ्कलनात्मक कृति 'ओभ्रेलको सुवास' (२०५८) मा 'भरत विवश पौडेल र ओभ्रेलको सुवास' शीर्षक दिई भूमिका लेखेका छन् । त्यस्तै प्रकाश फुच्चेको 'मृत्यु उपहार' (२०५८) कवितासङ्ग्रह, मञ्जु गुरुङको 'हृदयका अक्षरहरू' (२०५९) कवितासङ्ग्रह, भ्रलक गुरुङ 'शिरीष'को 'कुहिरो' ( २०५९) बालकथासङ्ग्रह, रामप्रसाद आचाय' 'पहाडी'को 'जञ्जीर' (२०५९) उपन्यास, कृष्णप्रसाद पराजुली 'शिशु' को 'रातो आँसु' (२०६०) भावकाव्य, कृष्ण पौडेल 'बी' को 'नानी हजुरको' (२०६१) गजलसङ्ग्रह, सरस्वती शर्मा 'जिज्ञासु' को 'नारीको आह्वान' (२०६१) गीतिकवितासङ्ग्रह, जीतनभाइको 'युद्धमा हारेको मन' (२०६२) गजलसङ्ग्रह, राम थापा 'अविरल'को 'सुरुआत' (२०६२) गजलसङ्ग्रह, यम ढुङ्गाना के.सी.को 'जीवनका लहरहरू' (२०६२) कथासङ्ग्रह, नवराज दाहाल 'उत्साही' को 'उत्साहीका उत्साहहरू' (२०६३) गजलसङ्ग्रह समसामयिक साहित्य सङ्कलन 'फोडिएको पत्थर' (२०६३) नवराज दाहाल उत्साहीद्वारा सम्पादित समसामयिक गजल सङ्कलन–१ 'नवरस' (२०६३) र नवज्योति साहित्य सदन पर्वतद्वारा प्रकाशित 'सुनाखरी' (२०६३) पत्रिकाको भूमिका लेखेका छन् ।

इन्द्रकुमार विकल्प भूमिकालेखनका क्रममा लेखकहरूलाई शुभकामना, धन्यवाद, प्रेरणा प्रदान गर्नुका साथै नवप्रतिभाहरूलाई प्रोत्साहित र अग्रज प्रतिभालाई सम्मान गर्न रुचाउँछन् । यिनै विविध पुस्तकाकार कृतिहरूमा लेखिएका भूमिकाहरूले गर्दा विकल्पको भूमिकालेखक व्यक्तित्व निर्माण हुन पुगेको छ ।

यसरी इन्द्रकुमार विकल्प पर्वत जिल्लाका बहुमुखी व्यक्तित्वका रूपमा सुपरिचित र प्रतिष्ठित छन् ।

**अध्यायः ४**

# इन्द्रकुमार विकल्पका प्रकाशित रचनाको विवरण र उनको साहित्ययात्रा

## ४.१ पृष्ठभूमि

साहित्यकार इन्द्रकुमार 'विकल्प' बाल्यकालदेखि नै सहित्यका क्षेत्रमा लागेका व्यक्ति हुन् । उनले विद्यालयमा पढ्दा कक्षाकोठामा कविता लेखी साथीहरूलाई सुनाउने गर्दथे। विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापमा भाग लिई आफूलगायत आफ्नो सदनलाई उत्कृष्ट बनाउन सधैँ तत्पर भइरहन्थे ।[४७] विकल्पले २०३७ सालमा 'पुरस्कार' शीर्षकको कथालेखनबाट औपचारिक रूपमा साहित्यसृजनातर्फ उन्मुख भएको देखिन्छ । उनको साढे द्युई दशक लामो सहित्य-यात्राका क्रममा दुईवटा कवितासङ्ग्रह, एउटा उपन्यास, एउटा मुक्तकसङ्ग्रह, दुईवटा कथासङ्ग्रह र एउटा गजलसङ्ग्रह प्रकाशित भएका छन् भने थुप्रै फुटकर लेख, रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । विकल्पका केही कृतिहरू प्रकाशोन्मुख पनि रहेका छन् ।

## ४.२ प्रकाशित कृतिहरूको विवरण

- सम्झनाका डोबहरू (कवितासङ्ग्रह-२०४४/२०६२)
- मनका खुसीहरू (कवितासङ्ग्रह-२०५२)
- द्युई आत्मका मिलन (उपन्यास-२०५६/२०६०)
- भुल्काहरू (मुक्तकसङ्ग्रह-२०५८)
- सर्वदलीय घर (लघुकथासङ्ग्रह-२०६०)

---

[४७] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

- लालीगुराँस फुल्ने मन (गजलसङ्ग्रह-२०६२)
- बैंसका रहरहरू (कथासङ्ग्रह - २०६३)
- स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त-जीवनी (२०५५)

## ४.३ अप्रकाशित कृतिहरूको विवरण

- निस्तो सम्झौता (कथासङ्ग्रह)
- प्रेमको छहारी (उपन्यास)
- मेरा इन्द्रेणी सपनाहरू (कवितासङ्ग्रह)

## ४.४ प्रकाशित फुटकर लेखरचनाहरूको विवरण (२०६३ चैत्र मसान्तसम्म)

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| १ | पुरस्कार | कथा | 'शिक्षा कुशुम' बष'-१, अङ्क-१, पृष्ठ-२५ | २०३७ |
| २ | शशिको इच्छा | कथा | 'प्रतिभा', वर्ष-१, अङ्क-१, पृष्ठ-५ | २०३९ |
| ३ | गरीब एक चित्रण | कविता | 'रहस्य' वर्ष-१२, अङ्क-१७ | २०४० |
| ४ | सम्झना | कविता | ''रहस्य' वर्ष-१३, अङ्क-१ | २०४१ |
| ५. | एक मुट्ठी सास | कविता | 'रहस्य' वर्ष-१३, अङ्क-४५ | २०४१ |
| ६ | जीवन | कविता | 'रहस्य' वर्ष-१३, अङ्क-४६ | २०४३ |
| ७ | भावना | कविता | 'प्रेरणा' वर्ष-६, अङ्क-११ | २०४४ |
| ८ | धरतीमाता | कविता | 'जनक्रान्ति' | २०४९ |
| ९. | मनका खुसीहरू | कविता | 'काव्य त्रिवेणी', पृष्ठ-३९ | २०५० |
| १० | ए ! जून | मुक्तक | 'कालीगण्डकी' साप्ताहिक वर्ष-१, अङ्क-२१ | २०५० |
| ११ | शान्तिको चाहना | कविता | 'धौलाश्री' वर्ष-२३, अङ्क-२३ | २०५० |
| १२ | खै के छ के छ……… | मुक्तक | 'कालीगण्डकी' साप्ताहिक वर्ष-१, अङ्क-२१ | २०५० |
| १३ | लुकी-लुकी अलिकति…….. | कविता | 'स्याङ्जा आवाज' | २०५० |
| १४ | ए !आजका अल्लारे... | कविता | 'स्याङ्जा आवाज' | २०५० |
| १५ | आजभोलि | कविता | 'कालीगण्डकी' साप्ताहिक वर्ष-१, | २०५१ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| | | | अङ्क-३० | |
| १६ | मेरो देश मलाई प्यारो लाग्छ | कविता | 'पर्वतमाला' अङ्क-२, पृष्ठ-५८ | २०५३ |
| १७ | तीन टुक्रा | मुक्तक | 'जमर्को', वर्ष-१, अङ्क-१, पृष्ठ-२२ | २०५३ |
| १८ | मिलनको कल्पनामा | गीत | 'आदश' समाज', | २०५३ |
| १९ | दुई मुक्तक | मुक्तक | 'तीजका कोसेलीहरू', पृष्ठ-३ | २०५३ |
| २० | चार मुक्तक | मुक्तक | 'सगुन' वर्ष-१, अङ्क-१, पृष्ठ-५, ६, ७ र ८ | २०५४ |
| २१ | जीउने दिन | गजल | 'कालीको सुसेली', अङ्क-१, पृष्ठ-४८ | २०५४ |
| २२ | कर्मको लेखा | गजल | 'कालीको सुसेली', अङ्क-१, पृष्ठ-४८ | २०५४ |
| २३ | सानी सानी नानी | गीत | 'दीपाञ्जली' वर्ष-३, अङ्क-३, पृष्ठ-६४ | २०५५ |
| २४ | दुई मुक्तक | मुक्तक | 'सगुन' वर्ष-१, अङ्क-२, पृष्ठ-६ | २०५५ |
| २५ | तिम्रो मेरो मिलनको.... | गजल | 'सगुन' वर्ष-१, अङ्क-३, पृष्ठ-१८ | २०५५ |
| २६ | स्व. मोहन ब. मल्ल संक्षिप्त जीवनी | जीवनी | 'कालीको सुसेली', अङ्क-२, पृष्ठ-२९ | २०५५ |
| २७ | तीन टुक्रा | मुक्तक | 'कालीको सुसेली', अङ्क-३, पृष्ठ-६५ | २०५५ |
| २८ | याद गर मायालु | गीत | 'क्यानभास',अलबममा रेकड' भएको | २०५५ |
| २९ | पश्चात्ताप | कथा | 'पर्वतमाला', अङ्क-३, वर्ष-३, पृष्ठ-५० | २०५६ |
| ३० | जीवन | कविता | 'अभिव्यक्ति', वर्ष-३०, पूर्णाङ्क-९५, पृष्ठ-२८ | २०५६ |
| ३१ | मनको भाषा.......... | गीत | 'फोडिएको पत्थर', अङ्क-२, पृष्ठ-२८ | २०५६ |
| ३२ | आशा | कविता | 'विश्वदीप' साप्ताहिक पृष्ठ-२५ | २०५६ |
| ३३ | हाइकु-२ | हाइकु | 'रङ्गमञ्च', वर्ष-९, अङ्क-१५, पृष्ठ-१६ | २०५६ |
| ३४ | तिमी थियौ म थिएँ | गजल | 'धवला' वर्ष-१, अङ्क-१, पृष्ठ-६ | २०५६ |
| ३५ | पर्वत जिल्लाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल गुप्तेश्वर गुफा सङ्क्षिप्त वर्णन | लेख | 'पर्वत जेसीज' को वार्षिक बुलेटिन, पृष्ठ-२४ | २०५६ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| ३६ | नरे काका | लघुकथा | 'गुञ्जन' त्रैमासिक वर्ष-३, अङ्क-१, पूर्णाङ्क-९,पृष्ठ-५९ | २०५६ |
| ३७ | छुनुमुनु | बालगीत | 'बाल सुसेली', अङ्क-१, पृष्ठ-९ | २०५६ |
| ३८ | सजाय | कथा | 'कालीको सुसेली', अङ्क-४, पृष्ठ-२६ | २०५६ |
| ३९ | साइला दाइ | कथा | 'कालीको सुसेली', अङ्क-५, पृष्ठ-२० | २०५६ |
| ४० | नियति | कविता | 'सुदामा' वर्ष-१, अङ्क-३, पूर्णाङ्क-३ | २०५६ |
| ४१ | घाउ | कविता | 'नयाँ मिरमिरे' | २०५६ |
| ४२ | टिप्न खोजें फूल भनी | गजल | 'साहित्य र खोज', वर्ष-१, अङ्क-२, पूर्णाङ्क-२ | २०५७ |
| ४३ | मुक्तक | मुक्तक | 'मोदीकाली', साप्ताहिक वर्ष-१, अङ्क-२०, | २०५७ |
| ४४ | तिमीलाई मलाई | गीत | 'मालिका' | २०५७ |
| ४५ | मान्छेको विचार | कविता | 'भानुमोती' पृष्ठ-२१ | २०५७ |
| ४६ | विवशता | कथा | 'पर्वतमाला' अङ्क-४, पृष्ठ-२५ | २०५७ |
| ४७ | बिहे | कथा | 'तरङ्ग', पृष्ठ-६० | २०५७ |
| ४८ | तोडिएको सपना | कथा | 'काँडाबीचको फूल', अङ्क-१, पृष्ठ-४२ | २०५७ |
| ४९ | जीवन | कविता | 'गुञ्जन' त्रैमासिक वर्ष-४, अङ्क-१, पूर्णाङ्क-१३,पृष्ठ-१९ | २०५७ |
| ५० | म र अभावका कीराहरू | कविता | 'गुञ्जन' त्रैमासिक वर्ष-४, अङ्क-३, पूर्णाङ्क-१५, पृष्ठ-१२ | २०५७ |
| ५१ | ऊ जुनीको कमाइ | कविता | 'गुञ्जन' त्रैमासिक वर्ष-४, अङ्क-२, पूर्णाङ्क-१४, पृष्ठ-१५ | २०५७ |
| ५२ | असल साथी | बालकथा | 'बाल सुसेली', अङ्क-२, पृष्ठ-२१ | २०५७ |
| ५३ | समस्या समाधान | कथा | 'कालीको सुसेली', अङ्क-६, पृष्ठ-७६ | २०५७ |
| ५४ | समवेदनाका पानाहरू | कथा | 'कालीको सुसेली', अङ्क-७ पृष्ठ-५५ | २०५७ |
| ५५ | सुनगाभाले सजाइदिऊँ | गीत | 'नव प्रतिभा' वर्ष-२, अङ्क-२ पूर्णाङ्क-८ | २०५७ |
| ५६ | तिम्लाई मलाई छुट्टयायो | गीत | 'मालिका' वर्ष-१, अङ्क-४ पूर्णाङ्क-४, | २०५७ |
| ५७ | बिन्ती पीडाभित्र पीडा थप्नेलाई | कविता | 'धौलाश्री' वर्ष-३०, अङ्क-२६ | २०५७ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| ५८ | धेरै थिए मनभित्र | गजल | 'धवलागिरि आवाज' साप्ताहिक, वर्ष-२, अङ्क-१४ | २०५७ |
| ५९ | ऊ जुनीको कमाइ | कविता | 'धवलागिरि आवाज' साप्ताहिक, वर्ष-१, अङ्क-३ | २०५७ |
| ६० | नसम्झनुपर्ने रहेछ | गजल | 'धवलागिरि आवाज' साप्ताहिक, वर्ष २, अङ्क-३ | २०५७ |
| ६१ | तिमीसँग माया गाँसें | गजल | 'धवलागिरि आवाज' साप्ताहिक, वर्ष २, अङ्क-६ | २०५७ |
| ६२ | एउटा माग्ने | कविता | 'न्यू धौलागिरि', वर्ष-३, अङ्क-५१ | २०५७ |
| ६३ | इज्जत | कथा | 'न्यू धौलागिरि', वर्ष-३, अङ्क-७६ | २०५७ |
| ६४ | विश्व वातावरण र युगिन चाहना | कविता | 'न्यू धौलागिरि', वर्ष-३, अङ्क-९१ | २०५७ |
| ६५ | खातेको नियति | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-१ | २०५७ |
| ६६ | नारी सुन्दरता लोग्ने मान्छेको कमजोरी | लेख | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-५, | २०५७ |
| ६७ | विहे | कथा | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-१७, | २०५७ |
| ६८ | मुक्तक | मुक्तक | 'मोदीकाली' साप्ताहिक, वर्ष-२, अङ्क-२४, | २०५७ |
| ६९ | सुहागरात र भजि'न युवतीको चाहना | लेख | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-७ | २०५७ |
| ७० | मेरो दिनचर्या | कविता | 'ओझेल', पृष्ठ-४२ | २०५७ |
| ७१ | फूल भनी टिप्न खोजें | गीत | 'न्यू धौलागिरि' साप्ताहिक वर्ष-३, अङ्क-१४० | २०५७ |
| ७२ | राष्ट्रियता,प्रजातन्त्र समाजवाद | कविता | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-३ | २०५७ |
| ७३ | खै विवाहितका चिन्हहरू | लेख | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-४ | २०५७ |
| ७४ | जीवनको गोरेटोमा | लेख | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-५ | २०५७ |
| ७५ | कुकुरको मुत | कथा | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-६ | २०५७ |
| ७६ | श्रद्धाञ्जली | कथा | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-१४ | २०५७ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| ७७ | नेता, जनता | मुक्तक | 'मोदीकाली' साप्ताहिक वर्ष-१, अङ्क-२२ | २०५७ |
| ७८ | मर्का पऱ्यो | कथा | 'धवलागिरि आवाज' साप्ताहिक, वर्ष-२, अङ्क-१५ | २०५७ |
| ७९ | मान्छे आफ्नैले देवता र दानव बन्छ | लेख | 'न्यू धौलागिरि', वर्ष-३, अङ्क-५६ | २०५७ |
| ८० | शिवधनु कसले भाँच्यो | अनु. कथा | 'जागरण', अङ्क-१, पृष्ठ-४३ | २०५८ |
| ८१ | प्रजातन्त्र | कविता | 'नयाँ मिरमिरे', अङ्क-३, पृष्ठ-४८ | २०५८ |
| ८२ | सबभन्दा दानी | कथा | 'पर्वत गुञ्जन', अङ्क-१, पृष्ठ-२ | २०५८ |
| ८३ | पर्वत जिल्लाको सङ्क्षिप्त साहित्यिक गतिविधि | लेख | 'व्रतमाला', स्मारिका, | २०५८ |
| ८४ | अनुत्तरित प्रश्न | कविता | 'मिमि'रे', वर्ष-३०, अङ्क-१२, पृष्ठ-६६ | २०५८ |
| ८५ | फूल भनी टिप्न खोज्नु | गजल | 'विमोचन' वर्ष-२०, अङ्क-१० पृष्ठ-२६ | २०५८ |
| ८६ | जिन्दगीभरि रुमलिइरहेँ | गजल | 'मूर्च्छना', वर्ष-१, अङ्क-३, पृष्ठ-१०९ | २०५८ |
| ८७ | कतिबेला-कतिबेला | गजल | 'साहित्य क्षितिज', वर्ष-१, अङ्क-१, पृष्ठ-३ | २०५८ |
| ८८ | तिम्रो सामु भीख मागेँ | गजल | 'पुष्पाञ्जलि', वर्ष-१, अङ्क-१, पूर्णाङ्क-१, पृष्ठ-१ | २०५८ |
| ८९ | टाढैबाट मक्ख परी | गजल | 'पुष्पाञ्जलि', वर्ष-२, अङ्क-१, पूर्णाङ्क-४, पृष्ठ-१ | २०५८ |
| ९० | साथीभाइ | बालगजल | 'बाल सुसेली', अङ्क-३, पृष्ठ-३१ | २०५८ |
| ९१ | ए पुन्टे | बाल गीत | 'बाल सुसेली', अङ्क-४, पृष्ठ-५ | २०५८ |
| ९२ | म मेरी र हाम्रा लालाबालाहरू | कविता | 'कालीको सुसेली', अङ्क-८, पृष्ठ-६० | २०५८ |
| ९३ | सानी सानी नानी | बालगीत | 'जागरण', अङ्क-१, पृष्ठ-५४ | २०५८ |
| ९४ | उसको व्यथा | कथा | 'मोदी मैदान' वर्ष-१, अङ्क-२ | २०५८ |
| ९५ | रै'छ माया उधारो | गजल | 'छायाँ द्वैमासिक' वर्ष-१, अङ्क-४ पृष्ठ-६ | २०५८ |
| ९६ | स्वीकार या फालिदेऊ | गजल | 'सेरोफेरो' वर्ष-२ अङ्क-५, पृष्ठ-९ | २०५८ |
| ९७ | तर्की तर्की हिड्छु भन्थेँ | गजल | 'साहित्य र खोज', वर्ष-२, अङ्क-३ पूर्णाङ्क-९ | २०५८ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| ९८ | प्रेमीहरूको भीडमा | गजल | 'साहित्य र खोज', अङ्क-१, वर्ष-२, पूर्णाङ्क-७ | २०५८ |
| ९९ | फूलजस्तो तिम्रो यौवन | गजल | 'साहित्य क्षितिज' वर्ष-१, अङ्क-५, पृष्ठ- ४ | २०५८ |
| १०० | जून बनी आइदियौ | गीत | 'साहित्य क्षितिज' वर्ष-१, अङ्क-३ | २०५८ |
| १०१ | म्न | कविता | 'गुप्तेश्वर' वर्ष-१, अङ्क-१ | २०५८ |
| १०२ | तोकिएको चन्दा | कथा | 'मोदी मैदान', वर्ष-१, अङ्क-१ | २०५८ |
| १०३. | गाउँभरि तिम्रै नामको | गजल | 'साहित्य क्षितिज' वर्ष-१, अङ्क-२ | २०५८ |
| १०४ | रुँदा रुँदा आँसु सकियो | गजल | 'छायाँ', वर्ष-१, अङ्क-३, | २०५८ |
| १०५ | पहिलो पल्ट भेट हुँदा | गजल | 'सेरोफेरो', वर्ष-२, अङ्क-६, | २०५८ |
| १०६ | शुभकामना | कविता | 'मोदीमैदान', वर्ष-१, अङ्क-३, | २०५८ |
| १०७ | जब तिमी मसँग....... | गजल | 'न्यू धौलागिरि' दैनिक, वर्ष-४, अङ्क-१८३, | २०५८ |
| १०८ | गामबेँसीका साइला साइलीहरू | कविता | 'धौलाश्री' 'पाहुर' दैनिक, वर्ष-३२, अङ्क १९३ | २०५८ |
| १०९ | वर्षौँदेखि तिम्रै लागि | गजल | 'धौलाश्री' 'पाहुर' दैनिक, वर्ष-३१, अङ्क- १८९ | २०५८ |
| ११० | कति बस्छ्यौ झ्यालकुरी | गजल | 'धौलाश्री' 'पाहुर' दैनिक, वर्ष-३१, अङ्क-१६६ | २०५८ |
| १११ | प्रेमपत्र | कविता | 'धौलाश्री' वर्ष-३१, अङ्क-८८ | २०५८ |
| ११२ | शान्तिको चाहना | कविता | 'धौलाश्री' | २०५८ |
| ११३ | बिन्ती गर्छु ............ | गजल | 'निष्पक्ष अभिमत' साप्ताहिक, वर्ष-१, अङ्क–१४ | २०५८ |
| ११४ | जति पोले पनि | गजल | 'धौलाश्री' 'पाहुर' | २०५८ |
| ११५ | तिम्रो साथ पाएँ भने | गजल | 'निष्पक्ष अभिमत' साप्ताहिक, वर्ष-१, अङ्क-५ | २०५८ |
| ११६ | मेरा इन्द्रेणी सपनाहरू | कविता | 'धौलाश्री' वर्ष-३०, अङ्क-३४ | २०५८ |
| ११७ | खुल्नुपर्छ बुद्धका अध'मुदित नयनहरू | कविता | 'न्यू धौलागिरि', वर्ष-४, अङ्क-३२ | २०५८ |
| ११८ | पखि'बसेँ तिम्रै लागि | गजल | 'साहित्य क्षितिज' वर्ष-१, अङ्क-६ | २०५८ |
| ११९ | हात लाग्यो शून्य | कथा | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-२५ | २०५८ |
| १२० | अपरिचित थियौ | गजल | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-२६ | २०५८ |
| १२१ | फूल | कविता | मोदीकाली' साप्ताहिक, वर्ष-२, अङ्क-६ | २०५८ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| १२२ | मनको भाषा देखेँ | गीत | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-३३ | २०५८ |
| १२३ | हाइकू | हाइकू | खमोदीकाली' साप्ताहिक, वर्ष-२, अङ्क-८ | २०५८ |
| १२४ | बैंस | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-४४ | २०५८ |
| १२५ | अप्सराहरूमा तिमीलाई | गजल | 'मोदीकाली' साप्ताहिक, वर्ष-१, अङ्क-४६ | २०५८ |
| १२६ | पुरेत बाजे र ठट्यौली यजमान | कथा | खमोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-२ | २०५९ |
| १२७ | दैवको भरोसा | कथा | 'मोदीकाली' साप्ताहिक, वर्ष-२, अङ्क-३३ | २०५९ |
| १२८ | मुक्तक | मुक्तक | 'मोदीकाली' साप्ताहिक, वर्ष-२, अङ्क-३६ | २०५९ |
| १२९ | कहालीलाग्दो भविष्य | कथा | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-११ | २०५९ |
| १३० | बल्ल देखेँ तिमीलाई | गजल | 'गोरेटो' वर्ष-३, अङ्क-१६, | २०५९ |
| १३१ | पर्वत साहित्य सङ्गमका गतिविधि एक झलक | लेख | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-१५ | २०५९ |
| १३२ | सायद यो गाउँको कथा हो | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-१७ | २०५९ |
| १३३ | हाइकु | हाइकु | 'साहित्य क्षितिज', वर्ष-२, अङ्क-७ | २०५९ |
| १३४ | सजाय | कथा | 'हाम्रा कवि र कविका कथाहरू', पृष्ठ-२१, | २०५९ |
| १३५ | बिहे | कथा | 'दायित्व', वर्ष-१६, पूर्णाङ्क-४३, पृष्ठ-४३ | २०५९ |
| १३६ | इतिहास र म | कविता | 'भावक कलश,' वर्ष-१, अङ्क-१, पृष्ठ-८ | २०५९ |
| १३७ | बलियो र निधो' | लघुकथा | 'अभिव्यक्ति', वर्ष-३३, पूर्णाङ्क-११२, पृष्ठ-३८ | २०५९ |
| १३८ | बिन्ती गर्छु तिम्रो मनभित्र | गजल | 'साहस', अङ्क-३, पृष्ठ-८७ | २०५९ |
| १३९ | दिउँसोको सपना | लघुकथा | 'हिमशिखर' अङ्क-३, पृष्ठ-४० | २०५९ |
| १४० | समस्या समाधान | कथा | 'विमोचन' वर्ष-२१, अङ्क-५, पृष्ठ-२६ | २०५९ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| १४१ | टाढा थियौ ठीकै थियो | गजल | 'धौलागिरि स्पन्दन' पहिलो, पृष्ठ-३/४ | २०५९ |
| १४२ | हाइकु | हाइकु | 'गोरेटो', वर्ष-३, अङ्क-१८, | २०५९ |
| १४३ | उल्लु | क्था | 'कालीको सुसेली', अङ्क-१०, पृष्ठ-४५ | २०५९ |
| १४४ | म र नदी | कविता | 'कालीको सुसेली', अङ्क-११, पृष्ठ-३१ | २०५९ |
| १४५ | बल्ल देखें तिमीलाई | ग्जल | 'पहाडी गोरेटो', वर्ष-३, अङ्क-१६ | २०५९ |
| १४६ | काँडाले कोप्छ | गजल | 'साहित्य प्रवाह', द्वैमासिक वर्ष-१, अङ्क-१ | २०५९ |
| १४७ | द्युई भुल्काहरू | कविता | 'धौलाश्री' 'पाहुर', दैनिक, वर्ष-अङ्क-१४६ | २०५९ |
| १४८ | युवाहरू | कविता | 'धौलाश्री 'पाहुर', दैनिक, वर्ष-३२, अङ्क-१५३ | २०५९ |
| १४९ | हाइकू | हाइकू | 'साहित्य क्षितिज', वर्ष-२, अङ्क-३ पूर्णाङ्क-९ | २०५९ |
| १५० | वर्षौदेखि तिम्रै लागि | गजल | 'सूयो'दय', अङ्क-२ | २०५९ |
| १५१ | अमृतवाणी कोरिएको | गजल | 'युवा दर्पण', वर्ष-१, अङ्क-३ | २०५९ |
| १५२ | मेरो मनको बगैंचामा | गजल | 'गुप्तेश्वर', वर्ष-१, अङ्क-४ | २०५९ |
| १५३ | तिमीलाई पखि'बस्दा | गजल | 'साहित्य क्षितिज', वर्ष-२, अङ्क-७ | २०५९ |
| १५४ | मेरो मनको बगैंचामा | गजल | 'गुप्तेश्वर' द्वैमासिक, वर्ष-१, अङ्क- ४ | २०५९ |
| १५५ | म, काली, म्याग्दी र जाले रुमाल | कविता | 'पुष्पाञ्जलि', वर्ष-१८, अङ्क-१२, पृष्ठ-५१ | २०५९ |
| १५६ | किनकिन | गीत | 'साहित्य क्षितिज', वर्ष-२, अङ्क-२, पूर्णाङ्क-८ | २०५९ |
| १५७ | जता गयौ उतैतिर | गजल | 'धवलप्रभात', वर्ष-१, अङ्क-७, पृष्ठ-८ | २०५९ |
| १५८ | लालीगुराँस फुल्ने मन | गजल | 'मधुवन', वर्ष-१, अङ्क-१, पृष्ठ-१७ | २०५९ |
| १५९ | हिजो, आज, भोलि | कविता | 'मोदीकाली', वर्ष-२, अङ्क-४१ | २०५९ |
| १६० | गजल | गजल | 'सिद्धाथ'' स्मारिका, पृष्ठ-६९ | २०६० |
| १६१ | सायद यो गाउँको कथा हो | कविता | 'स्वर्णजयन्ती' स्मारिका, पृष्ठ-६६ | २०६० |
| १६२ | जूनको शीतलमा पनि विथोलिन्छ मन | कविता | 'गुप्तेश्वर दर्पण' वर्ष-१, अङ्क-१, पृष्ठ-३८ | २०६० |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| १६३ | खुसीको आँसु छचल्कियो | कथा | 'मोती', पृष्ठ-२३५ | २०६० |
| १६४ | सबैभन्दा दानी | कथा | 'सृजना', वर्ष-१, अङ्क-१, पृष्ठ-२१ | २०६० |
| १६५ | मन शान्ति खोज्दै खोज्दै | कविता | 'ईश्वरीय उपहार', पृष्ठ-१७ | २०६० |
| १६६ | गजल | गजल | 'सासंक', वर्ष-१, अङ्क-१, पृष्ठ-१८ | २०६० |
| १६७ | मन र पानी | कविता | 'हिमशिखर', अङ्क-४ पृष्ठ-३६ | २०६० |
| १६८ | निस्तो सम्झौता | कथा | 'सगर', वर्ष-८, अङ्क-१/२ पूर्णाङ्क-२५/२६, पृष्ठ-५० | २०६० |
| १६९ | तिम्रो माया आज……… | गजल | 'गुञ्जन' त्रैमासिक वर्ष-६, अङ्क-५, पूर्णाङ्क-२६,पृष्ठ-४० | २०६० |
| १७० | तिम्रो सुन्दर………… | गीत | 'सहेली' द्वैमासिक, प्रवेशाङ्क, पृष्ठ-१२ | २०६० |
| १७१ | डाँडाबाट तिमीलाई देखी….. | गजल | 'गन्तव्य' त्रैमासिक, वर्ष-१ अङ्क-४ पृष्ठ-१०, | २०६० |
| १७२ | गजल शिशिरको सिरेटो झैँ | गजल | 'सगर' गजल विशेषाङ्क, वर्ष-८, अङ्क-३/४ पृष्ठ-१० | २०६० |
| १७३ | गजल तिम्रै हितको लागि | गजल | 'रजस्थल', वर्ष-९, अङ्क-२४, पृष्ठ-९० | २०६० |
| १७४ | मन र पानी | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-२० | २०६० |
| १७५ | घाउ | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-२२ | २०६० |
| १७६ | मन र भाग्य | कविता | 'मोदीकाली' साप्ताहिक, वर्ष-३, अङ्क-३१ | २०६० |
| १७७ | विकासी छोरा | कथा | 'छालहरू', लघु कथा संग्रह, पृष्ठ-१ | २०६० |
| १७८ | धेरै दिनमा भेट भयो | गजल | 'गजल सागर', वर्ष-१, अङ्क-२, पृष्ठ-१९ | २०६० |
| १७९ | उसको व्यथा | कथा | 'अनामिका' पूर्णाङ्क-२१, पृष्ठ-४ | २०६० |
| १८० | विना बाबुको छोरा | कथा | 'प्रेक्षा', वर्ष-१, अङ्क-१, पृष्ठ-७ | २०६० |
| १८१ | कसैलाई नाम प्यारो | गजल | 'सुनाखरी' वर्ष-१, अङ्क-२, पृष्ठ-१० | २०६० |
| १८२ | खुसीको आँसु …….. | कथा | 'पल्लव', वर्ष-८, पूर्णाङ्क-६, पृष्ठ-५१ | २०६० |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| १८३ | तिमीलाई पर्खी बस्दा | गजल | 'पल्लव', वर्ष-९, पूर्णाङ्क-७, पृष्ठ-७ | २०६० |
| १८४ | धोका धेरै खाइसकें | गजल | 'समाधान' दैनिक, वर्ष-२, अङ्क-१५०, | २०६० |
| १८५ | बुनेकी छ्यौ जाल तिम्ले | गजल | 'समाधान दैनिक', वर्ष-२, अङ्क-१५२, | २०६० |
| १८६ | आशा काकी | कथा | 'साहित्य क्षितिज', वर्ष-३ अङ्क-१ | २०६० |
| १८७ | तिम्रो सामु भीख माग्दा | गजल | 'साहित्य क्षितिज', वर्ष-१, अङ्क-२, पृष्ठ-४ | २०६० |
| १८८ | पर्वत जिल्लाको संक्षिप्त साहित्यिक गतिविधि | लेख | 'कालीको सुसेली', अङ्क -१२, पृष्ठ-५४ | २०६० |
| १८९ | धेरै धेरै प्रेमीहरूमा | गजल | 'अभिलासा', वर्ष-१, अङ्क-२, पृष्ठ-३ | २०६१ |
| १९० | तिम्रो साथ पाएँ भने | गजल | 'नव सज'क' द्वैमासिक, वर्ष-१ अङ्क-४, पृष्ठ-३ | २०६१ |
| १९१ | तिम्रो मेरो भेट भा'को | गजल | 'अभिलासा' द्वैमासिक, वर्ष-१, अङ्क-१, पृष्ठ-१ | २०६१ |
| १९२ | मेरा इन्द्रेणी सपनाहरू | कविता | 'गर्न्त' वर्ष-४, अङ्क-२, पूर्णाङ्क-२०, पृष्ठ-३ | २०६१ |
| १९३ | बिन्ती गर्छु तिम्रो मनभित्र | गजल | 'गुराँस' वर्ष-१, अङ्क-१, पृष्ठ-३ | २०६१ |
| १९४ | मान्छेहरूको भीडमा | गजल | 'गुराँस' वर्ष-१, अङ्क-२, पृष्ठ-२ | २०६१ |
| १९५ | नेपाल बन्द एक दिन यात्रा गन्तव्यहीन | लघु नाटक | 'पर्वतमाला', अङ्क-५, पृष्ठ-२९ | २०६१ |
| १९६ | हिजो राती सपनीमा | गीत | 'कर्णधार' मासिक | २०६१ |
| १९७ | तिम्रो सुन्दर.......... | गीत | 'सहेली' प्रवेशाङ्क | २०६१ |
| १९८ | तिम्रो मुस्कान | गीत | 'विम्ब', पृष्ठ-९, वर्ष-१२ अङ्क-११ | २०६१ |
| १९९ | मन शान्ति खोज्दै खोज्दै | कविता | 'पर्वत आब्हान', वर्ष-१, अङ्क-१, पृष्ठ-३ | २०६१ |
| २०० | अप्रत्याशित भेट | कथा | 'कालाञ्जर', वर्ष-१, अङ्क-१, पृष्ठ-२७ | २०६१ |
| २०१ | नपुंसक सुहागरात | कथा | 'कर्णधार' मासिक, पृष्ठ-२७ | २०६१ |
| २०२ | गीत | गीत | 'समर्पण' चौमासिक, अङ्क १, वर्ष-१, पृष्ठ- १ | २०६१ |
| २०३ | धेरै भए..... | गजल | 'मानसी' वर्ष-२, अङ्क-२, पृष्ठ-८ | २०६१ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| २०४ | हामी र हाम्रो मन | कविता | 'पर्वत गुञ्जन', अङ्क-३, पृष्ठ-३१ | २०६१ |
| २०५ | गजल | गजल | 'हिमशिखर', अङ्क-५, पृष्ठ-४१ | २०६१ |
| २०६ | लालीगुराँस फुल्ने मन | गजल | 'कैलास', वर्ष-१, अङ्क-२ पृष्ठ-७ | २०६१ |
| २०७ | बुनेकी छ्यौ जाल | गजल | 'गुञ्जन' त्रैमासिक, वर्ष-८, अङ्क-२, पूर्णाङ्क-३२, पृष्ठ-१४ | २०६१ |
| २०८ | भन्दिनँ म तिमीलाई | गजल | 'पुष्पाञ्जलि', वर्ष-२, अङ्क-६, पृष्ठ-१, | २०६१ |
| २०९ | जब तिमीसँग........... | गजल | 'पुष्पाञ्जलि' वर्ष-२, पूर्णाङ्क-७, पृष्ठ-१, | २०६१ |
| २१० | प्रतीक्षामा दिन रात तिम्रो | गजल | 'पुष्पाञ्जलि' वर्ष-१, पूर्णाङ्क-८, पृष्ठ-२, | २०६१ |
| २११ | भौँतारिएँ पीडा बोकी | गजल | 'पुष्पाञ्जलि' वर्ष-३, पूर्णाङ्क-११, पृष्ठ-२, | २०६१ |
| २१२ | खाली तिम्रो सिउँदोलाई | गजल | 'पुष्पाञ्जलि' वर्ष-३, पूर्णाङ्क-११, पृष्ठ-२, | २०६१ |
| २१३ | परिबन्दले दिएको सजाय | कथा | 'हाम्रो मझेरी' अङ्क-३, वर्ष-४, पृष्ठ-२६, | २०६१ |
| २१४ | यौन मामिलाका चिसा मान्छेहरू | लेख | 'हाम्रो मझेरी', अङ्क-२८, पृष्ठ-१५ | २०६१ |
| २१५ | नारी सुन्दरता लोग्ने मान्छेको कमजोरी | लेख | 'हाम्रो मझेरी', अङ्क-२९, पृष्ठ-७ | २०६१ |
| २१६ | मलाई प्यारो लाग्छ | कविता | 'हाम्रो मझेरी', अङ्क-३०, पृष्ठ-३ | २०६१ |
| २१७ | मुक्तक | कविता | 'हाम्रो मझेरी', अङ्क-३१, पृष्ठ-३ | २०६१ |
| २१८ | आँखा वरिपरि | गजल | 'हाम्रो मझेरी', अङ्क-३३, पृष्ठ-९ | २०६१ |
| २१९ | लाली गुराँस | गजल | 'हाम्रो मझेरी', अङ्क-३४, पृष्ठ-७ | २०६१ |
| २२० | नयाँ बुद्ध | कथा | 'हाम्रो मझेरी', अङ्क-३५, पृष्ठ-२३ | २०६१ |
| २२१ | जीन्दगीको यात्री साथी | गीत | 'हाम्रो मझेरी', अङ्क-३६, पृष्ठ-५४ | २०६१ |
| २२२ | हाइकु | कविता | 'हाम्रो मझेरी', अङ्क-३७, पृष्ठ-२४ | २०६१ |
| २२३ | मनको घाउ | गीत | 'हाम्रो मझेरी', वर्ष-७, अङ्क-३, पूर्णाङ्क-३९ पृष्ठ-११ | २०६१ |
| २२४ | टिपेर हेर | बालगीत | 'बाल सुसेली', अङ्क-६, पृष्ठ-१९ | २०६१ |
| २२५ | मेरा इन्द्रेणी सपनाहरू | कविता | 'क्लासिफाइड', वर्ष-२, अङ्क-४ | २०६१ |
| २२६ | तिम्रो हितको लागि | गजल | 'चौतारी', वर्ष-१, अङ्क-४ | २०६१ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| | मैले | | | |
| २२७ | हाइकु | हाइकु | 'मुस्कान', वर्ष-१४, अङ्क-४ पूर्णाङ्क-७१ | २०६१ |
| २२८ | खै विवाहितका चिन्हरू | कथा | 'दिव्यदृष्टि' साप्ताहिक, वर्ष-१, अङ्क-३९ | २०६१ |
| २२९ | किन तोड्यौ वाचा बन्धन | गीत | 'ऋतुरङ्ग', अङ्क-३, पृष्ठ-२५ | २०६१ |
| २३० | धेरै भए हिजो आज | गजल | 'ऋतुरङ्ग', वर्ष-१, अङ्क-५, पृष्ठ-१६ | २०६१ |
| २३१ | तिम्रो सामु | गजल | 'अन', वर्ष-१, अङ्क-२, पृष्ठ-८७ | २०६१ |
| २३२ | आउने दिन धेरै छन्...... | गजल | 'चाँदनी', वर्ष-३, अङ्क-१, पूर्णाङ्क-१३, पृष्ठ-४ | २०६१ |
| २३३ | बुख्याँचा र देश | कविता | 'कालीको सुसेली', अङ्क-१४, पृष्ठ-६६ | २०६१ |
| २३४ | आपसी झै-झगडा र यौनाङ्ग प्रदर्शन | लेख | 'मोदीकाली' साप्ताहिक | २०६१ |
| २३५ | पागलसरि भएर | गीत | 'चौतारी' वर्ष-२, अङ्क-५ र ६ | २०६२ |
| २३६ | बिन्ती गर्छु......... | गजल | 'गुराँस' वर्ष-१, अङ्क-१, पूर्णाङ्क-१, पृष्ठ-३ | २०६२ |
| २३७ | एक झुल्को देखेँ | गीत | 'नवसमीक्षा', वर्ष-१, अङ्क-३ पृष्ठ-८ | २०६२ |
| २३८ | रैछ माया उधारो | गजल | 'इन्दु' द्वैमासिक, वर्ष-२, अङ्क-४, पृष्ठ-११ | २०६२ |
| २३९ | सँगसँगै तर्छु भन्थ्यौ | गीत | 'संगम' वर्ष-५, अङ्क-१ पूर्णाङ्क-२५, पेज-१२ | २०६२ |
| २४० | एउटा साथी | बालगीत | 'पोजेटिभ वेभ', अङ्क-१, पृष्ठ-१६, | २०६२ |
| २४१ | द्युई टुक्रा | कविता | 'बागलुङ दर्पण', वर्ष-१, अङ्क-१, पृष्ठ-१८२ | २०६२ |
| २४२ | मान्छेहरूको | गजल | 'गुराँस', वर्ष-१, पूर्णाङ्क-३/४, अङ्क-३/४ पृष्ठ-२ | २०६२ |
| २४३ | स्व. मोहनबहादुर मल्ल र केही धूमिल सम्झनाहरू | संस्मरण | 'कालाञ्जर', वर्ष-२, अङ्क-२/३, पृष्ठ-५५ | २०६२ |
| २४४ | तीन मुक्तक | मुक्तक | 'गोधूली', अङ्क-१, पृष्ठ-७२ | २०६२ |
| २४५ | लड्नै लागेँ | गजल | 'गजल ', पृष्ठ-५४ | २०६२ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| २४६ | टाढै बसी | गजल | 'गजल विम्ब', पृष्ठ-५४ | २०६२ |
| २४७ | छोडी जाने | गीत | 'रश्मि', वर्ष-१, अङ्क-१, पृष्ठ-१ज | २०६२ |
| २४८ | सँगसँगै | गीत | 'निझ'र', वर्ष-६, | २०६२ |
| २४९ | जिन्दगीको | गीत | 'हिमशिखर', अङ्क-६, पृष्ठ-२६ | २०६२ |
| २५० | बालक तिमी | बाल गजल | 'बाल सुसेली', अङ्क-७, पृष्ठ-२२ | २०६२ |
| २५१ | खाली तिम्रो सिउँदोलाई | गजल | 'धवलप्रभात', वर्ष-४, अङ्क-६, पूर्णाङ्क-४२, पृष्ठ-३ | २०६२ |
| २५२ | केही कुरा प्रकाशनबारे | पत्रसाहित्य | 'धवल प्रभात', वर्ष-५, अङ्क-१, पूर्णाङ्क-४२, पृष्ठ-३६ | २०६२ |
| २५३ | टेलिफोनको घण्टी बज्न छोड्यो | कथा | 'अयन', वर्ष-१, अङ्क-१ पृष्ठ-७ | २०६२ |
| २५४ | धेरै धेरै भीडमा पनि | गीत | 'नवआलोक', वर्ष-२ अङ्क-५ पृष्ठ-१७ | २०६२ |
| २५५ | पूणि'माको रात किन | गीत | 'दीपिन', वर्ष-१ अङ्क-१ पृष्ठ-१ | २०६२ |
| २५६ | सधैँ बज्ने फोनका घण्टी | गजल | 'दिव्यमुहार', वर्ष-१, अङ्क-२, पृष्ठ-९ | २०६२ |
| २५७ | पर्खिबसेँ तिम्रै लागि | गजल | 'सङ्गम', अङ्क-६, वर्ष-४, पूर्णाङ्क-२४, पृष्ठ-१० | २०६२ |
| २५८ | हामी र हाम्रो मन | कविता | 'चाँदनी', वर्ष-४, अङ्क-१, पृष्ठ-७ | २०६२ |
| २५९ | टेलिफोनको घण्टी | कथा | 'कोसेली', वर्ष-२, अङ्क-४, पूर्णाङ्क-१०, पृष्ठ-७ | २०६२ |
| २६० | जति पोले पनि जाती……… | गजल | 'अनुराग', द्वैमासिक, अङ्क-४, पृष्ठ-३५ | २०६२ |
| २६१ | भाग्यले जुराएको जोडी | कथा | 'पल्लव', वर्ष-१०, पूर्णाङ्क-११, पृष्ठ-८९ | २०६२ |
| २६२ | पर्वत जिल्लाको सङ्क्षिप्त साहित्यिक गतिविधि | लेख | 'नव माधुरी', अङ्क-१, वर्ष-१, पृष्ठ ८५ | २०६२ |
| २६३ | दैवको भरोसा | कथा | 'दिव्य दृष्टि' साप्ताहिक, वर्ष-२, अङ्क-८, | २०६२ |
| २६४ | तिम्रो मेरो भेटमा | गजल | 'कालीको सुसेली', अङ्क-१६, पृष्ठ-१० | २०६२ |
| २६५ | सरिताको भाग्य | कथा | 'कालीको सुसेली', अङ्क-१७, | २०६२ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| | | | पृष्ठ-१५ | |
| २६६ | टाढै बसी पर्खिबसेँ | गजल | 'जनमत' मासिक, अङ्क-१०१ | २०६२ |
| २६७ | तिम्रो मेरो सम्बन्धमा | गीत | 'दीपिन' वर्ष-१, अङ्क-२, पृष्ठ-८ | २०६२ |
| २६८ | भिन्नता | कथा | 'अयन' वर्ष-१, अङ्क-३, पृष्ठ-२४ | २०६२ |
| २६९ | आऊ प्रिया प्रेमालाप गरौं .. | कविता | 'काँडाबीचको फूल', अङ्क-२, पृष्ठ-७ | २०६२ |
| २७० | बाँझा खेतहरू | कविता | 'सृजना', वर्ष-१, अङ्क-८/९, पृष्ठ-७ | २०६२ |
| २७१ | सधैँ-सधैँ हेर्ने नजर | गजल | 'समप'ण', वर्ष-२, अङ्क-५, पृष्ठ-१६ | २०६२ |
| २७२ | तिम्रो हर खुसीहरूमा | गजल | 'धौलागिरि समप'ण', अङ्क-२, वर्ष-१, पृष्ठ-१ | २०६२ |
| २७३ | नयाँ बुद्ध | कथा | 'समप'ण' वर्ष-२, अङ्क-४, पृष्ठ-८ | २०६२ |
| २७४ | न सोध्यौ तिमीले | मुक्तक | 'पर्वतमाला', अङ्क-६, पृष्ठ-२१ | २०६३ |
| २७५ | झगडा | कथा | 'पर्वत पैयुँ आवाज', वर्ष-४, अङ्क-७, पृष्ठ-४९, | २०६३ |
| २७६ | जिन्दगी चलिहाल्छ नि ! | कथा | 'स्मारिका', पृष्ठ-८८ | २०६३ |
| २७७ | बालुवा तिमी र तिम्रो सपना | कविता | 'होराइजन' स्मारिका, पृष्ठ-२६ | २०६३ |
| २७८ | पाँच हाइकु | हाइकु | 'कालाञ्जर', वर्ष-३, अङ्क-४, पृष्ठ-२७ | २०६३ |
| २७९ | रै'छ माया | गजल | 'गजलदीप', पृष्ठ-११ | २०६३ |
| २८० | खाली तिम्रो | गजल | 'गोधूली' अङ्क-२, पृष्ठ-३८ | २०६३ |
| २८१ | हाइकु | कविता | 'अक्षमाला', अङ्क-६, पृष्ठ-१६ | २०६३ |
| २८२ | भीडहरू बीच | गजल | 'नवरस' समसामयिक गजल सङ्कलन-१, पृष्ठ-६ | २०६३ |
| २८३ | जिन्दगी चलिहाल्छ नि | कथा | 'हिमशिखर', अङ्क-७ पृष्ठ-२३ | २०६३ |
| २८४ | लेक धाएँ बँसी धाएँ | गीत | 'सप्तरङ्गी' मासिक, वर्ष-२, अङ्क-४, पृष्ठ-१५ | २०६३ |
| २८५ | कसैलाई नाम प्यारो | गजल | 'सङ्गम', वर्ष-५, अङ्क-४ पूर्णाङ्क-२८ | २०६३ |
| २८६ | भाग्यको लेखान्तर | लघु कथा | 'गुराँस', वर्ष-२, पूर्णाङ्क-९, पृष्ठ-१ | २०६३ |
| २८७ | साथ मैले छोड्या हैन | गजल | 'सगुन', वर्ष-४, पूर्णाङ्क-९, पेज-७७ | २०६३ |
| २८८ | हाइकु | हाइकु | 'अन्तरिक्ष' मासिक, अङ्क-१, वर्ष-२, पृष्ठ-७ | २०६३ |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्र. साल |
|---|---|---|---|---|
| २८९ | अच्छा लाहुरे र मखमली | कथा | 'साहस', अङ्क-४, पृष्ठ-७ | २०६३ |
| २९० | तिम्रो सामुदेखि टाढा | गजल | 'सृजना' वर्ष-२, अङ्क-४/५, पृष्ठ-६ | २०६३ |
| २९१ | कान्छा र मैसाप | कथा | 'पल्लव', वर्ष-११, पूर्णाङ्क-१२, पृष्ठ-७१ | २०६३ |
| २९२ | प्रेम फूल बर्साएर | गजल | 'हाम्रो मझेरी' वर्ष-७, अङ्क-४, पूर्णाङ्क-४० पृष्ठ-२८ | २०६३ |
| २९३ | किन आइनौ थाहा छैन | गजल | 'हाम्रो मझेरी' वर्ष-४, अङ्क-१, पूर्णाङ्क-२३ पृष्ठ-३२ | २०६३ |
| २९४ | बैँसका रहरहरू | कथा | 'कालीको सुसेली', अङ्क-१९, पृष्ठ-१० | २०६३ |
| २९५ | म जे छु ठीकै छु | गजल | 'पुष्पाञ्जलि', वर्ष-३, अङ्क-१३ | २०६३ |
| २९६ | झगडा | कथा | 'मिरमिरेका किरणहरू', वर्ष-२, अङ्क-१, पूर्णाङ्क-४ | २०६३ |
| २९७ | छोडी जाने निष्ठुरीले | गजल | 'हाम्रो मझेरी', वर्ष-७, अङ्क-५, पूर्णाङ्क-४१ पृष्ठ-११ | २०६३ |
| २९८ | अहो ! आज | गजल | 'साहित्य दोभान', वर्ष-१, अङ्क-५ र ६ | २०६३ |

## ४.५ साहित्ययात्रा र चरण विभाजन

इन्द्रकुमार विकल्पले साहित्य सृजनाका क्षेत्रमा साढे दुई दशकको समयावधि पार गरिसकेका छन् । उनी साहित्य साधनामा निरन्तर रूपमा क्रियाशील रहेका छन् । उनका साहित्यिक सृजनाका क्रममा देखापरेका कृति, शैली र प्रवृत्तिका आधारमा सहित्यिक यात्राको चरण विभाजन गरी अध्ययन गर्न सकिन्छ । साहित्यिक क्षेत्रमा प्रवेश, साहित्यिक गतिविधिमा संलग्नता, सिर्जि'त रचनाहरूका प्रवृत्ति, गुणस्तर एवं शैलीशिल्पका क्रममा देखापरेका प्रवृत्तिगत भिन्नताका आधारमा उनको साहित्य यात्रालाई निम्न दुई चरणमा विभाजन गर्न सकिन्छ :

### ४.५.१. प्रथम चरण (प्रारम्भदेखि २०५३ सालसम्म)

प्रारम्भदेखि २०५३ सालसम्मको समयावधि इन्द्रकुमार विकल्पको साहित्यिक यात्राको प्रथम चरण हो । २०३७ सालमा नारायण माध्यमिक विद्यालय कुस्माबाट

प्रकाशित 'पुरस्कार' शीर्षकको कथाबाट उनी औपचारिक रूपमा साहित्यसाधनातर्फ अगाडि बढेको पाइन्छ । कथाबाट नेपाली साहित्यमा प्रवेश गरेका विकल्पका प्रारम्भिक चरणमा कवितारचना प्रकाशनका दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् ।

विकल्पले यस चरणमा निरन्तर रूपमा साहित्यतर्फ कलम चलाएका छन् तर कृतिगत प्रकाशनको दृष्टिकोणले भने त्यति उपलब्धिमूलक चरणका रूपमा यसलाई लिन सकिँदैन । उनका यस अवधिका फुटकर कविताहरू 'रहस्य', 'प्रेरणा', आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले विविध पत्रिकामा प्रकाशित आफ्ना कविताहरूलाई सङ्कलन गरी २०४४ सालमा 'सम्झनाका डोबहरू' कवितासङ्ग्रह प्रकाशित गरेका छन् । यस कवितासङ्ग्रहमा उनका २२ वटा फुटकर कविताहरू सङ्कलित छन् । यस कवितासङ्ग्रहको दोस्रो संस्करण २०६० सालमा प्रकाशित हुँदा १० वटा अरु कविता थप गरिएको छ । विकल्पको साहित्ययात्राको पहिलो चरण कृति प्रकाशनका दृष्टिकोणले कमजोर रहेको छ । तर लेखनका दृष्टिकोणले भने यसलाई उर्वर नै मान्न सकिन्छ । यस चरणमा विकल्पका फुटकर कथा, कविता, र विविध लेखरचनाहरू 'कालीगण्डकी,' 'धौलाश्री', 'जनक्रान्ति', 'स्याङ्जा आवाज' आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस चरणका अन्त्यतिर विकल्पको 'मनका खुसीहरू' कविता सङ्ग्रह (२०५२) प्रकाशित भएको छ । विकल्पका २०४५ सालदेखि ०५१ सालसम्म रचित फुटकर कविताहरू यस सङ्ग्रहमा समेटिएका छन् ।

इन्द्रकुमार विकल्पका लागि यो प्रथम चरण गद्य कविता लेखनको चरणका रूपमा देखा परेको छ । स्वच्छन्दतावादी-प्रगतिवादी प्रवृत्तिलाई अँगाली विकल्पले आफ्नो अनुभूतिलाई काव्यात्मक परिपाक दिने र जीवन जगतलाई हेर्ने दृष्टिकोण व्यापक र फराकिलो पार्ने काम यस चरणका कवितामा गरेका छन् ।[४८] यस चरणमा उनका कविताहरूमा स्वच्छन्द भावना, सामाजिक र राजनैतिक प्रसङ्गहरू समेटिएका छन् ।[४९] यस चरणमा विकल्प व्यावहारिक झमेलामा परे तापनि उनले निर्बाध रूपमा

---

[४८] लक्ष्मीप्रसाद शर्मा 'भूमिका' **'मनका खुसीहरू'**पूर्ववत् पृष्ठ उल्लेख नगरिएको ।

[४९] ऐजन ।

आफ्नो कलम चलाएको पाइन्छ । विकल्पको साहित्यिक व्यक्तित्व निर्माणका दृष्टिकोणले यो चरण महत्त्वपूर्ण रहेको छ । साथै २०५६ मा प्रकाशित 'दुई आत्माको मिलन' उपन्यास पनि यसै समयावधिमा तयार भएको पाइन्छ ।

### ४.५.२. द्वितीय चरण (२०५४ देखि हालसम्म)

इन्द्रकुमार विकल्पको साहित्य-यात्राको द्वितीय चरण २०५४ सालदेखि सुरुभएको छ । यस चरणमा प्रवेश गर्दा विकल्पको साहित्यिक व्यक्तित्व सबल र उच्च बन्न पुगेको देखिन्छ । विकल्प यस चरणमा विभिन्न किसिमका साहित्यिक गतिविधिमा संलग्न भएका छन् । साहित्य सृजनामा तीव्रता, विधागत सचेतता जस्ता कुराहरू विकल्पका यस चरणका साहित्यिक कृतिहरूमा देखिन्छन् ।

नेपाली साहित्यका कविता, आख्यान तथा समालोचनाका क्षेत्रमा कलम चलाएका विकल्पका यस चरणमा 'दुई आत्माको मिलन' (उपन्यास २०५६/२०६१), 'भुल्काहरू' (मुक्तकसङ्ग्रह २०५८) सर्वदलीय घर (लघुकथा सङ्ग्रह २०६०) 'लालीगुराँस फुल्ने मन' (गजलसङ्ग्रह २०६२) र 'बैँसका रहरहरू' (कथासङ्ग्रह २०६३) प्रकाशित भएका छन् । यस चरणमा उनका फुटकर लेख, रचनाहरू कालीको सुसेली, बाल सुसेली, मोदीकाली साप्ताहिक आदि पत्रपत्रिकामा प्रकशित हुँदै आएका छन् ।

कवितालेखनबाट क्रमशः आख्यानतर्फ आकर्षित बनेका विकल्पको 'दुई आत्माको मिलन' (२०५६) उपन्यास सामाजिक विषयवस्तुमा आधारित लेखिएको मौलिक उपन्यास हो ।[५०] यो प्रणयमूलक विषयवस्तुमा लेखिएको दुःखान्तक उपन्यास हो । विकल्पको यस चरणमा 'भुल्काहरू' मुक्तकसङ्ग्रह प्रकाशित भएको छ । यस मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा नौला सीप, प्रयोग, देशले भोग्नुपरेका समस्या, मानवीय पीडा-व्यथा एवं जीवनदर्शनका कुराहरू आएका छन् ।[५१] यस चरणमा विकल्पले २०५९ सालमा धवलागिरिका गजलकारहरूका गजलहरू सङ्कलन गरी

---

[५०] ओमप्रसाद घायल, 'दुई हात्माको मिलन प्रमको बलिदान', 'पाहुर' '**धौलाश्री** दैनिकको साप्ताहिक प्रकाशन (२०५९, असार २) पृ. २ ।

[५१] दिलीप 'दोषी', 'विकल्पका भुल कालाई स्पर्श गर्दा', **सासंक,** (वर्ष १, अङ्क १, २०६०) पृष्ठ ११२-११३ ।

'धवलागिरि स्पन्दन' नामक गजलसङ्ग्रहको सम्पादन गरेका छन् । धवलागिरिका गजलकारहरूलाई चिनाउनका निमित्त विकल्पले यस गजलसङ्ग्रहको सम्पादन गरेको पाइन्छ । यसै चरणमा विकल्पको 'सर्वदलीय घर' (२०६०) लघुकथासङ्ग्रह प्रकाशित भएको छ । यो लघुकथासङ्ग्रह धवलागिरिकै पहिलो प्रकाशित लघुकथासङ्ग्रहका रूपमा आएको छ । यस लघुकथासङ्ग्रहभित्र परेका लघुकथाहरूमा सामाजिक कुरीति, शोषण, अन्धविश्वास, सामाजिक विकृति-विसङ्गति आदि जस्ता कुराहरू आएका छन् ।[५२] यसै चरणमा नै विकल्पको 'लालीगुराँस फुल्ने मन' (२०६१) गजलसङ्ग्रह प्रकाशित भएको छ । यस गजलसङ्ग्रहभित्र परेका गजलहरूमा प्रेमी–प्रेमिकासँगका गुनासाहरू, पवित्र प्रेमका चाहनाहरू, प्रणय जगत्का आदश' भावनाहरू प्रकट भएका छन् ।[53] यसरी विकल्प यस चरणमा गजललेखनका क्षेत्रमा लागेका देखिन्छन् । यसै चरणमा विकल्पको अर्को साहित्यिक कृति 'बैंसका रहरहरू' (२०६३) कथासङ्ग्रह प्रकाशित भएको' छ । यस कथासङ्ग्रहभित्रका कथाहरूमा प्रेमका अनेक रूप आएका छन् । यस चरणमा कृति प्रकाशनका दृष्टिकोणले 'बैंसका रहरहरू' कथासङ्ग्रह उनको अन्तिम कृति हो ।

इन्द्रकुमार विकल्पका केही प्रकाशोन्मुख कृतिहरू पनि यसै चरणका रचना हुन् । उनका 'निस्तो सम्झौता' कथासङ्ग्रह, 'प्रेमको छहारी' उपन्यास र 'मेरा इन्द्रेणी सपनाहरू' कवितासङ्ग्रह प्रकाशोन्मुख कृतिका रूपमा रहेका छन् । यस चरणमा विभिन्न साहित्यिक सङ्घ–संस्थातर्फ पनि संलग्न भई उनले आफ्नो साहित्यिक व्यक्तित्वको विकास गरेका छन् । २०५४ सालमा 'पर्वत साहित्य सङ्गम' संस्थाको स्थापना गरी उनले विविध लेख, रचना एवं कृतिहरू उक्त संस्थाका माध्यमबाट प्रकाशित गर्दै पनि आएका छन् । पर्वतको साहित्यिक विकासलाई समुन्नत गराउनका लागि विकल्पले महत्त्वपूर्ण योगदान यस चरणमा गरेको देखिन्छ । उनले 'कालीको सुसेली', 'बाल सुसेली', जस्ता समसामयिक साहित्य सँगालोको सम्पादन र प्रकाशन

[५२] प्रेम छोटा 'भूमिका' **'सर्वदलीय घर**'(पर्वतः रामचन्द्र जोशी, २०६०) पृ. उल्लेख नगरिएको ।

[५३] घनश्याम न्यौपाने परिश्रमी 'भूमिका' **'लालीगुरास फुल्ने मन**' पूर्ववत्, पृ. उल्लेख नगरिएको ।

गर्दै आएका पनि छन् । विविध पत्रपत्रिका तथा सङ्घसंस्थासित सम्बद्ध भएर साहित्य सृजनाका क्षेत्रमा महत्त्वपूर्ण भूमिका विकल्पले यस चरणमा खेलेका छन् ।

इन्द्रकुमार विकल्पको समग्र साहित्य यात्रालाई हेर्दा उनको यो दोस्रो चरण बढी, उर्वर र उपलब्धिमूलक रहेको छ । प्रथम चरणमा कविता विधामा देखापरेको उनको प्रतिभा द्वितीय चरणमा आइपुग्दा गजल, मुक्तक, कथा, उपन्यास लेखनका क्षेत्रमा बढी मौलाएको पाइन्छ । प्रथम चरणका तुलनामा विकल्पले द्वितीय चरणमा बढी साहित्य सृजना गर्नुका साथै विविध साहित्यिक सङ्घसंस्थामा क्रियाशील भई आफ्नो साहित्यिक व्यक्तित्वको विकास गरेका छन् ।

## अध्याय : ५

# इन्द्रकुमार विकल्पको कृतित्वको अध्ययन

## ५.१ पृष्ठभूमि

इन्द्रकुमार 'विकल्प' २०३७ सालमा 'कृतज्ञता' शीर्षकको कविता लिएर नेपाली कविताक्षेत्रमा देखापरेका हुन् । उनका फुट्कर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । उनका प्रकाशित कवितासङ्ग्रह 'सम्झनाका डोबहरू' (२०४४), 'मनका खुसीहरू' (२०५२) रहेका छन् । उनका 'भुल्काहरू' (२०५८) मुक्तक–सङ्ग्रह, 'लालीगुराँस फुल्ने मन' (२०६२) गजलसङ्ग्रह पनि प्रकाशित भएका छन् ।

साहित्यका अन्य विधाहरूजस्तै कविता विधाका पनि केही निजी उपकरणहरू रहेका हुन्छन् । ती उपकरणहरू साहित्यले अङ्गीकार गर्ने आधारभूत कथ्य सामग्रीको उपादान र भाषिक संरचनात्मक कौशल एवम् तिनका भावात्मक र रूपात्मक प्रतिफलनसमेत अपेक्षित नै रहन्छन् ।[५४] साहित्यलाई पूर्ण रूपाकृति प्रदान गर्न केही आवश्यक संरचक तत्त्वहरू हुन्छन् । यिनै संरचक तत्त्व वा घटकबाट कविता/काव्यको निर्माण हुन्छ । पूर्वमा कल्पना, भावना, विवेक/बुद्धि, कविको भावजगत्, हास–परिहास तथा चमत्कार आदिलाई काव्यको आन्तरिक तत्त्व र रीति, गुण, औचित्य वा शब्दालङ्कार आदिलाई काव्यको बाह्य तत्त्व मानिएको छ । पश्चिममा विषयवस्तु, संरचना, विम्बप्रतीक, अलङ्कार, छन्द, लय, अनुप्रास, शब्दयोजना, वाक्यविन्यास, भाषाशैली आदिलाई कविताका तत्त्व मानिएको पाइन्छ । यसै आधारमा कविता संरचनाका लागि विषयवस्तु/भावविधान, लय तथा छन्दविधान, भाषाशैली, विम्बप्रतीक, अलङ्कारविधान, शीर्षक, संरचनाजस्ता घटकहरू आवश्यक पर्दछन् । कविताका यिनै तत्त्वहरूका आधारमा यहाँ इन्द्रकुमार विकल्पका कविता-कृतिको अध्ययन गरिएको छ ।

---

[५४] वासुदेव त्रिपाठी र अन्य **नेपाली कविता भाग–४**, (द्वितीय संस्क., ललितपुरः साझा प्रकाशन, २०५३), पृष्ठ १६ ।

## ५.२. 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहको अध्ययन

### ५.२.१ लेखन र प्रकाशन

इन्द्रकुमार 'विकल्प' द्वारा रचित/लिखित 'सम्झनाका डोबहरू' कवितासङ्ग्रह २०४४ सालमा प्रकाशित भएको हो । २०३७ सालदेखि २०४४ सालसम्मका विविध पत्रपत्रिकामा प्रकाशित ३२ वटा फुटकर कविताहरूलाई उक्त कवितासङ्ग्रहमा समेटिएको छ । श्रीमती लक्ष्मीकुमारी जोशीद्वारा प्रकाशित उक्त कवितासङ्ग्रहको भूमिका अविनाश श्रेष्ठले लेखेका छन् । यसको दोस्रो संस्करण २०६२ सालमा प्रकाशित भएको छ । यसमा लेखकको भनाइ र सरूभक्तको हार्दिक शुभेच्छा पनि टिपिएको छ ।

### ५.२.२ विषयवस्तु/भावविधान

'सम्झनाका डोबहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित 'सम्झनाका डोबहरू', 'जीवन', 'गरिब एक चित्रण', 'प्रतीक्षा', 'भावना', 'एकमुठी सास', 'सावधान', 'आस्था', 'कृतज्ञता', 'पृथ्वी एक मनन', 'बैंस,' 'निराशा', 'दुई टुक्रा', 'मन', 'दशैं', 'मुक्तक', 'नयाँ वर्ष', 'हाँसो', 'तिमी र म', 'क्षण', 'मायालुको खोजीमा', 'श्रृङ्खला', 'खुल्नुपर्छ बुद्धका अर्धमुर्दित नयनहरू', 'विश्व वातावरण र युगीन चाहना', 'मान्छे,' 'गामबेसीका साइँला साइँलीहरू', 'एउटा माग्ने', 'फूल', 'ऊ जुनीको कमाइ', 'बुख्याँचा र देश', 'हिजो, आज, भोलि', 'श्रद्धाञ्जली' गरी ३२ वटा कविताहरू परेका छन् । उपर्युक्त कविताहरू विविध विषयवस्तुमा आधारित छन् ।

इन्द्रकुमार 'विकल्प' नेपाली कविताका क्षेत्रमा विविध विषयवस्तुलाई लिएर कविता रचना गर्ने कवि हुन् । विषयवस्तुका दृष्टिले उनको 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहमा सामाजिक-राजनैतिक, सांस्कृतिक, शृङ्गारिक, वैज्ञानिक तथा प्राकृतिक विषयवस्तुमा आधारित कविताहरू परेका छन् ।

### (क) सामाजिक-सांस्कृतिक विषयवस्तुमा आधारित कविताहरू

विकल्पले समाजमा घट्ने यथार्थ घटनालाई आफ्ना कवितामा प्रस्तुत गरेका छन् । गरिबी र अन्यायअत्याचारको चपेटामा परेका मानिसहरूको विसङ्गत जीवनलाई कविले यस सङ्ग्रहका कवितामा प्रस्तुत गरेका छन् । मान्छे बाँचुन्जेल आफ्नो स्वार्थसिद्धितर्फ लाग्छ तर उसले किन यस्तो गर्दछ भन्ने प्रश्नहरू उठाइएका कविता 'सम्झनाका डोबहरू' का कवितामा आएका छन् । अन्याय-अत्याचारमा परेका गरिब मानिसले दिन-रात नभनी सङ्घर्ष गरिरहेको र एकमुठी सास लिएर बाँचेको मानिसले आँसु र जलनमा डुबाई आफूलाई तुल्याइरहेका सन्दर्भहरू यस सङ्ग्रहका कवितामा समेटिएका छन् । हाम्रो समाजमा मानिसले जीवनमा कडा सङ्घर्ष गर्नुपर्छ भन्ने सन्देश बोकेका कविता पनि परेका छन् । समय र परिस्थितिका कारण भोक, रोग र शोक बढिरहेको अवस्थामा मानिसले अनेक कुरा सोचिरहेको हुन्छ र त्यस्ता सोचाइहरू मानवीय मनसँगै हटाउन प्रयत्नशील दुनियाँ विक्षिप्तताको संसारभित्र रमाइरहेका छन् भन्ने जस्ता भाव पनि यस सङ्ग्रहका कवितामा आएका छन् । कविले नेपाली समाजमा विद्यमान अन्धपरम्परालाई चित्रण गर्दै नेपाली युवायुवतीहरूले आफ्ना भित्री इच्छाहरूलाई बाहिर ल्याउन सक्नुपर्छ भन्ने भाव पनि यस सङ्ग्रहका कवितामा व्यक्त गरेका छन् । वर्तमान नेपाली समाजका जनताले विभिन्न किसिमका समस्याहरू भेल्नुपर्ने अवस्था रहेको बेला बुद्धले आफ्ना अर्धमुर्दित नयनहरू खोली शान्ति बहाली गर्नुपर्ने कुराहरू पनि प्रस्तुत सङग्रहका कवितामा परेका छन् । समाजमा चलेको वर्गीय द्वन्द्वले मानिसमा दूरता र जङ्गली प्रवृत्ति बढेको सङ्केत पनि उनका कवितामा पाइन्छ । पूर्वकालीन समाजमा सन्त्रास छाएको थिएन तर अहिले ग्रामीण होस् या सहरी क्षेत्र जतासुकै त्राहि–त्राहि बढेको र मानिसले त्रासदीपूर्ण जिन्दगी जिउन पुगेको दयनीय स्थितिको अभिव्यक्ति पनि यस सङ्ग्रहका कवितामा पाइन्छ । नेपाली समाजका गरिब मानिसहरू साहूको घर–खेतमा काम गर्न विवश हुनुपरेका यथार्थ र कारुणिक विचारहरूलाई पनि उनले आफ्ना कवितामा समेटेका छन् ।

विकल्पले नेपालीहरूको ठूलो चाड दसैंले कसैको ओठमा हाँसो र कसैको टाउकामा ऋण बोकाएर जानेजस्ता सांस्कृतिक विसङ्गतिलाई पनि आफ्ना कवितामा प्रस्तुत गरेका छन् ।

## (ख) राजनैतिक विषयवस्तु

विकल्पको 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरू राजनैतिक विषयवस्तुसँग पनि सम्बन्धित रहेका छन् । नेपालमा नयाँ वर्षसरि राजनीतिले नयाँ स्वरूप प्राप्त गर्न सकिरहेको छैन, नेपाल शान्तिपूर्ण देश भनेर कहलिए पनि शान्ति र स्वतन्त्रताको श्वास नेपाली जनताले फेर्न पाएका छैनन्, मान्छे आस्थाको भरमा चल्दै जाँदा खोक्रो बनिसकेको छ, जनताले आफ्ना पीडा, अन्याय, अत्याचार खपी देशको स्वार्थी राजनीतिलाई स्वीकार गर्नुपरेको छ भन्ने भावसन्दर्भहरू उनका कवितामा अभिव्यक्त भएका छन् ।

नेपाली राजनीतिले गर्दा नेपाली जनजीवन अस्तव्यस्त बनेको दुःखद परिस्थितिको चित्रण पनि उनका कवितामा पाइन्छ । जस्तै :

*त्यसै – त्यसै डराइरहेका छन्*

*गामबेसीका साइँला साइँलीहरू*

*के के हुँदी ............ बहुदल.......... ? निर्दल......... ? ....... के के ।*

*(गामबेंसीका साइँला साइँलीहरू, पृष्ठ-४२)*

यसरी बहुदल र निर्दल दुवैको भयमा नेपाली ग्रामीण जीवन सन्त्रस्त बनेको विषयवस्तु उनका कवितामा व्यक्त भएको पाइन्छ । विकल्पले नेपालको वर्तमान राजनीतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । एउटा माग्नेले जुनसुकै सत्ता आए पनि बाँचुन्जेल कुनै सहारा प्राप्त गर्न सकेको छैन भन्ने तथ्य उनका कवितामा अभिव्यक्त भएको पाइन्छ । यसरी राजनीतिक परिवर्तन र त्यसले निम्त्याएका समस्याहरू पनि उनका कविताका विषयवस्तु बनेका छन् ।

**(ग) प्रणयमूलक विषयवस्तु**

इन्द्रकुमार 'विकल्प' ले आफ्ना कवितामा शृङ्गारिक विषयवस्तुको प्रयोग पनि गरेका छन् । 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित अधिकांश कविताहरू शृङ्गारिक विषयवस्तुमा आधारित छन् । प्रमिकाको सम्झना गर्दै आनन्द मान्ने प्रेमीले प्रेमिकाको प्रतीक्षा गरिरहेका भावसन्दर्भ उनका कवितामा आएका छन् । बैंसले मात्तिएका युवकहरूलाई सावधान रहन आग्रह गर्दै कविले प्रेमिकाले गरेको माया मार्गनिर्देश बन्न सक्छ भन्ने भाव व्यक्त गर्दै । यौवनको मजा लिनका लागि क्षणिक विश्वासमा नलाग्न उनले आग्रह गरेका छन् । त्यसैगरी उनले युवायुवतीका प्रेमान्धपरम्परालाई पनि कवितामा देखाउने काम गरेका छन् । वास्तविक प्रेमिकालाई बुझ्न नसकेको प्रेमी पछि पछुताउनुपर्ने जस्ता विषय उनका प्रणयमूलक कवितामा आएका छन् । नारीलाई फूलसँग तुलना गर्दै कविले एउटा सुगन्ध फैलाउने वस्तुको रूपमा नारीको चित्रण गरेका छन् । यसरी प्रेमका अनेक रूपको चित्रण गर्दै कविले शृङ्गारिक विषयवस्तुलाई आफ्ना कवितामा समेटेका छन् ।

'विकल्प'ले कवितामा विविध विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा वर्तमान समयमा विज्ञानले पारेको वातावरणीय प्रभाव र सन्त्रस्त जीवनलाई स्पष्ट पार्ने काम पनि गरेका छन् । यसरी सामाजिक, साँस्कृतिक, राजनैतिक, शृङ्गारिक, वैज्ञानिक तथा प्राकृतिक विषयवस्तुमा आधारित कविताहरू यस कवितासङ्ग्रहमा समावेश भएको देखिन्छ ।

## ५.२.३ संरचना

'सम्झनाका डोबहरू' कवितासङ्ग्रह बाह्य संरचनाका दृष्टिले डिमाइ आकारको रहेको छ । ५५ पेजमा विस्तारित यस सङ्ग्रहमा ३२ वटा कविताहरू रहेका छन् । आयामका दृष्टिले यसका कविता न्यूनतम एकदेखि अधिक्तम बीस अनुच्छेदसम्म फैलिएका छन् । यसका कविताहरू समानुपातिक अनुच्छेदयोजना र पङ्क्तियोजनामा आबद्ध छैनन् । कविताका कुनै अनुच्छेद २२ पङ्तिसम्म फैलिएका छन् भने कुनै अनुच्छेद एक पङ्क्तियोजनामा सीमित छन् । एक अनुच्छेदमा मात्र निर्मित 'सावधान'

कवितामा २० हरफहरू रहेका छन् भने २० अनुच्छेदसम्म फैलिएको 'मायालुको खोजीमा' कवितामा न्यूनतम एकपङ्क्तिदेखि अधिकतम १३ पङक्तिसम्म विस्तारित अनुच्छेदहरू रहेका छन् । आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत सङ्ग्रहका ज्यादाजस्तो कविता कविप्रैाढोक्ति कथनपद्धतिमा आधारित छन् । उनका कवितामा भावको पुनरावृत्ति र स्वतन्त्र साहचर्यात्मक बुनोटसमेत रहेको पाइन्छ । यसरी संरचनाका दृष्टिले यस सङ्ग्रहका कवितामा समानुपातिक आयाम विस्तार छैन र कतिपय कवितामा भावको पुनरावृत्ति रहेको पाउन सकिन्छ ।

## ५.२.४ कथनपद्धति

कुनै पनि भनाइलाई प्रस्तुत गरिने तरिकालाई कथनपद्धति भनिन्छ । 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहका कविताहरूमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको पाइन्छ । यसका ३२ वटै कविताहरू रहेका कविकथनमा आधारित छन् भने अधिकांश कविताहरूमा प्रथमपुरुष र तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कुनै कुनै कवितामा प्रथम र तृतीय पुरुषसमेत (मिश्रित) दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका १४ वटा कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने १२ वटा कवितामा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । २ वटा कवितामा द्वितीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

यसरी 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहका कवितामा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको छ भने यसका अधिकांश कवितामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । कतै द्वितीय पुरुष र कतै-कतै मिश्रित दृष्टिविन्दु पनि यस सङ्ग्रहका कवितामा प्रयोग भएको छ ।

## ५.२.५ लयविधान

'सम्झनाको डोबहरू' कविता-सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा मुक्त गद्य/लयको प्रयोग भएको छ । एकदेखि बीस अनुच्छेदसम्मका अनियमित पङ्क्तियोजनाले गर्दा पनि यसका कविताहरू मुक्तलयमा आधारित छन् भन्न सकिन्छ ।

यस सङ्ग्रहका कवितामा पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्तिपङ्क्तिका बीचको अन्त्यानुप्रासीयताबाट गद्यकविताको अन्तर्लय भने समृद्ध बनेको पाइन्छ । भाषाशैलीका दृष्टिले पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत लयविधान रहेको पाइन्छ । यसरी गद्यात्मक ढाँचामा आधारित यस सङ्ग्रहका सबैजसो समग्र कविताहरूमा अर्न्तलयात्मक गद्यलयको प्रयोग भएको पाइन्छ ।

## ५.२.६ भाषाशैली

'सम्भनाका डोबहरू' कविता-सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा गद्यात्मक भाषशैलीको प्रयोग भएको छ । यस क्रममा कविले चलनचल्तीका तत्सम शब्दको समुचित प्रयोग गर्न रुचाएका छन् । अनुभूतिलाई काव्यात्मकता प्रदान गर्ने क्रममा कविले आगन्तुक, तद्भव र मौलिक नेपालीका शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ । विज्ञान र प्रविधिसँग सम्बन्धित शब्दावलीको प्रयोगले यस सङ्ग्रहका कविताहरू बौद्धिक बने पनि नित्य व्यवहारमा आउने शब्दावलीको प्रयोगले यस सङ्ग्रहका कविता दुर्वोध्य नबनी ओजस्वी बनेका छन् ।

## ५.२.७ विम्ब, प्रतीक र अलङ्कारविधान

'सम्भनाका डोबहरू' कवितासङ्ग्रहका कविताहरूमा सामाजिक, सांस्कृतिक, राजनैतिक, प्रणयमूलक, वैज्ञानिक तथा प्राकृतिक विषयवस्तुसँग सम्बन्धित विम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । समाजमा रहेका अन्याय-अत्याचारलाई उजागर गर्नका निमित्त कवितामा सामाजिक विम्बहरू आएका छन् भने विविध विकृति विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्न प्रतीकको प्रयोग भएको पाइन्छ । राजनीति, प्रेमजस्ता विषयवस्तुमा देखिएका कमीकमजोरीलाई एवम् विसङ्गतिलाई अभिव्यक्ति दिनका निम्ति विम्ब र प्रतीकले यस सङ्ग्रहका कवितामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस सङ्ग्रहका कविताहरूमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पनि पाइन्छ । यस सङ्ग्रहमा कुनै कवितामा छेकानुप्रास, कुनैमा अन्त्यानुप्रासको प्रयोग गरेको पाइन्छ । अनुप्रासयोजनामा उनी त्यति सचेत देखिँदैनन् । उनका प्रायः कविताहरूमा उपमा र

रूपक अर्थाअलङ्कारको साथै स्मरण, उत्प्रेक्षा, सन्देहजस्ता अर्थालङ्कारको पनि प्रयोग गरिएको पाइन्छ ।

अन्ततः विविध विषयवस्तुलाई समेटी रचना गरिएका प्रस्तुत 'सम्झनाका डोबहरू' कवितासङ्ग्रहका अधिकांश कविता असमानुपातिक संरचनामा आबद्ध छन् । गद्यलयमा आधारित तथा कविप्रौढोक्ति कथनपद्धति र प्रथम, तृतीय तथा मिश्रित एवम् द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी उनले यस सङ्ग्रहका रचना तयार पारेका छन् । त्यस्तै चलनचल्तीका शब्द एवम् विविध विम्ब, प्रतीक र अलङ्कारको प्रयोगले उनका कविता व्यञ्जनात्मक एवम् आलङ्कारिक बन्न पुगेका छन् ।

## ५.३ 'मनका खुसीहरू' कवितासङ्ग्रहको अध्ययन

### ५.३.१ लेखन र प्रकाशन

नेपाली गद्यकविताका क्षेत्रमा कलम चलाउँदै आएका इन्द्रकुमार 'विकल्प' को दोस्रो कवितासङ्ग्रह 'मनका खुसीहरू' (२०५२) हो । यस सङ्ग्रहमा कविले २०४५ देखि २०६१ सालसम्मको अवधिमा लेखेका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कवितालाई समाहित गरेका छन् । 'मनका खुसीहरू' कवितासङ्ग्रह २०५२ सालमा श्रीमती लक्ष्मीकुमारी जोशीद्वारा प्रकाशित गरिएको हो । यस कवितासङ्ग्रहको भूमिका लक्ष्मीप्रसाद शर्माद्वारा लेखिएको छ । यस सङ्ग्रहभित्रका कविताहरू कल्पना र यथार्थताको द्वन्द्वमा रुमलिंदै सत्यताको खोजीमा उन्मुख रहेका छन् ।[५५] राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश र परिस्थितिबाट उब्जेका मानवीय समस्याले पिरोलिएका भावनाहरू यस सङ्ग्रहका कवितामा आएका छन् । कतिपय कवितामा कविका मानसिक आकाशमा मडारिएको कालो बादल पनि अभिव्यक्त भएको छ तैपनि शान्तिको दियो बाल्ने आशामा भने कविको मन भत्केको छैन ।[५६] यस कवितासङ्ग्रहभित्र 'शान्तिको चाहना', 'प्राकृतिक दृश्यसँग मन', 'अनुभूति', 'धर्तीमाता',

---

[५५] लक्ष्मीप्रसाद शर्मा 'भूमिका' **'मनका खुसीहरू'** पूर्ववत् , पृष्ठ उल्लेख नगरिएको ।

[५६] ऐजन ।

'बैंसका गीतहरू', 'आधारभूत आवश्यकता', 'वास्तवमा', 'मनका खुसीहरू', 'आजभोलि', 'कालीको तीरैतीर', 'धैर्यता', 'बिछोडपछि', 'यात्रा', 'मनको बह', 'शुभेच्छा', 'प्रस्तर मूर्ति', 'हीनताबोध', 'शान्ति र सृजना', 'ओठका हाँसोहरू', 'बुद्धम शरणम', शीर्षकका २० वटा कविता सङ्ग्रहित छन् । प्रकृतिचित्रण, सामाजिक विकृति-विसङ्गति, राजनैतिक चेतना, राष्ट्रप्रेम, मायाप्रीति, एवम् जीवनका विविध अनुभूतिलाई कविले उपर्युक्त कविताका विषयवस्तु छानेका छन् ।[५७] कविता विधाका संरचक तत्त्वका आधारमा 'मनका खुसीहरू' कवितासङ्ग्रहको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

## ५.३.२ विषयवस्तु

'मनका खुसीहरू' कवितासङ्ग्रहका कविताहरू विविध विषयवस्तुमा आधारित रहेका छन् । तिनलाई निम्नानुसारका फरक–फरक विषयवस्तुका क्षेत्रभित्र राखी अध्ययन गर्न सकिन्छ ।

### (क) प्राकृतिक विषयवस्तु

'मनका खुसीहरू' कवितासङ्ग्रहमा प्राकृतिक विषयवस्तुसँग सम्बन्धित कविताहरू पनि आएका छन् । 'प्राकृतिक दृश्यसँग मन' कवितामा कविले प्रकृति चित्रणमा जोड दिएका छन् । प्रकृतिमा कवि रमाउँदै कविले उक्त कवितामा आफू हिमाल, पहाड हेरेर मुग्ध भएको कुर व्यक्त गरेका छन् भने आकाशतिर छाएको कालो बादलदेखी निराश पनि भएका छन् । कवि आफ्ना यात्राका क्रममा कतै भयभीत बनेका छन् भने कतै उमङ्गले मूर्त वस्तुलाई पनि अमूर्त ठान्न पुगेका छन् । त्यस्तै सामाजिक र प्राकृतिक वातावरणको ह्रासले मानिसका विचार र भावनाहरूलाई विकृत पारेका कारण कविले चिन्ता पनि प्रकट गरेका छन् । यसरी प्रकृतिसँग रमाउँदै प्रकृतिको जीवन्त चित्र उतार्नु यस सङ्ग्रहका कतिपय कविताको विषयवस्तु एवम् वैशिष्ट्य बन्न पुगेको छ ।

---

[५७] सूर्य के.सी. 'मनका खुशीहरू कवितासङ्ग्रहको विश्लेषण' **'पर्वत आह्वान'** (वर्ष १, अङ्क १, २०६१) पृ.३ ।

'अनुभूति' कवितामा कविले प्राकृतिक वातावरणको चित्रण गर्दै अविराम प्राकृतिक स्रोतसँग कविकलाकारको जीवनलाई तुलना गरेका छन् । अविराम जिन्दगीको यात्रामा अवरूद्ध हुन थालेका कलमका टुप्पाहरूलाई बिसाउने कुनै ठाउँ नपाएको सन्दर्भ कवितामा आएको छ ।

'धर्ती–माता' कवितामा कविले मातृभूमि तथा धर्तीमाताप्रतिको प्रेमलाई प्रस्तुत गरेका छन् । कवि जतिसुकै महान, सुखी एवम् दुःखी र हीन भए पनि धर्तीमाताकै शरणमा पर्ने, उनकै काखमा विलुप्त बन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

'वास्तवमा' कविता पनि प्राकृतिक विषयवस्तुसँग सम्बन्धित कविता हो । कविले प्रकृतिसँग खेल्ने र त्यसकै विषयवस्तुमा आधारित भएर कविता कोर्ने कुरा यस कवितामा स्पष्ट पारेका छन् । प्राकृतिक दृश्यसँगै कल्पनाको सागरमा डुबी भित्रभित्रै पौडी खेल्ने गरेको अनुभूति यस कवितामा कविले गरेका छन् ।

'मनका खुसीहरू' कवितामा प्राकृतिक सन्दर्भसँग जीवनलाई जोड्दै कविले जीवनमा आएका विभिन्न किसिमका उतार-चढावका पृष्ठभूमिमा जीवनकै अस्तित्व एवम् स्वत्वमा आएको सङ्कट र स्वाभिमानको विचलनमा बाँच्नुको पीडालाई ऋतुपरिवर्तन एवम् प्रकृतिका विविध अवस्थासँग दाँज्न खोजेका छन् ।

'कालीको तीरैतीर' कवितामा कविले कालीगण्डकीझैँ पवित्र रूपमा बगिरहने मानवीय जीवनशैलीको चित्रण गरेका छन् । निरन्तर आफ्नो यात्रा–पथमा समयको कुनै पनि हदबन्दी कायम नगरी अगाडि बढ्ने मानव पैतलाहरू थकित बन्न खोजेको भय यस कवितामा व्यक्त भएको छ । यसै गरी मान्छेले गर्ने यात्रा अनन्त हुन्छ भन्ने विषयसन्दर्भ 'यात्रा' कवितामा आएको छ ।

प्रकृतिको जीवन्त चित्रण गर्दै 'शुभेच्छा' कवितामा कविले झूटो आदर्शले सत्यलाई कहिल्यै नजित्ने कुरा चैत–वैशाखको गर्मी र शिशिरको कठ्याङ्ग्रिँदो जाडोसँग तुलना गर्दै प्रकृतिको आदर्शपक्षको चित्रण गरेका छन् । यसरी विविध तरिकाले प्राकृतिक विषयवस्तुलाई आफ्ना कवितामा समेट्ने प्रयास कविले गरेका छन् ।

**(ख) सामाजिक–राजनैतिक विषयवस्तु**

इन्द्रकुमार 'विकल्प' प्रकृति, समाज, राजनीति, विज्ञान, प्रणय आदिजस्ता विषयवस्तुलाई लिएर कविता लेख्ने कवि पनि हुन् । विकल्पका सामाजिक–राजनैतिक विषयवस्तुमा आधारित कवितामा समाजमा रहेका गरिबी, अन्याय–अत्याचार, शोषित–पीडित वर्गको जीवनशैली एवम् वर्तमान राजनीतिप्रति व्यङ्ग्यभाव प्रस्तुत गरिएको छ ।

'मनका खुसीहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित 'शान्तिको चाहना', 'आधारभूत आवश्यकता', 'आजभोलि', 'धैर्यता', 'शान्ति' जस्ता कवितामा सामाजिक–राजनैतिक विषयवस्तु रहेको छ । राजनीतिप्रति व्यङ्ग्य गरिएका कवितामा कविले विश्व अहिले भयावह स्थितिबाट गुज्रिरहेको छ भन्ने भावना व्यक्त गरेका छन् । प्रेम, विश्वास, नैतिकता, इमानदारीजस्ता मानवीय प्रवृत्तिमा देखिएका विकृतिले सामाजिक संरचना सलबलिएको कुरा उपर्युक्त कवितामा आएको पाइन्छ । विज्ञानको उन्नतिका कारण भौतिक विकासमा देखिएको अस्वस्थ प्रतिस्पर्धाबाट प्राकृतिक स्रोत शोषित बन्न पुगेको कुरा पनि कवितामा आएको छ । कविले समाजमा देखिएका मानवीय दुष्कृति र विमतिले अन्धकारतर्फ धकेलिन पुगेको मानव जातिको अस्तित्वलाई पनि यस सङ्ग्रहका कवितामा देखाउन पुगेका छन् । यसरी विश्वको भयावह स्थितिको चित्रण, नीतिचेतना तथा समाजमा व्याप्त गरिबी, बेरोजगारी वातावरणमा देखापरेका समस्यालाई प्रस्तुत सङ्ग्रहका कविताका माध्यमबाट अभिव्यक्त गर्ने काम कविले गरेका छन् ।

नेपालको वर्तमान राजनीतिमा देखिएका विकृति र विसङ्गतितर्फ तीव्र व्यङ्ग्य प्रहार गर्दै कविले नेपाली समाजको दयनीय स्थितिलाई चित्रण गरेर पनि केही कविता लेखेका छन् । सोझा र निमुखा जनतालाई सिँढीको खुड्किलो बनाएर उच्च स्थानमा पुग्ने नेता पछि गएर जनतालाई उपेक्षा गर्ने, आफ्नै मोजमस्ती र स्वार्थले गर्दा देश र जनतालाई अन्धकारतर्फ धकेल्ने कामबाहेक अरू काम नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्ने काम कविले गरेका छन् । समाजमा रहेका गरिब र निम्नवर्ग जसलाई गास, बास

र कपासजस्ता आधारभूत आवश्यकता पूरा गर्न प्रत्येक दिन सङ्घर्ष गर्नुपर्ने जस्ता भावहरूको अभिव्यक्ति प्रस्तुत सङ्ग्रहका कवितामा कविले गरेका छन् । कठिन परिश्रम गर्दा पनि दुई छाक मुखमा माड लगाउन, घामपानीबाट शरीर ओत्न र लाज ढाक्न एकसरो कपडा जुटाउन सकेमात्र सन्तोष मान्नुपर्ने मानिसका विवशता र वेदना पनि वेदना पनि यस कवितासङ्ग्रहमा सङ्ग्रहित कवितामा व्यक्त भएका छन् । जस्तै :

"मान्छे भएर जन्मेपछि

मान्छेको अगाडि लाज लाग्दा

सबै चाहना पर सारेर

लाज पचाउन एकसरो......................पाए पनि पुग्छ ।"

(आधारभूत आवश्यकता : पृष्ठ ९)

यसरी 'मनका खुसीहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित सामाजिक–राजनैतिक विषयवस्तुमा आधारित कवितामा समाजमा विद्यमान गरिबवर्गप्रति लक्षित गर्दै उच्चवर्गका राजनैतिक विसङ्गगति र विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### (ग) प्रणयमूलक विषयवस्तु

इन्द्रकुमार 'विकल्प' द्वारा लिखित 'मनका खुसीहरू' कवितासङ्ग्रहभित्र प्रणयमूलक विषयवस्तुका कविताहरू पनि परेका छन् । यस सङ्ग्रहमा आएका 'विछोडपछि', 'मनको बह', 'प्रस्तर मूर्ति', 'ओठका हाँसोहरू', 'बुद्धम् शरणम्' जस्ता कविताहरू शृङ्गारिक प्रकृतिका रहेका छन् । कविले मायाप्रीति र जीवनका विविध अनुभूतिलाई प्रस्तुत सङ्ग्रहका कवितामा व्यक्त गरेका छन् । कवितामा मायालुसँग लामो समयसम्म भेट नभएपछि प्रेमीका वाचा र विश्वासहरू सबै झूटा साबित हुन्छन् र त्यसपछि प्रेमिका अरूसँग नै सम्बन्ध गाँस्न चाहान्छन् भन्ने प्रसङ्ग पनि उनका कवितामा आएका छन् । कविले प्रेमिकासँग मनका वह पोख्न नपाएर तड्पिरहेको प्रसङ्ग र विश्वासघात गर्दा आफैले नै पाप गरेको जस्ता प्रसङ्गलाई पनि यस सङ्ग्रहका

कवितामा व्यक्त गरेका छन् । कुनै कवितामा मायाको प्रस्ताव स्वीकृत नभएपछि प्रस्तरमूर्तिसँग मायालाई तुलना गरेको प्रसङ्ग पनि आएको देखिन्छ :

हात जोडेर मैले मायालुलाई

पुऱ्याएँ बिन्ती उनको मनभित्र–भित्र पनि

तर पाइनँ कतै मायाको स्वीकृति

पाएँ केवल उनको मनभित्र

ढुङ्गाको झैँ मनको 'अनुभूति' ।

(प्रस्तरमूर्ति, पृष्ठ २२)

विकल्पका कवितामा लुकीलुकी प्रेमिकाको मुस्कान हेर्दै कुनै प्रेमीले उसको तस्बिर छातीमा कोरेको प्रसङ्ग पनि आएको छ । यसै गरी कविले रातदिन मायालुको कल्पना गर्दै मन मस्त भएको कुरा पनि व्यक्त गरेका छन् । एकल प्रेमद्वारा विक्षिप्त बनेका घटनाहरू पनि उनका कविताका विषयवस्तु बनेका छन् । यसरी प्रणयमूलक तथा शृङ्गारिक भावभूमिका कविता पनि 'मनका खुसीहरू'मा सङ्ग्रहित छन् ।

## ५.३.३ संरचना

'मनका खुसीहरू' कवितासङ्ग्रह वाह्य संरचनाका दृष्टिले डिमाइ आकारको रहेको छ । ३२ पृष्ठमा विस्तारित यस कवितासङ्ग्रहमा ३२ वटा कविताहरू रहेका छन् । पृष्ठसङ्ख्या उल्लेख नगरिएका 'भूमिका' र 'लेखकको भनाइ' रहेका थप दुई पृष्ठ पनि यसमा रहेका छन् । आयामका दृष्टिकोणले एक अनुच्छेददेखि पन्ध्र अनुच्छेद योजनासम्म फैलिएका कविताहरू यस सङ्ग्रहमा परेका छन् । सबै कविताका अनुच्छेद योजना र पङ्क्ति योजना समानुपातिक रूपमा मिलेका भने छैनन् । यसका कविता एक अनुच्छेददेखि पन्ध्र अनुच्छेदसम्म फैलिएका छन् । एकै अनुच्छेदमा २९ पङ्क्तिसम्म विस्तारित कविता पनि यस सङ्ग्रहमा रहेका छन् । सबैभन्दा कम अनुच्छेद योजना

रहेको 'धर्ती माता' (एक अनुच्छेद) कवितामा २९ पङ्क्ति रहेका छन् भने सबैभन्दा बढी अनुच्छेद योजना रहेको 'बुद्धम् शरणम्' (पन्ध्र अनुच्छेद) कविता पनि यसमा परेका छन् । उनका केही कवितामा भावको पुनरावृत्ति रहेको पनि देखिन्छ । यसरी संरचनाका दृष्टिकोणले यस सङ्ग्रहमा असमानुपातिक आयाम विस्तार भएका कविताहरू सङ्कलित छन् ।

### ५.३.४ कथनपद्धति

'मनका खुसीहरू' कवितासङ्ग्रहका सबै कविताहरूमा कविप्रौढोक्ति कथनपद्धतिको उपयोग गरिएको छ । 'शान्तिको चाहना', 'बैंसका गीतहरू', 'वास्तवमा', 'कालीको तीरैतीर', 'धैर्यता', 'बिछोडपछि', 'यात्रा', 'मनको बह', 'हीनताबोध', 'शान्ति र सृजना', शीर्षकका कवितामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । उपर्युक्त कविताहरूमा कविले आत्मलापीय शैलीको प्रयोग पनि गरेका छन् । यस सङ्ग्रहमा आएका 'प्राकृतिक दृश्य संगमन', 'अनुभूति', 'आधारभूत आवश्यकता', 'आजभोलि', 'प्रस्तर मूर्ति', जस्ता कविताहरू तृतीय पुरुष दृष्टिविन्दुमा प्रस्तुत भएका छन् । 'धर्तीमाता', 'मनका खुसीहरू' आदि कवितामा मिश्रित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ भने 'शुभेच्छा', 'ओठका हाँसोहरू' कवितामा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसरी कविप्रौढोक्ति कथनढाँचा अङ्गालिएका कविताहरूमा प्रथम, द्वितीय, तृतीय तथा मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.३.५ लयविधान

'मनका खुसीहरू' कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा मुक्त/गद्य लयको प्रयोग भएको छ । कवितामा प्रयोग भएका अनियमित पङ्क्ति योजना, अनुच्छेद योजनाले गर्दा पनि कविता मुक्तलयमा आबद्ध रहेका छन् भन्न सकिन्छ । पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणको क्रममा रम्य लाग्ने साङ्गीतिक लयविधान यस सङ्ग्रहका कवितामा रहेको छ । यसरी गद्य लयात्मक ढाँचामा लेखिएका कविताहरूमा अन्तर्लयात्मक गद्यलयको प्रयोग भएको पाइन्छ ।

### ५.३.६ भाषाशैली

कविताको भाषा गद्यात्मक वा पद्यात्मक जुनसुकै भए पनि कवितामा लय अनिवार्य हुनुपर्छ । विकल्पका 'मनका खुसीहरू' कवितासङ्ग्रहमा आएका अधिकांश कविताहरू गद्यात्मक रहेका छन् । अनुभूतिलाई काव्यात्मक परिपाक दिने र जीवन-जगत्लाई हेर्ने दृष्टिकोणलाई व्यापक र फराकिलो पार्न तथा भाषिक कुशलता हासिल गर्न कवि प्रयत्नशील छन् ।[५८] यस कवितासङ्ग्रहभित्र आएका कविताहरूमा चलन-चल्तीमा रहेका शब्दहरूको समुचित प्रयोग गरिएको छ । विज्ञान र प्रविधिसँग सम्बन्धित कतिपय शब्दहरूको प्रयोगले कवितालाई बौद्धिकतातर्फ मोड्न खोजेजस्तो अनुभूति पनि हुन्छ । तत्सम, आगन्तुक र ठेट नेपाली शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहका कवितामा पाइन्छ । चलनचल्तीकै शब्द प्रयोग गरिएकाले यस सङ्ग्रहका कविताहरू सरल बनेका छन् । नित्य बोलचाल र व्यवहारमा आउने शब्द, उखानटुक्का तथा कथनपद्धतिले पनि यस कवितासङ्ग्रहका गद्य कविताहरू सफल बन्न पुगेका छन् ।

### ५.३.७ विम्ब, प्रतीक र अलङ्कारविधान

कुनै वस्तुको व्यञ्जनात्मक अर्थ बुझाउन विम्बको प्रयोग गरिन्छ । विम्बकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । थोरैमा धेरै कुरा भन्न तथा विशिष्ट र प्रभावपूर्ण अभिव्यक्ति दिन कवितामा प्रतीकको प्रयोग गरिन्छ । सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रका विसङ्गति र विकृतिलाई व्यङ्ग्यबाण प्रहार गर्न प्रतीकले सहयोग पुर्‍याउँछ । 'मनका खुसीहरू' कवितासङ्ग्रहका अधिकांश कविताहरूमा समाज, संस्कृति, राजनीति, ज्ञानविज्ञान, प्रकृति आदि क्षेत्रका अनेकानेक सन्दर्भबाट परम्परित एवम् नवीन विम्बप्रतीकको प्रयोग गरिएको छ । कवितामा सामाजिक, राजनैतिक, शृङ्गारिक भावहरूलाई स्पष्ट पार्न विविध किसिमका प्रतीकहरूको प्रयोग गरिएको छ । कवितामा प्रयुक्त व्यङ्ग्य, प्रशंसा आदि प्रक्रियाबाट विविध विम्ब तथा अलङ्कारको कलात्मक सृजना गरिएको छ । गद्यात्मक लयमा आवद्ध विकल्पका कविताहरूमा कतै-

---

[५८] लक्ष्मीप्रसाद शर्मा 'भूमिका' **मनका खुसीहरू** पूर्ववत्, पृष्ठ उल्लेख नगरिएको ।

कतै अन्तर्अनुप्रासीयता एवम् कतै-कतै सादृश्यमूलक, विरोधगर्भ, तर्कमूलक, प्रश्नजस्ता अलङ्कारहरू आएका पाइन्छन् ।

यसरी 'मनका खुसीहरू' कवितासङ्ग्रहमा कवितामा विविध किसिमका विषयवस्तुहरू आएका छन् । लघुआयाममा संरचित उपर्युक्त सङ्ग्रहमा प्रायः कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको छ । तत्सम, तद्भव एवम् आगन्तुक शब्दको समुचित प्रयोगले प्रस्तुत सङ्ग्रहका कविता केही बौद्धिक जस्ता बने पनि दुर्बोध्य भने बनेका छैनन् । विविध किसिमका विम्ब, प्रतीक र अलङ्कारको प्रयोगले यस सङ्ग्रहभित्रका कविता व्यञ्जनाधर्मी पनि बन्न पुगेका छन् ।

## ५.४ 'भुल्काहरू' मुक्तकसङ्ग्रहको अध्ययन

### ५.४.१. लेखन र प्रकाशनछढ

इन्द्रकुमार विकल्पको 'भुल्काहरू' मुक्तकसङ्ग्रह उनको साहित्यिक यात्राको दोस्रो चरणमा प्रकाशित चौथो कृति हो । उनका कवितासङ्ग्रहमध्ये तेस्रो सङ्ग्रह 'भुल्काहरू' २०५८ मा 'पर्वत साहित्य सङ्गम' ले प्रकाशित गरेको हो । धवलागिरि साहित्य प्रतिष्ठानका अध्यक्ष काजी रोशनले यसको भूमिका लेखेका छन् । यस सङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूमा चित्रहरूको प्रयोग पनि गरिएको छ । यसरी कवि र चित्रकार दुई व्यक्तिको सृजनात्मकता यस सङ्ग्रहमा प्रस्तुत भएको छ । विकल्पले आफ्ना मुक्तकहरूलाई जीवन्त रूपमा प्रस्तुत गर्न कलाकार गणेशकुमार जि.सी.को चित्रकारितालाई समावेश गरेका छन् ।

कविता विधाको लघुतम रूपअन्तर्गत पर्ने मुक्तकलाई संस्कृत साहित्यशास्त्रमा युग्मक, कुलक, रत्नावली आदि एक पृष्ठसम्मका र एकदशमिक श्लोकसङ्ख्यासम्मका लघु कवितालाई मुक्त कवितारूपअन्तर्गत राख्ने गरिएको भेटिन्छ ।[६०] 'भुल्काहरू' मुक्तकसङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूमा कविका मनमा उद्वेलित भावहरूको

---

[६०] वासुदेव त्रिपाठी र अन्य : **नेपाली कविता भाग-४**, पूर्ववत्, पृ.२९ ।

तीव्रतालाई प्रस्तुत गरिएको छ । यस मुक्तकसङ्ग्रहमा कविले नौला सीप, नौला बान्की, प्रेमी-प्रेमिकाका उल्लसता एवम् जीवन दर्शनका कुराहरू प्रस्तुत गरेका छन् ।[६१] 'भुल्काहरू' मुक्तकसङ्ग्रहलाई समग्रमा कविताका निम्नानुसारका तत्त्वका आधारमा अध्ययन गर्नु सान्दर्भिक ठहरिन्छ ।

## ५.४.२.विषयवस्तु तथा भावविधान

इन्द्रकुमार विकल्पका 'भुल्काहरू' मुक्तकसङ्ग्रहलाई हेर्दा उनले विभिन्न विषयवस्तुमा आधारित रहेर मुक्तकहरूको रचना गरेको देखिन्छ । यस मुक्तकसङ्ग्रहमा मानव जीवनका शाश्वत पक्षहरू, मानव जीवनका भोगाइहरू एवम् सामाजिक, राजनैतिक, शैक्षिक तथा प्रणयमूलक विषयसन्दर्भको चयन गरिएको छ ।

### (क) सामाजिक विषयवस्तु

इन्द्रकुमार विकल्प विविध विषयवस्तुलाई लिएर मुक्तक रचना गर्ने कवि हुन् । उनका सामाजिक विषयवस्तुलाई लिएर लेखिएका मुक्तकहरूमा समाजमा विद्यमान अन्याय, अत्याचार, गरिबी आदिलाई प्रस्तुत गरिएको छ । 'भुल्काहरू' मुक्तकसङ्ग्रहमा सङ्ग्रहित 'हाँसो', 'आँसु', 'धन', 'स्वार्थ', 'गाउँ', 'बाटो', 'जनता', 'सपना', 'व्यथा', 'घर', 'शूल', 'आँसु र हाँसो', 'बेकार भो', 'डाक्टर', 'आशा', 'चाहना', 'जिन्दगी' जस्ता मुक्तकहरूमा सामाजिक विषयवस्तुलाई लिइएको छ । यी मुक्तकहरूमा कवि विकल्पले मानिसका सुख, दुःखका क्षणहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । मानिसको देखावटी हाँसोको चित्रण गर्दै कविले मान्छेका स्वार्थी प्रवृत्तिहरूलाई प्रस्तुत गरेका छन् । धनसँग मानिसको स्वार्थ जोडिएकाले ग्रामीण परिवेशलाई भुलेर नगर परिवेशमा पलायित समाजका स्वार्थी व्यक्तिको चित्रण उनका मुक्तकमा पाइन्छ । आफ्ना पीडाहरूलाई दबाएर जसरी बाटोले सबैलाई हिँड्ने सुविधा प्रदान गरेको छ त्यसै गरी मान्छेहरूमा पनि पीडादायी हाँसो भरिएको छ भन्ने कविको विचार रहेको छ । आफ्नो स्वार्थमा निहित व्यक्तिले केवल स्वयंसिद्ध तथ्यको मात्र वकालत गर्ने

---

[६१] काजी रोशन 'भूमिका', **भुल्काहरू**, पूर्ववत्, पृष्ठ उल्लेख नगरिएको ।

भावाभिव्यञ्जना उनका मुक्तकमा पाइन्छ । समाजका अनभिज्ञ मानिसहरूको चित्रण गर्दै कविले क्षणिकताप्रतिको दृष्टिकोणलाई 'व्यथा' जस्ता मुक्तकका माध्यमबाट कविले प्रस्तुत गरेका छन् । समाजमा विद्यमान गरिबीलाई नियाल्दै कविले मानिसका आधारभूत आवश्यकतामध्ये एउटा बस्ने ठाउँ वा घर हो भन्ने देखाएका छन् । मानवीय जीवन एकछिनको पानीको फोकाजस्तो हो भन्ने कुरा कविले आफ्ना मुक्तकमा व्यक्त गरेका छन् । मानिस जन्मन्छ र मर्छ तर जन्म र मृत्युका बीचमा उसको मन हुरीको बेगसरि दौडिने, गफ गरेर कहिल्यै नटुङ्गिने र चिन्ता लिएपछि त्यो घाउ कहिल्यै निको नहुनेजस्ता विसङ्गतिका भावहरूलाई पनि कविले आफ्ना मुक्तकका विषयवस्तु बनाएका छन् । उनले सामाजिक जीवन दुःख र सुखको संयोगमा चलिरहेको छ, आफ्नो जिन्दगीलाई मान्छे निरर्थक सम्झेर बाँचिरहेको छ, मानिसलाई मृत्युले कुर्दै छ र मानिस आफ्नो अस्तित्वको खोजीमा दौडँदै छ भन्ने विचार पनि आफ्ना सामाजिक विषयवस्तुका मुक्तकमा अभिव्यक्त गरेका छन् ।

### (ख) राजनैतिक विषयवस्तु

इन्द्रकुमार विकल्पले राजनैतिक विषयवस्तुलाई पनि आफ्ना मुक्तकको भावभूमि बनाएका छन् । यस मुक्तकसङ्ग्रहमा परेका 'प्रजातन्त्र', 'नेता', 'जनता', 'कोट', 'आदर्शता', 'शालिक', 'वर', 'विरोध-पत्र', 'आशा', जस्ता मुक्तकमा प्रजातन्त्रप्रति सहानुभूति जनाएको पाइन्छ भने कतिपय मुक्तकमा कविले नेताहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् । नेपालको समकालीन राजनीतिमा देखापरेका विकृति र विसङ्गतिलाई उनका मुक्तकका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

### (ग) प्रणयमूलक विषयवस्तु

इन्द्रकुमार विकल्प प्रणयमूलक भावभूमिलाई लिएर मुक्तक लेख्ने कवि पनि हुन् । उनका 'माया', 'मेरा मनका कुराहरू', 'शूल', 'उनीलाई', 'युवाहरू', 'रहर', 'प्रीति', 'प्रेम-पत्र', 'मिलन', 'कल्पनामा', 'साथ मिलनको', 'वाचा', 'किन किन' जस्ता मुक्तकहरूमा शृङ्गारिक विषयवस्तुलाई समेटिएको छ । कविले शृङ्गारिक तर भित्र लुकेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै आजका युवायुवतीहरूलाई सचेत हुन पनि

आग्रह गरेका छन् । उनका कुनै मुक्तक बिछोडमा आधारित छन् भने कुनै कुनै मुक्तकले संयोगलाई पनि देखाएका छन्, कुनै मुक्तक आशामा आधारित छन् भने कुनै मुक्तक प्रतीक्षामा आधारित छन् । यसरी कविले प्रणयमूलक विविध भावसन्दर्भलाई आफ्ना मुक्तकमा प्रस्तुत गरेका छन् ।

कविले शैक्षिक स्थिति, मानवीय मनका इच्छा र आकाङ्क्षा, आर्थिक, ग्रामीण एवम् नगर परिवेशको चित्रण गर्ने काम पनि आफ्ना मुक्तकमा गरेका छन् । यसरी सामाजिक, राजनैतिक, प्रणयमूलक, शैक्षिक आदि विषयवस्तुलाई विकल्पका मुक्तकले समेटेका छन् ।

## ५.४.३ संरचना

इन्द्रकुमार विकल्पले 'भुल्काहरू' मुक्तकसङ्ग्रहको बाह्य संरचना डिमाइ आकारको रहेको छ । त्रासदीपूर्ण चित्रको बाहिरी आवरणसहित प्रकाशित यस सङ्ग्रहमा भूमिकालेखन, लेखकको भनाइ आदिलाई समेट्दा जम्मा ६२ पेजमा संरचित छ । जम्माजम्मी ५४ वटा मुक्तकहरू रहेका यस सङ्ग्रहको आन्तरिक संरचनालाई हेर्दा न्यूनतम ४ देखि अधिकतम १० लहर वा पङ्क्तियोजनासम्म फैलिएका मुक्तक यस सङ्ग्रहमा रहेको देखिन्छ । यस दृष्टिले प्रस्तुत सङ्ग्रहमा चार पङ्क्तिका ४२ वटा, ५ पङ्क्तिका तीनवटा, ६ पङ्क्तिका चारवटा, ८ पङ्क्तिका दुईवटा, ९ पङ्क्तिका दुईवटा र १० पङ्क्तिका एउटासमेत गरी ५४ वटा मुक्तकहरू रहेका छन् ।

## ५.४.४. कथनपद्धति

'भुल्काहरू'सङ्ग्रहका मुक्तकहरूमा कविप्रौढोक्ति कथनढाँचाको प्रयोग भएको छ । यस सङ्ग्रहभित्रका ३६ वटा मुक्तकमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ भने १६ वटा मुक्तकमा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसै गरी कविले एउटा मुक्तकमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् । यसरी कविप्रौढोक्ति कथनढाँचामा अभिव्यक्त यस सङ्ग्रहका मुक्तकमा तीनवटै दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.४.५.भाषाशैली

इन्द्रकुमार विकल्पको ‘भुल्काहरू’ मुक्तकसङ्ग्रहमा कविले हाम्रा बोलचालमा आउने चलनचल्तीका तत्सम, तद्भव एवम् आगन्तुक शब्दहरूको सन्तुलित प्रयोग गरेका छन् । उनका मुक्तकहरूमा बौद्धिकताको छनक देखिए तापनि ती मुक्तकहरू दुर्बोध्य भने बनेका छैनन् । वर्णनात्मक शैलीमा व्यक्त गरिका विकल्पका मुक्तकहरूमा विविध विम्ब तथा राम, रावण, खहरे, फर्सी आदिजस्ता प्रतीकहरू पनि आएका छन् । नेपाली समाजमा नै प्रचलित उखानटुक्काको प्रयोग गरी कविले आफ्ना मुक्तकको कथ्य विषयलाई प्रभावकारी बनाउने प्रयास गरेका छन् । कविले कलात्मक शैलीको प्रयोग गरी लेखिएका मुक्तकहरूमा सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । यसरी भाषाशैलीका दृष्टिले प्रस्तुत सङ्ग्रहका मुक्तकहरू सफल बन्न पुगेका छन् ।

### ५.४.६. विम्ब, प्रतीक र अलङ्कारविधान

इन्द्रकुमार विकल्पका अधिकांश मुक्तकहरूमा सामाजिक, राजनैतिक, ग्रामीण एवम् नागर परिवेशमाथि व्यङ्ग्य गर्ने क्रममा उनले विविध परम्परित विम्ब र प्रतीकको प्रयोग गरेका छन् । आँसु, हाँसो, धन, गाउँ, बाटो, जनता, व्यथा, घर, शूल, डाक्टर, नेता, कोट, शालिकजस्ता विम्ब र प्रतीकको प्रयोग गरी कविले यस सङ्ग्रहका मुक्तकहरूलाई बढी व्यञ्जनात्मक एवम् भावसघन बनाएका छन् । यस सङ्ग्रहका मुक्तकहरू प्रायः अन्त्यानुप्रासयुक्त छन् र प्रत्येक मुक्तकका साथमा चित्रहरूको प्रयोग गरिएकाले ती बढी सहज भावसंवेद्य बन्न पुगेका छन् । यसरी यस मुक्तकसङ्ग्रहमा कविले परम्परित विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरी तिनलाई प्रभावकारी बनाएका छन् ।

### ५.४.७.चित्रात्मकता

इन्द्रकुमार विकल्पले ‘भुल्काहरू’ मुक्तकसङ्ग्रहमा मुक्तकका शीर्षकअनुसारका चित्रहरू प्रयोग गरेका छन् । सामाजिक, राजनैतिक, शैक्षिक, शृङ्गारिक आदि विषयवस्तुसँग सम्बन्धित मुक्तक एवम् तदनुसारका चित्रहरू यस सङ्ग्रहमा प्रयोग

भएका छन् । विविध किसिमका विषयवस्तुलाई व्यङ्ग्यात्मक रूपमा सङ्केत गर्ने चित्रहरू यस सङ्ग्रहमा समावेश गरिएका छन् ।

यसरी विकल्पले 'भुल्काहरू' मुक्तकसङ्ग्रहमा विविध विषयवस्तुको प्रयोग गरी लघुतम् आयामका मुक्तकहरूको रचना गरेका छन् । कविप्रौढोक्ति कथनढाँचामा प्रस्तुत यस सङ्ग्रहका मुक्तकमा चलनचल्तीको भाषाशैली प्रयोग भएको छ । विविध विम्ब-प्रतीक, अलङ्कार र चित्रहरूको प्रयोग गरिएकाले विकल्पका प्रस्तुत सङ्ग्रहका मुक्तकहरू सफल बन्न पुगेका छन् ।

## ५.५ 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रहको अध्ययन

### ५.५.१. लेखन र प्रकाशन

'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रह इन्द्रकुमार विकल्पको छैटौं प्रकाशित कृति हो । नेपाली कविताका क्षेत्रमा योगदान पुऱ्याउने विकल्पको यस गजलसङ्ग्रहको प्रकाशन 'हाम्रो मभ्रेरी साहित्य प्रतिष्ठान' चितवनले २०६२ सालमा गरेको हो । यस गजलसङ्ग्रहमा विकल्पका ६८ वटा गजल समेटिएका छन् । गजलङ्ग्रहको भूमिका खण्डमा 'हाम्रो मभ्रेरी साहित्य प्रतिष्ठान' चितवनका अध्यक्ष पुष्प अधिकारी अञ्जलीको 'शुभकामना', डा. घनश्याम न्यौपाने 'परिश्रमी' को 'लालीगुराँस फुल्ने मनलाई पाण्डुलिपिमा नियाल्दा', इन्द्रकुमार श्रेष्ठ 'सरित्' को 'शिष्ट व्यक्तित्वको सुन्दर अभिव्यक्ति : लालीगुराँस फुल्ने मन' शीर्षकमा विकल्पका रचनाहरूबाट समीक्षा गर्दै भूमिका लेखिएका छन् ।

'लालीगुराँस फुल्ने मन'का गजलमा वास्तवमा प्रेमको बहुआयामिक अनुभूति तरङ्गित भएको पाइन्छ । प्रेम विषयमा आधारित भएर पनि यिनका गजलहरू मानवीय भावनामा आधारित छन् ।[६२] प्रेममा षड्यन्त्र र स्वार्थ लुकेपछि प्रेमको गति र मति कस्तो हुन्छ ? यी सवालहरूलाई विकल्पले आफ्ना गजलमा समेटेका छन् । यस गजलसङ्ग्रहलाई निम्नानुसारका उपशीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

---

[६२] पुष्पअधिकारी 'अञ्जली' 'भूमिका' **लालीगुराँस फुल्ने मन**, पूर्ववत्, पृ. उल्लेख नगरिएको ।

## ५.५.२. विषयवस्तु

विकल्पको 'लालीगुराँस फुल्ने मन'का गजलहरूमा मूलतः प्रणयमूलक विषयवस्तुमा आधारित छन् । यस सङ्ग्रहभित्र रहेका गजलमा मान्छेका माया, बिछोड, पीडा, खुसी, सफलता, असफलता जस्ता कुराहरू परेका छन् । मायाका विविध स्वरूप भेटिने यस सङ्ग्रहका गजलहरूमा स्वार्थी र निस्वार्थी मायाका साथै अभिमान, समर्पण, त्याग, छटपटी, वेदनाजस्ता विविध पक्षहरूको सृजना पनि भएको पाइन्छ । एउटै विषयवस्तु भएका गजलहरूमा भावको पुनरावृत्ति भएको हो कि भन्ने आभास पनि हुन्छ ।[६३] इन्द्रकुमार विकल्पका गजलहरू मायामय भएर छताछुल्ल भएका छन् । मायामा डुब्ने र आजीवन समर्पित भइदिने आफ्नो समर्पणको चोखो भावनालाई उनले प्रस्तुत गरेका छन् । आफ्नी प्रेमिकालाई फकाउनु, घुर्क्याउनु र आफै समर्पित हुनुजस्ता भावका त्रिवेणीले उनका गजललाई जीवन्त तुल्याएका छन् । माया नै मायाले भरिएका गजलहरू भए तापनि प्रेमिकाका घमण्डी प्रवृत्तिहरूको चित्रण पनि उनका गजलमा पाइन्छन् । विकल्पका गजलहरू उक्तिचातुर्यमा भन्दा पनि शिष्ट अभिव्यक्तिमा आफ्नो विशिष्ट स्थानको प्राप्तितर्फ उन्मुख देखिन्छन् ।[६४] रतिराग र प्रणयभावमा नै सबै गजल केन्द्रित भएकाले समसामयिकतालाई समेट्न विकल्पका गजलले नसकेको देखिन्छ ।

## ५.५.३ संरचना

इन्द्रकुमार विकल्पको 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रह डिमाइ आकारको रहेको छ । यसका सुरुका २१ पृष्ठमा विभिन्न व्यक्तिका भूमिका समेटिएको यस गजलसङ्ग्रहमा जम्माजम्मी ७२ पृष्ठ रहेका छन् । यसमा सङ्कलित ६८ वटा गजलहरू दसदस पङ्क्तिमा पूर्ण भएका छन् । गजलका आवश्यक तत्त्व रदिफ, काफिया, मतला, मक्ता, तखल्लुस आदिको समुचित प्रयोग भएका गजलहरूका सुन्दर

---

[६३] घनश्याम न्यौपाने परिश्रमी 'भूमिका' **लालीगुराँस फुल्ने मन**, पूर्ववत् , पृ. उल्लेख नगरिएको ।

[६४] ऐजन ।

संरचनात्मक ढाँचाले पनि पुष्टि गर्दछ ।[६५] विकल्पले आफ्ना धेरै गजलमा रदिफ र काफियाको उचित पालना गरेका छन् भने केही चाहिँ रदिफविहीन गजल पनि लेखेका छन् । बहरमा उच्चार्य अक्षरको एकरूपताका सम्बन्धमा पनि यी सचेत भएका छन् । यिनै विविध सचेतताका कारण इन्द्रकुमार विकल्पमा गजलको स्वरूप र संरचनासम्बन्धी आधारभूत ज्ञान छ भन्ने तथ्य स्पष्ट हुन्छ ।[६६]

### ५.५.४.लयविधान

'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्रहमा सङ्ग्रहित ६८ वटै गजलहरू बहरका विविध लयमा संरचित छन् । यी गजलहरूमा कथ्यवस्तु एउटै अर्थात् प्रणयमूलक भए पनि हरेक गजलका शेरहरूले पृथक्पृथक् स्वाद दिन्छन् । यस सङ्ग्रहमा परेका गजलहरूमा कोमल प्रणयचेतना विस्तार भएको पाइन्छ । प्रणयधर्मी रचनात्मक गुणको सन्निवेशले यस सङ्ग्रहका गजल आकर्षक र मनमोहक बनेका छन् । गजलमा विनोदपूर्ण रसिकता र रोमाञ्चक भावको व्याप्ति पनि छ ।[६७] यसरी भावको सङ्गीतपूर्ण अभिव्यक्तिले सजिएका यी गजलहरू त्यत्तिकै लयात्मक पनि छन् ।

### ५.५.५. भाषाशैली

भाषाशैलकि दृष्टिले 'लालीगुराँस फुल्ने मन' गजलसङ्ग्र सुन्दर देखिन्छ । चलनचल्तीमा रहेका तत्सम शब्द, प्रेमभावमा आधारित सरल, सहज भाषा एवम् कोमल शैली यसमा पाइन्छ । गजल पढ्दा तिनमा कठिन शब्दको प्रयोग पाइँदैन । शिल्पशैलीलाई आकर्षक बनाउन गजलका काफिया, रदिफ आदिका बारेमा सचेत विकल्पले मात्रा र लय राम्रोसँग नै समातेका छन् । उनका गजल रदिफयुक्त र रदिफमुक्त दुवै शैलीमा रचिएका छन् ।[६८] गजलमा प्रयुक्त भाषाका उच्चार्य अक्षरमा

---

[६५] इन्द्रकुमार श्रेष्ठ 'सरित्' 'भूमिका' **लालीगुराँस फुल्ने मन**, पूर्ववत्, पृ उल्लेख नगरिएको ।

[६६] घनश्याम न्यौपाने 'परिश्रमी' 'लालीगुराँस फुल्ने मन'–२०६२ ।

[६७] ऐजन ।

[६८] ऐजन ।

एकरूपता भएकाले उनका गजल लयात्मक बन्नुका साथै सरल, सहज र सुन्दर पनि छन् ।

### ५.५.६.विम्ब, प्रतीक र अलङ्कारविधान

इन्द्रकुमार विकल्पका गजलहरू प्रणयमूलक विषयवस्तुमा आधारित छन् । प्रेमपूर्ण भावाभिव्यक्तिलाई विस्तारित गर्नका लागि फूल, डोरी, बिस्कुन, मझेरी, ढुङ्गा, बादलजस्ता प्रतीकहरूको प्रयोग उनका गजलमा पाइन्छ भने प्रेमपूर्ण भावाभिव्यक्तिका लागि ज्ञानविज्ञान, समाज, संस्कृति, प्रकृति आदि क्षेत्रका अनेकानेक विम्ब कलात्मक प्रयोग पनि गरिएको छ । प्रणयका सन्दर्भमा आकर्षण, मिलन, बिछोड, प्रतीक्षाजस्ता विषयवस्तु रहेका यस सङ्कलनका गजलहरूमा शब्दचातुर्य भावचमत्कृति पैदा गर्न विभिन्न अलङ्कारको प्रयोग पनि गरिएको छ । लक्षार्थ तथा व्यञ्जनार्थ प्रदान गर्न कविले अर्थालङ्कारको उचित संयोजन पनि गरेका छन् । संरचनाका क्रममा गजलका अनुशासन र नियमहरूको पालना गर्दा विविध शब्दालङ्कारको प्रयोग पनि उनका गजलमा भएको पाइन्छ ।

अन्ततः 'लालीगुराँस फुल्ने मन' भित्र सङ्ग्रहित गजलहरूमा निश्चय नै माया, प्रेम, रतिराग एवम् यौनजन्य भावहरूकै बाहुल्य रहेको छ । त्यसैले यसका गजलहरू महत्त्वपूर्ण छन् । विषय, प्रस्तुति, शैली एवम् अभिव्यञ्जनापूर्ण शब्दशक्तिले यस सङ्कलनका गजललाई सौन्दर्य प्रदान गर्न विशेष भूमिका खेलेका छन् । यसबाट विकल्पले नेपाली गजलका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## ५.६ 'दुई आत्माको मिलन' उपन्यासको अध्ययन

### ५.६.१. लेखन र प्रकाशन

इन्द्रकुमार विकल्पद्वारा लिखित 'दुई आत्माको मिलन' उपन्यास उनको साहित्यिक यात्राको दोस्रो चरणमा प्रकाशित उपन्यास हो । २०३९-४० सालमा लिखित यो उपन्यास श्रीमती लक्ष्मीकुमारी जोशीले २०५६ सालमा कुस्मा, पर्वतबाट प्रकाशित

गरेकी हुन् । उक्त उपन्यास प्रणयमूलक विषयमा आधारित मौलिक उपन्यास हो ।[६९] यस उपन्यासमा घरपरिवार, समाज, धर्मसंस्कृतिजस्ता सामाजिक पक्षहरूको चित्रण गरिएको छ । त्यस्तै उपन्यासमा इच्छा, त्याग, समर्पण र प्रेमजस्ता प्रणयपक्ष बढी आएका छन् । यस उपन्यासका विविध पक्षलाई औपन्यासिक तत्त्वका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

## ५.६.२.कथानक

इन्द्रकुमार विकल्पको 'दुई आत्माको मिलन' प्रणयमूलक तथा सामाजिक विषयवस्तुमा लेखिएको उपन्यास हो । उपन्यासमा चित्रित राजु र ज्ञानूजस्ता प्रमुख पात्रहरूको आन्तरिक तथा बाह्यद्वन्द्व र क्रिया प्रतिक्रिया श्रृङ्खलामा यसको कथानक अगाडि बढेको छ । उपन्यासमा आएका प्रमुख तथा सहायक र गौण पात्रहरूका क्रियाकलापले कथानकलाई नाटकीय मोड प्रदान गरेका छन् । कथानकको सुगठितताले गर्दा उपन्यासमा घटित घटनाहरूको समुचित एवम् कलापूर्ण संयोजन भएको छ । उपन्यासमा आयोजित कथानक विकासको गतिलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

**आदि भाग** : कथानकको आरम्भ उपन्यासका पात्र राजु र ज्ञानूको अचानकको भेटबाट हुन्छ । बाल्यकालका अनुभवहरूलाई साटासाट गर्ने क्रममा राजु र ज्ञानूमा प्रेम जागृत भएको हुन्छ । ज्ञानूले एकवर्ष अगाडि पठाएको चिठीको उत्तर राजुले दिएको हुँदैन । तर पनि दुवै एकआपसमा भेट हुँदा आकर्षित हुन्छन् । यौवनले भरिएकी ज्ञानू अस्पतालमा नर्स भई उसले सुबिस्ताका साथ घरव्यवहार चलाएकी हुन्छे भने राजुले एस.एल.सी. पास गरेर आफ्नै गाउँमा शिक्षण पेसा अँगालेको हुन्छ । राजु र ज्ञानू एकै ठाउँमा घर भएका छिमेकी हुन् । एकदिन ज्ञानू अस्पतालको ड्युटी सकेर राजुको घरमा पुग्छे । उसले राजुलाई "हिँड न आज डुल्न जाऊँ" भनेपछि दुवैजना डुल्न निस्किन्छन् । बाटामा हिँड्दै गर्दा आकाश कालो र नीलो भएको हुन्छ । हुरी चल्छ, पानी पर्छ । तिनीहरू नजिकको मन्दिरमा ओत बस्न पुग्छन् । ज्ञानूको शरीर भिजेको हुन्छ ।

[६९] इन्द्रकुमार विकल्पबाट प्राप्त मौखिक जानकारी ।

शरीरमा कपडा टाँस्सिएपछि उनका यौनाङ्गहरू स्पष्ट देखिन पुग्छन् । यस्तो दृश्यबाट राजु भित्रभित्रै उत्तेजित बन्न पुग्छ । तर उसले आफूलाई नियन्त्रणमा राख्छ । बेलुकासम्म पानी पर्न नरोकिएपछि उनीहरू घरतिर जाने तर्खरमा लाग्छन् । भित्रभित्रै ज्ञानूप्रति आकर्षित बनेको राजु बाटामा केही बोल्न सक्दैन । उनीहरू घर आइपुग्छन् । गाउँमा राजु र ज्ञानूको प्रेम बसेको हल्ला चल्छ । ज्ञानूले यस्तो हल्ला चलेको थाहा पाएपछि राजुको ऊ कल्पनामा रुमल्लिन पुग्छे भने राजु पनि ज्ञानूको कल्पनामा कथा कविता लेख्न थाल्छ । यहाँसम्मका घटनाहरूलाई कथानकको आदि भागअन्तर्गत राख्न सकिन्छ ।

**मध्यभाग** : समय बित्दै जान्छ । राजु र ज्ञानूबीचको प्रेम झाङ्गिँदै जान्छ । कहिले मन्दिरको पाटी, कहिले नीलडाँडा उनीहरूको प्रणय आदानप्रदान गर्ने स्थल बन्न पुग्छन् । एक-अर्काको भेटघाटविना तिनका दिनहरू बित्न धौ–धौ पर्छ । यस्तैमा एकदिन राजुले मन्दिरमा ज्ञानूको सिउँदो पनि भर्न पुग्दछ । ज्ञानू अस्पतालको ड्युटीमा छँदा खगेन्द्रसँग भेट हुन्छ । उसले ज्ञानू कोठामा एक्लै भएको बेला पारी कुकृत्य गर्न पुग्छ । ज्ञानूको जिन्दगीमा अकस्मात् ठूलो वज्रपात पर्छ । खगेन्द्रजस्तो यौनपिपासु बलात्कारीले ज्ञानूले अस्वीकार गर्दा गर्दै पनि सतित्व लुट्न पुग्छ । ज्ञानूको जिन्दगीमा आइपरेको यस्तो अप्रत्याशित घटनापछि उसले आफूलाई अपवित्र ठानी राजुसँग जीवन बिताउने कुरामा असमर्थ ठान्छे । राजुसँग जीवन बिताउन खोज्दा राजुलाई नै धोका हुनसक्ने ठानी ऊ राजुलाई मनोजकी बहिनी गीतासित बिहे गर्ने सल्लाह दिन्छे । तर राजुको नजरमा ज्ञाानूमाथि जस्तोसुकै घटना आइलागे पनि ऊ उत्तिकै प्रिय बन्छे । ज्ञानू बिस्तारै राजुसँग टाढा हुन खोज्छे । ऊ गीता र राजुको जीवनमा खुसी छाओस् भन्ने इच्छा प्रकट गर्दछे. । यहाँसम्मका घटना कथानकका मध्यभागअन्तर्गत पर्दछन् ।

**अन्त्यभाग** : राजु र गीताका सबै साथीहरू तथा परिवारका सदस्यहरूको उपस्थितिमा मन्दिरमा विवाह सम्पन्न हुन्छ । गीतासँग बिहे गरे पनि राजुको आत्मा तथा मन भने ज्ञानूतिर नै गएको हुन्छ । आफूलाई जतिसुकै सम्हाल्ने प्रयत्न गरे पनि राजुले ज्ञानूलाई बिर्सन सक्दैन । ऊ एकोहोरिँदै जान्छ । गीताको मनमा आफ्नो पतिप्रति शङ्का बढ्दै जान्छ । ज्ञानू अस्पतालबाट घर फर्केर आउँदिन । ऊ राजुलाई

सम्झेर तड्पिरहन्छे । राजु र ज्ञानू एकले अर्कालाई सम्झँदै तड्पिन थाल्छन् । यसै क्रममा राजुले ज्ञानूलाई एकान्तमा भेट्न थाल्छ । तर यो कुरा गीता र गाउँलेको लागि पच्दैन । सामाजिक दृष्टिले घरमा पत्नी हुँदाहुँदै परस्त्रीसँग सम्बन्ध बढाउनु राम्रो होइन भन्ने सोची राजुकी आमाले ज्ञानूलाई सम्झाउन पुग्छिन् । ज्ञानूले राजुलाई भेटी अब आफूले कहिल्यै नभेट्ने वाचा गरी अस्पताल फर्किन्छे । तर राजुले भने आफूलाई नियन्त्रित गर्न सक्दैन । ऊ ज्ञानूसँग अन्तिम भेट गर्न अस्पतालमा नै पुग्छ । ज्ञानूले राजुलाई सम्झाउन खोज्छे तर राजुको मानसिकता असामान्य स्थितिमा पुगेपछि कसैको कुरा नसुनी ऊ नीलडाँडातर्फ लम्किन्छ । उसको नराम्रो चाला देखेर ज्ञानू र रजनी उसका पछि-पछि लाग्छन् । तर राजुले कसैको कुरा नसुनी नीलडाँडाको भीरबाट हाम फाले पछि ज्ञानूले पनि सँगै हामफाल्न पुग्छे । पछि नीलडाँडामा प्रेमको प्रतीकस्वरूप राजु र ज्ञानूको प्रतिमा बन्छ । यहाँसम्मका घटनाहरू कथानकका अन्त्य भागअन्तर्गत पर्दछन् ।

प्रस्तुत उपन्यासमा राजु र ज्ञानूको भौतिक शरीर जीवित छँदा एकै ठाउँमा रहन नसके पनि आत्मा भने एकै ठाउँमा रही अन्त्य भएको चित्रण गरिएको छ । उपर्युक्त कथानकमा प्रासङ्गिक कथानक पनि जोडिन पुगेका छन् र ती हुन् - मनोज र मञ्जुलको विवाह, पूजाआजा, आदि । यसरी प्रस्तुत उपन्यासमा चित्रित आदिदेखि अन्त्यसम्मका विभिन्न घटनावलीको संयोजनको गरिएको छ । आदिदेखि अन्त्यसम्मको उपर्युक्त कथानकलाई हेर्दा प्रस्तुत उपन्यास रैखिक ढाँचामा संरचित छ । यस उपन्यासमा सुगठित कथानक रहेको छ । अन्त्यमा नायक–नायिकाको मृत्यु देखाइएकाले प्रस्तुत उपन्यास दुःखान्त बन्न पुगेको कथानक रहेको छ ।

### ५.६.३ चरित्रचित्रण

'दुई आत्माको मिलन' उपन्यास लघु प्रकृतिको भए पनि यसमा धेरै पात्रहरूको प्रयोग भएको छ । भूमिकाका आधारमा यस उपन्यासका पात्रहरूलाई तीन वर्गमा बाँड्न सकिन्छ । यस उपनयासमा राजु र ज्ञानू प्रमुख पात्रका रूपमा रहेका छन् । रजनी, मनोज, गीता र खगेन्द्र उपन्यासका सहायक पात्र हुन् । राजुका बाबुआमा,

ज्ञानूकी आमा, सन्ध्या, डा. मणिचन्द्र, मीरा, मञ्जुल, हरि, मीना, परिचारिका उपन्यासका गौण पात्र हुन् । यस उपन्यासमा राजु, रजनी, मनोज, गीता, अनुकूल तथा सत्पात्रका रूपमा देखिएका छन् । ज्ञानू अनुकूलबाट प्रतिकूल प्रवृत्तितर्फ लम्केकी पात्रका रूपमा देखिएकी छ । खगेन्द्र उपन्यासको प्रतिकूल पात्र हो । स्वभावका आधारमा राजु, रजनी, मनोज, गीता, राजुका बा-आमा, ज्ञानूकी आमा, गतिहीन पात्र हुन् भने ज्ञानू, खगेन्द्र गतिशील पात्र हुन् । जीवनचेतनाका आधारमा राजु, ज्ञानू, रजनी, राजुका बाआमा, ज्ञानूकी आमा वर्गगत पात्र हुन् भने मनोज, गीता, खगेन्द्र व्यक्तिगत पात्र हुन् । उपन्यासमा देखिएका सबै पात्रहरू मञ्चीय पात्र हुन् । तर खगेन्द्रको मञ्चीय भूमिका उपन्यासमा न्यून देखिन्छ । आबद्धताका आधारमा राजु, ज्ञानू, रजनी, मनोज, गीता, खगेन्द्र बद्धपात्र हुन् भने राजुका बाबुआमा, ज्ञानूकी आमा मुक्त पात्र हुन् । उपन्यासमा पुरुष पात्रको भन्दा स्त्री पात्रको भूमिका बढी रहेको देखिन्छ ।

## ५.६.४.परिवेश

'दुई आत्माको मिलन' उपन्यासमा वर्णित परिवेश नेपालको पहाडी ग्रामीण क्षेत्र हो । उपन्यासमा वर्णित क्षेत्रको निश्चित नाउँ उल्लेख गरिएको छैन । तर नीलडाँडा, मन्दिर, अस्पताल आदिजस्ता ठाउँहरूको नाउँ उल्लेख गरिएको छ । राजु र ज्ञानूको घर, मन्दिर, नीलडाँडा, अस्पताल उपन्यासका मुख्य घटना घट्ने स्थल बन्न पुगेका छन् । उपन्यास २०३९–४० सालमा लेखिएको भए पनि उपन्यासमा घटना घटेको समयावधि निर्धारण गर्न भने कठिन छ । उपन्यासका घटनावलीलाई हेर्दा ग्रामीण क्षेत्रमा उच्च शिक्षाको व्यवस्था नहुँदा सहरमा गएर पढ्नुपर्ने बाध्यात्मक स्थिति रहेको देखिन्छ । एस.एल.सी. पास गरेपछि जागिर खान पाइहाल्ने घटनाबाट उपन्यासमा शिक्षा आर्जन गर्ने संस्थाको व्यापकता हुनुभन्दा पूर्वको समयावधिको चित्रण गरिएको पाइन्छ । नेपाली समाजमा धर्मको महत्त्वपूर्ण स्थान रहेको छ । प्रेमी–प्रेमिका मन्दिरमा गई कहिल्यै नछुट्टिने कसम खाने, पूजाआजा र व्रत–उपवास गर्ने तथा जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारको पालना गर्ने सामाजिक परिपाटी यस उपन्यासमा

चित्रित छ । नायक–नायिका एकआपसमा आत्मिक प्रेमका कारण आकर्षित हुने र घात गर्दा धोका हुनेजस्ता मनस्थिति उपन्यासमा वर्णित छन् ।

प्रकृति तथा मानव मनका विभिन्न अवस्थाको चित्रण उपन्यासमा रहेको छ । पात्रका जीवनमा आइपर्ने हर्ष, बिस्मात, घात–प्रतिघात, आरोह–अवरोह, उथलपुथलजस्ता घटनाहरू उपन्यासका मानसिक परिवेशका रूपमा देखिएका छन् । यी विविध घटनालाई प्राकृतिक सन्दर्भसँग जोडेर कलात्मक रूपमा प्रस्तुत गर्ने काम यस उपन्यासमा भएको छ, जस्तैः

> "उसले नीलडाँडाबाट चारैतिर हेऱ्यो । पहिलेको नीलडाँडा र अहिलेको नीलडाँडामा भएको अन्तर र ज्ञानूमा भएको परिवर्तनको तुलना गऱ्यो । त्यो हरियो दुबो भएको चौर, ती रातै फुलेका लालीगुराँस र उसको यौवन, धुपीसल्लाका बोटहरू टाढाबाट कति शोभायमान देखिन्थे । नीलडाँडाको भ्याउ, उनीहरूले बिताएका क्षणहरू, बस्ने गरेका स्थलहरू आज सम्पूर्ण उजाड–उजाड, निरस–निरस लागिरहेको थियो ।" (पृष्ठ ७५)

## ५.६.५.संवाद

संवाद वा कथोपकथन भनेको पात्रहरूबीचको कुराकानी हो । संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हो । प्रस्तुत उपन्यासको प्रारम्भमा उपन्यासकारले राजु र ज्ञानूबीचका बाल्यकालका विविध प्रसङ्गलाई संवादका माध्यमबाट स्पष्ट पार्ने काम गरेका छन् । "तिमीलाई त सम्झना पनि छैन होला, बाल्यकालमा हामी कस्तो–कस्तो खेल्थ्यौँ …………… । जिन्दगी यस्तै छ । चमच्चा जस्तै, मेरो पछि को छ ? खेलमा तिमीले मेरो आँखा छोपिदिन्थ्यौ । मैले तिम्रो आँखा छोपिदिन्थें तर आज हाम्रो आँखा विवशताले छोपिएको छ ।" (पृष्ठ १) यसरी राजु र ज्ञानू दुवै बाल्यकालदेखि सँगसँगै खेलेर हुर्केका साथी हुन् भन्ने कुरा उनीहरूको यस संवादबाट स्पष्ट हुन्छ । अतीतका रमाइला क्षणहरू र सोही रूपमा सम्बन्धलाई निरन्तरता दिन नसक्ने विवशतामा जेलिएको

वर्तमान परिस्थितिका साथै भविष्यको अन्योलपूर्ण स्थितिको चित्रण राजु र ज्ञानूबीचको संवादमा पाइन्छ । त्यस्तै ज्ञानू बलात्कृत भइसकेपछि उसले आफ्नी साथी रजनीसमक्ष बिलौना गरेका संवाद उपन्यासमा जीवन्त छन्, जस्तै :

> "समाजमा म कलङ्किनी वेश्या ठहरिन्छु ...... मलाई मर्न दे रजनी प्यारी सखी, मलाई मर्न दे............ मेरो राजुलाई भनिदिनू विवाह गरेर आमाबाबुलाई खुसी राख्नु र ज्ञानूलाई बिर्सिदिनु भनेर ।"

यहाँ ज्ञानूले भोग्नुपरेका विषम परिस्थितिको अभिव्यक्ति छ । जसबाट उपन्यासले नाटकीय स्वरूप प्राप्त गरेको छ । पात्रका मनका भावहरू उपन्यासमा एकालापीय माध्यमबाट पनि प्रस्तुत भएका छन् ।

### ५.६.६ भाषाशैली

उपन्यासको भाषा गद्यात्मक हुन्छ । गद्य भाषामा लेखिएको यस उपन्यासमा छोटा-छोटा संवादको प्रयोग गरिएको छ । सरल भाषामा रोमाञ्चक पाराले प्रस्तुत गरिएको यस उपन्यासमा सामाजिक स्तर र पात्रगत सम्बन्धका आधारमा उच्च, मध्य र निम्न आदरार्थी भाषाको प्रयोग गरिएको छ । उपन्यासमा गाउँले–सहरिया, शिक्षित–अशिक्षित, सम्पन्न–विपन्न सबै वर्गका पात्रहरूले एकै किसिमको भाषा बोलेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यस उपन्यासमा भएको पाइन्छ । चलनचल्तीमा रहेका तथा नेपाली जनजिब्रोमा सहजै उच्चारण हुने अङ्ग्रेजी पास, अफिस, हस्पिटल, नर्स, सिस्टर, ट्युसन, क्वाटर आदि शब्दहरूका साथै संस्कृत, हिन्दी, उर्दू भाषाका शब्दहरू पनि प्रयोग भएका छन् । उखान-टुक्काको प्रयोगले पनि उपन्यासको भाषालाई बढी आकर्षित बनाएको छ । यसरी चरित्रले पचाउने खालको भाषाले उपन्यासको प्रस्तुतिलाई सरल, सहज, सुबोध एवम् सौन्दर्ययुक्त बनाएको देखिन्छ ।

### ५.६.७.दृष्टिबिन्दु

'दुई आत्माको मिलन' उपन्यासका मुख्य कथयिता राजु र ज्ञानू हुन् । यिनीहरूकै संवादबाट कथानक अगाडि बढेको छ । यस उपन्यासमा मुख्य रूपमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा वर्णनात्मक तथा कतै-कतै पत्रात्मक शैलीको प्रयोग पनि भएको छ । उपन्यासमा म पात्रले कथानकलाई अगाडि बढाएको छ : "मेरो लागि हिमाल झुक्नुपर्ने थियो, समुद्र सुक्नुपर्ने थियो । पवित्र आत्माको मिलन हुनुपर्ने थियो ।" (पृष्ठ ७०) उपन्यासमा कथानकसँग कथयिताको संलग्नता पनि देखिन्छ –"प्रेमी–प्रेमिकाको संसार नै यस्तो हुँदो रहेछ – हाँसो र आँसु, सुख र दुःख, त्याग र समर्पण, मिलन र बिछोडबीचको दोसाँध ।" (पृष्ठ ७७)

यसरी उपन्यासकारले कथानकलाई राजु र ज्ञानूका संवादबाट अगाडि बढाएको हुनाले यसलाई तृतीय पुरुष सर्वज्ञ निर्वैयक्तिक दृष्टिविन्दुको प्रयोग मान्न सकिन्छ । कतै कथयिता स्वयं उपस्थित भई कथानकलाई अगाडि बढाएका छन् । उपन्यासमा संवादका क्रममा आन्तरिक दृष्टिविन्दुको प्रयोग पनि भएको पाइन्छ ।

### ५.६.८.उद्देश्य

'दुई आत्माको मिलन' उपन्यास आदर्श प्रेममा आधारित छ । नेपाली समाजमा घट्ने घटनालाई यथार्थ रूपमा देखाउनु यस उपन्यासको मूल उद्देश्य हो । नेपालमा ग्रामीण तथा सहरी क्षेत्रमा घट्ने घटना, मानिसहरूले भोग्नुपरेका समस्याहरू, मानसिक छटपटी तथा विकृति र विसङ्गतिलाई देखाई अहिलेका युवायुवतीलाई दीक्षित गराउनु यस उपन्यासको उद्देश्य रहेको छ । नेपाली समाजमा व्याप्त अन्धपरम्परा, मानव अस्तित्व, नारी वेदना, यौनोत्तेजक प्रवृत्ति तथा अमर प्रेमलाई देखाउनु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

### ५.६.९.शीर्षकविधान

उपन्यासमा आएका प्रमुख पात्र  राजु र ज्ञानूबीचको दुई आत्माको मिलनको चित्रण गरिएकाले यस उपन्यासको शीर्षक सार्थक रहेको देखिन्छ । ज्ञानूको यौवनलाई

खगेन्द्रजस्तो मान्छेले लुटेपछि उसले राजुसँग बिहे नगर्ने सोच बनाउँछे । राजुसँग जीवन बिताउने वाचामा आफूले पाप गरेको ज्ञानूले सम्झन पुग्छे । तर ज्ञानूले आफ्नो जीवनकालमा राजुलाई माया दिई नै राख्छे । यता राजुलाई ज्ञानूको कुराकानीले विचलित गराई नीलडाँडाको भीरबाट हाम फाल्न बाध्य तुल्याउँछ । ज्ञानू र रजनीका आग्रहलाई नमानी भीरबाट राजु हाम फाल्ने क्रममा ज्ञानू पनि साथमै हाम फाल्न पुग्छे । तसर्थ भौतिक रूपमा प्रेमी-प्रेमिकाको मिलन हुन नसके पनि अन्ततः ती दुईबीचको आत्मा भने एक भएर रह्यो भन्ने सन्दर्भबाट उपन्यासको शीर्षक सार्थक रहेको स्पष्ट हुन्छ । राजु र ज्ञानूको मृत्युपश्चात् नीलडाँडामा बनाइएको स्मारक प्रतिमा दुई आत्माको मिलनको प्रतीकको रूपमा रहेको प्रसङ्गबाट पनि प्रस्तुत शीर्षक सार्थक नै देखिन्छ । अर्कोतर्फ उपन्यासका सहायक पात्र मनोज र मञ्जुलबीचको सम्बन्ध विवाहमा परिणत भएकाले पनि यो शीर्षक सार्थक बन्न पुगेको छ ।

उपन्यासको कथावस्तु दुःखान्तकमा टुङ्गिएको छ । भौतिक शरीर अलग–अलग भए पनि आत्मिक प्रेम अलग हुन सक्दैन । त्यसैले पवित्र प्रेम गर्ने व्यक्तिबीच आत्मिक मिलन हुन्छ भनी देखाउनु प्रस्तुत उपन्यासको मुख्य सार पनि हो ।

## ५.७ 'सर्वदलीय घर' लघुकथा–सङ्ग्रहको अध्ययन

### ५.७.१. लेखन र प्रकाशन

'सर्वदलीय घर' इन्द्रकुमार विकल्पद्वारा लिखित लघुकथासङ्ग्रह हो । यसलाई धवालागिरिकै प्रथम प्रकाशित लघुकथासङ्ग्रहका रूपमा लिन सकिन्छ ।[७०] यसलाई २०६० सालमा रामचन्द्र जोशीले कुस्मा पर्वतबाट प्रकाशित गरेका थिए । विकल्पको साहित्यिक यात्राको दोस्रो चरणमा प्रकाशित यस लघुकथासङ्ग्रहको भूमिका धवलागिरिकै कथाकार प्रेम छोटाले लेखेका छन् । यस लघुकथासङ्ग्रहका आवरणमा एउटा घरमा १२ वटा पार्टीका चिन्ह अङ्कित भएका झन्डा टाँगिएको छ । बाहिरी आवरण र सङ्ग्रहभित्रका लघु कथाका शीर्षक हेर्दा यो राजनीतिक विषयप्रधान

[७०] रामचन्द्र जोशी 'शुभकामना' **सर्वदलीय घर**, पूर्ववत्, पृष्ठ उल्लेख नगरिएको ।

कथासङ्ग्रह हो कि जस्तो लाग्छ तर यसका कथामा विषयगत विविधता रहेको छ । यस कथासङ्ग्रहभित्र सङ्कलित कथाहरूका मुख्य स्रोत वर्तमान समाजका सामाजिक समस्याहरू, मानवीय मर्म र पीडाका अनुभूतिहरू रहेका छन् ।[७१] लेखकले आफ्नो भनाइमा मानिस सामाजिक प्राणी भएको नाताले पलपलमा समाजमा घटित घटनाहरू, आफूले देखेका, सुनेका र भोगेका सुख, दुःखका अनुभूतिहरू यस सङ्ग्रहका कथामा आएको कुरा स्वीकार गरेका छन् ।

प्रस्तुत लघुकथासङ्ग्रहभित्र २१ वटा लघुकथाहरू रहेका छन् । 'नरेकाका', 'कुकुरको मुत', 'इज्जत', 'मर्का पऱ्यो', 'असल साथी', 'बिहे', 'खै विवाहितका चिन्हहरू', 'हातलाग्यो शून्य', 'तोकिएको चन्दा', 'आशा काकी', 'परिबन्दले दिएको सजाय', 'सबभन्दा दानी', 'दिउँसोको सपना', 'चक्रेको मन्त्र', 'फरक निर्देशन', 'सर्वदलीय घर', 'बलियो र निर्धो', 'पुरेत बाजे र ठट्यौलो यजमान', 'कहाली लाग्दो भविष्य', 'बिना बाबुको छोरा', 'उसको व्यथा', लघुकथाहरू यस सङ्ग्रहमा सङ्कलित हुन् । यिनलाई लघुकथाका कोणबाट तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

## ५.७.२ विषयवस्तु

'सर्वदलीय घर' लघुकथा-सङ्ग्रहभित्र विविध विषयसँग सम्बन्धित कथाहरू रहेका छन् । यसमा नेपाली समाजको यथार्थ चित्रण गरिएका सामाजिक कथाहरूमा ग्रामीण जनजीवन, वर्गभेद र त्यसबाट उत्पन्न विभिन्न समस्याहरू, नयाँ र पुराना पुस्ताबीचको द्वन्द्व तथा ग्रामीण र सहरिया सभ्यताका बीचको द्वन्द्व प्रस्तुत गरिएको छ । सम्पन्न र विपन्न वर्ग बीचको वर्गसङ्घर्ष, शोषण, अन्याय, अत्याचार, निम्न वर्गका जनताको दयनीय आर्थिक–सामाजिक अवस्थालाई प्रस्तुत सङ्ग्रहका कथामा चित्रण गरिएको छ । समाजका उच्च वर्गले सामाजिक मर्यादा, नीतिनियम र धर्मसंस्कृतिलाई आफ्नो पेवा ठान्न पुगेको र त्यसको मारमा परेका असहाय, निर्बल र निराधार जनताको दयनीय स्थितिलाई यस सङ्ग्रहका लघुकथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । देशको वर्तमान विकृत राजनैतिक अवस्थाको चित्रण पनि यस सङ्ग्रहका

[७१] प्रेम छोटा 'भूमिका', **सर्वदलीय घर**, ऐजन ।

लघुकथामा गरिएको छ । प्रेमी–प्रेमिकाले झेल्नुपरेका घातप्रतिघातहरू, विसङ्गतपूर्ण जीवनका तीता यथार्थहरू पनि कथाका विषयवस्तुका रूपमा आएका छन् ।

### (क) सामाजिक–सांस्कृतिक विषयवस्तु

'सर्वदलीय घर' लघुकथासङ्ग्रहभित्र रहेका 'नरेकाका', 'कुकुरको मुत', 'इज्जत', 'खै विवाहितका चिन्हहरू', 'हात लाग्यो शून्य', 'आशा काकी', 'परिबन्दले दिएको सजाय', 'बलियो र निर्धो', 'पुरेतबाजे र ठट्यौलो यजमान', 'कहालीलाग्दो भविष्य', 'फरक निर्देशन', 'विना बाबुको छोरा', 'उसको व्यथा' जस्ता लघुकथाहरू सामाजिक–साँस्कृतिक विषयवस्तुसँग सम्बद्ध रहेका छन् । मानव जीवनका विविध भोगाइहरू, अनुभव, आशा–निराशा, त्याग र स्वार्थजस्ता मानवीय प्रवृत्तिहरूलाई दार्शनिक दृष्टिकोणबाट यस सङ्ग्रहका लघुकथामा प्रस्तुत गरिएको छ । निम्नवर्गीय मानिसका यथार्थहरू चित्रण गर्दै कथाकारले अनावश्यक खर्च गर्ने विवेकहीन मानिसप्रति व्यङ्ग्य प्रहार 'कुकुरको मुत' कथामा गरेका छन् । सम्पन्न र विपन्न वर्गबीच देखिएको वर्गीय असमानता, शोषक वर्गको वैचारिक र व्यावहारिक नीचता वा क्षुद्रपनलाई देखाउनुका साथै वर्तमान राजनीतिक, शैक्षिक र सामाजिक क्षेत्रमा देखिएका विकृति–विसङ्गतिलाई कथाकारले 'इज्जत' कथामा प्रस्तुत गरेका छन् । कथामा जीवन साथीको रोजाइमा बाहिरी सौन्दर्यलाई महत्त्व दिने व्यक्तिप्रति व्यङ्ग्य प्रहार गरिएको पनि पाइन्छ । आफ्नो संस्कारलाई भुलेर, आफ्ना श्रीमान् र छोराछोरीलाई समेत बिर्सेर परपुरुषसँग रमाइलो गरी बस्न चाहने शिक्षित तथा आधुनिक नारीप्रति व्यङ्ग्य प्रहार भएका 'खै विवाहितका चिन्हहरू' जस्ता कथा पनि यसमा परेका छन् । समाजका यस्ता विविध क्रियाकलापले नेपाली सभ्यता र संस्कृतिमा पर्न गएको असर उनका कथामा उल्लिखित छ । समाजमा बढेका अन्याय, अत्याचार, असमानता, न्यून आर्थिक स्थिति, असमान भूमिवितरण, ठूलो पारिवारिक आयाम समाजमा गरिबी बढ्नुका प्रमुख कारण हुन् भन्ने कुरा पनि 'हात लाग्यो शून्य' जस्ता कथामा आएका छन् । स्वार्थरहित भावनाले आर्जन गरेका धनपैसा दान गर्ने व्यक्तिमात्र दानी हुन सक्ने कुरा देखाई स्वार्थी प्रवृत्तिका मानिसप्रति व्यङ्ग्य प्रहार गरिएका कथा 'सबभन्दा दानी मान्छे' पनि यस लघुकथासङ्ग्रहमा आएका छन् । सभ्य र शिष्ट तर आर्थिक रूपमा कमजोर स्थितिका

मानिसहरूलाई सम्पन्न वर्गले असभ्य र पशुवत् व्यवहार गरी दमन गर्ने र आफूलाई ठूलो बनाउन चाहने प्रवृत्तिप्रति पनि कथाकारले व्यङ्ग्य प्रहार गरेका छन् । धार्मिक अन्याय, शैक्षिक अन्याय, सामाजिक अन्याय जस्ता कुराहरू समाजकै शोषक वर्गले गर्ने कुराहरू ('पुरेतबाजे र ठट्यौलो यजमान', 'फरक निर्देशन' आदि) पनि उनका कथामा उल्लिखित छन् । यसरी समाजमा देखिने यथार्थ घटनामाथि व्यङ्ग्य विनोद गर्दै कथाकारले प्रस्तुत सङ्ग्रहका लघुकथामार्फत देखाउने काम गरेका छन् ।

### (ख) राजनैतिक विषयवस्तु

'सर्वदलीय घर' लघुकथासङ्ग्रहभित्र राजनैतिक विषयवस्तुलाई समेटेका कथा पनि छन् । यसमा 'तोकिएको चन्दा', 'कहालीलाग्दो भविष्य', 'चक्रेको मन्त्र', 'सर्वदलीय घर' जस्ता लघुकथाहरू राजनैतिक विषयसँग सम्बन्धित छन् । देशमा स्थापना भएका विभिन्न राजनैतिक दल वा अन्य सङ्घसंस्थाहरूले आफ्नो साङ्गठनिक सुदृढीकरणका लागि जनमतको सट्टा हतियारको प्रयोग गर्ने, चन्दासङ्कलन गर्ने, धम्क्याउने काम गरेका कुराहरू 'तोकिएको चन्दा' जस्ता कथामा आएका छन् । यस कथामा कथाकारले राजनैतिक विकृति र मानवीय कमजोरीलाई प्रस्तुत गरेका छन् । बेरोजागरीका कारण पछाडि परेका शिक्षित वर्ग, राजनैतिक प्रभावका कारण शैक्षिक क्षेत्रमा परेको नकारात्मक प्रभाव र देशको बिग्रँदो आर्थिक स्थिति 'कहाली लाग्दो भविष्य' कथामा विषयवस्तुका रूपमा आएका छन् । एउटै परिवारका सदस्यहरू विभिन्न राजनैतिक सङ्गठनमा आबद्ध भएर काम गर्ने भएकाले जुनसुकै पार्टीको सरकार आए पनि आफूले फाइदा उठाउने खालका प्रवृत्तिको चित्रण भएका 'सर्वदलीय घर' जस्था कथा पनि यस सङ्ग्रहमा आएका छन् । सत्तामा पुगेपछि राष्ट्र र जनताको भविष्यमा खेलबाड गर्ने नेताहरूप्रतिका व्यङ्ग्यहरू पनि 'चक्रेको मन्त्र' जस्ता कथामा आएका छन् । यसरी समकालीन नेपालको राजनीतिमा देखिएका विकृति–विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै नेपाली जनतालाई सचेत तुल्याउने खालका कथाहरू विकल्पले आफ्नो यस लघुकथासङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

## ५.७.३. चरित्रविधान

'सर्वदलीय घर' लघुकथा सङ्ग्रहभित्रका अधिकांश कथाहरू सामाजिक यथार्थमा आधारित रहेका छन् । हाम्रै गाउँ–ठाउँ तथा समाजमा घटेका र घट्न सक्ने घटनालाई विविध किसिमका पात्रहरूको प्रयोगबाट स्पष्ट पारिएको छ । कथाको सामाजिक स्थिति र पात्रगत स्थितिलाई दृष्टिगत गर्दा कथाका पात्रहरूलाई मुख्यतः उच्च (शोषक) र निम्न (शोषित) वर्गमा विभाजन गर्न सकिन्छ । कथामा आएका हर्के साहू, बिर्खबहादुर, चक्रबहादुर, पुरेत आदि उच्चवर्गीय पात्र हुन् भने काइँलो मिस्त्री, रामप्रसाद, बखतमान, काले, ऋषि, गिरी, साइँला आदि निम्नवर्गीय पात्र हुन् । कथामा आएका निम्नवर्गीय पात्रहरू उच्चवर्गीय पात्रहरूद्वारा शोषित र पीडित छन् भने केही पात्रहरू आफ्नै बुद्धि र कर्मद्वारा दुःखमय जीवन बाँच्नुपर्ने बाध्यतामा पुगेका छन् । यस्ता खालका पात्रहरूमा नरेकाका, काइँलो मिस्त्री, सन्तवीर, वसन्त, आशाकाकी आदि पर्दछन् । यस्तै जीवनजगत्का विविध पक्षहरूको उद्घाटन गर्न ब्रह्मा र नारदजस्ता पौराणिक पात्रहरू पनि यस सङ्ग्रहका लघुकथामा आएका छन् ।

## ५.७.४ परिवेशविधान

'सर्वदलीय घर' लघुकथा-सङ्ग्रहभित्र रहेका कथामा सामाजिक तथा राजनैतिक विषयवस्तु मुख्य रूपमा रमेटिएको छ । यिनमा नेपालकै ग्रामीण परिवेश मुख्यतः देखापरेको छ भने अंशतः सहरी परिवेश पनि समेटिन पुगेको छ । केही लघुकथामा आञ्चलिक तथा स्थानीय परिवेश आएको पनि पाइन्छ । प्रस्तुत सङ्ग्रहका कथामा विश्वविद्यालय क्याम्पस कीर्तिपुरलगायतका शैक्षिक परिवेश पनि समेटिएका छन् । यस लघुकथासङ्ग्रहमा २०४६ सालपछिका घटनाक्रमहरूको प्रतिध्वनि प्रमुख रूपमा आएको देखिन्छ । विशेष गरी २०४६ सालतिर जब बहुदलीय प्रजातन्त्रको उदय भयो त्यही समयावधिको वरपर घटेका घटनाहरू यस सङ्ग्रहका कथामा आएका छन् । वर्तमान राजनैतिक परिवेश, ग्रामीण तथा सहरिया परिवेश कथाका प्रमुख अवस्थितिका रूपमा आएका छन् । उच्च, मध्यम र निम्न वर्गका मानिसहरूको मानसिक तथा शारीरिक परिस्थितिहरू पनि यस सङ्ग्रका कथामा समेटिएका छन् । यसरी सामाजिक–

सांस्कृतिक, राजनैतिक परिवेश यस लघुकथासङ्ग्रहका कथामा प्रमुख रूपमा आएका छन् ।

### ५.७.५ आयाम

'सर्वदलीय घर' लघुकथा–सङ्ग्रहमा जम्माजम्मी २१ वटा लघुकथाहरू रहेका छन् । यी प्रत्येक लघुकथाहरूको अयाममा लघु प्रकृतिको नै रहेको देखिन्छ । यस सङ्ग्रहमा परेको 'आशा काकी' शीर्षकको लघुकथा भने आयामका दृष्टिले अपेक्षाकृत लामै छ । यस लघुकथासङ्ग्रहभित्रका कथाहरूमा न्यूनतम ३ देखि अधिकतम १९ अनुच्छेद योजनासम्म रहेको देखिन्छ । जम्मा ६६ पृष्ठको आयाममा फैलिएको यस लघुकथासङ्ग्रह लघु प्रकृतिको नै रहेको छ । बनोट र बुनोटका दृष्टिले छोटोछरितो आयाममा संरचित यस सङ्ग्रहमा आएका कथाका घटनाहरू तीव्र, रोचक र गत्यात्मक रूपले अगाडि बढेका छन् । पाठकलाई मुक्तकीय झड्का दिने खालका संरचना भएका कथाहरू यस सङ्ग्रहमा आएका छन् । यसरी 'सर्वदलीय घर' लघुकथा-सङ्ग्रह लघु आयाममा संरचित रहेको देखिन्छ ।

### ५.७.६ भाषाशैली

'सर्वदलीय घर' गद्यमा लेखिएको लघुकथा-सङ्ग्रह हो । यस लघुकथासङ्ग्रहमा तत्सम, तद्भव, आगन्तुक र ठेट नेपाली शब्दहरूको प्रयोग भएको देखिन्छ । चलनचल्तीको भाषाप्रयोगले यस कथासङ्ग्रहभित्रका कथाहरू सरल, सहज र सुबोध बन्न पुगेका छन् । समाजमा प्रचलित उखान-टुक्काको प्रयोगले कथाहरू बढी आकर्षक पनि बन्न पुगेका छन् । छोटा-छोटा संवाद एवम् वर्णनात्मक, विवरणात्मक एवम् व्यङ्ग्यात्मक शैलीले कथाहरू विनोदप्रिय बनेका छन् । कथामा शिक्षित–अशिक्षित, उच्च–निम्न, सहरिया–ग्रामीण सबै प्रकृतिका पात्रहरूले बोल्ने भाषामा एकरूपता पाइन्छ । कथामा बढी मात्रामा प्रथमपुरुषीय शैलीभन्दा तृतीयपुरुषीय भाषाशैलीको प्रयोग देखिन्छ । सामाजिक–सांस्कृतिक, राजनैतिक विम्ब र प्रतीकको प्रयोगले यसका लघुकथाहरू बढी कलात्मक बन्न पुगेका छन् ।

## ५.७.७ उद्देश्य

सामाजिकसांस्कृतिक तथा राजनैतिक विषयवस्तुमा आधारित रहेको प्रस्तुत लघुकथासङ्ग्रहको प्रमुख उद्देश्य नेपाली समाजमा देखिने विकृति–विसङ्गगतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नु र त्यहाँका मानिसहरूमा चेतना फैलाउनु हो । त्यस्तै वर्तमान राजनीतिमा देखा परेका विविध विकृति-विसङ्गति, समाजको शैक्षिक अवस्था, ग्रामीण तथा सहरिया जीवनको यथार्थ अङ्कन गर्नु यस लघुकथा–सङ्ग्रहका कथाको मुख्य उद्देश्य हो ।

## ५.७.८ शीर्षकविधान

'सर्वदलीय घर' लघुकथा-सङ्ग्रहभित्र विषयगत विविधता भएका समसामयिक परिवेशमा मिल्ने खालका लघुकथाहरू रहेका छन् । समग्र लघुकथाहरू समाजमा विद्यमान वर्गभेद, राजनैतिक अवस्था आदिसँग सन्दर्भित छन् । तसर्थ 'सर्वदलीय घर' लघुकथासङ्ग्रहको शीर्षक सार्थक रहेको देखिन्छ । कतिपय लघुकथामा प्रयुक्त शीर्षकले प्रतीकात्मक अर्थ प्रदान गर्ने भएकाले पनि यस लघुकथासङ्ग्रहको शीर्षक उपयुक्त रहेको पाइन्छ ।

यसरी 'सर्वदलीय घर' का लघुकथाहरूमा मानिसको आडम्बरी स्वभावप्रति व्यङ्ग्य भाव प्रकट गर्दै समसामयिक सामाजिक एवम् राजनैतिक परिवेशभित्रका विसङ्गत पक्षलाई लिई गरिबी, शोषण, विवशता आदिजस्ता मानवीय समस्याको चित्रण गरी युगीन सत्यको उद्घाटन गर्ने काम भएको छ । कथामा विविध प्रतीकको प्रयोग गरी वर्तमान विकृति, विसङ्गगति र मानव मनभित्रका रागात्मक अनुभूतिलाई सटीक रूपमा कथाबद्ध गर्ने काम कथाकारले यहाँ गरेका छन् ।

## ५.८ 'बैंसका रहरहरू' कथासङ्ग्रहको अध्ययन

### ५.८.१. लेखन र प्रकाशन

'बैंसका रहरहरू' इन्द्रकुमार 'विकल्प'द्वारा लिखित कथासङ्ग्रह हो । यसलाई २०६३ सालमा जनमत प्रकाशन, काभ्रेले प्रकाशित गरेको छ । विकल्पको साहित्य–यात्राको दोस्रो चरणमा प्रकाशित भएको यस कथा सङ्ग्रहको भूमिका धौलागिरि साहित्य प्रतिष्ठानका सदस्य तथा महेन्द्र बहुमुखी क्याम्पस, बागलुङका उपप्राध्यापक षडानन्द पौड्यालले लेखेका छन् । प्रकाशकका तर्फवाट मोहन दुवालले विकल्पको साहित्यिक-यात्रामा सफलता मिलोस् भन्ने शुभकामना दिएका छन् । यस कथासङ्ग्रहमा जम्माजम्मी आठओटा कथाहरू समेटिएका छन् । उनका यी कथाहरूलाई कथागत तत्त्वका आधारमा तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

### ५.८.२. कथावस्तु

इन्द्रकुमार विकल्पद्वारा लिखित 'बैंसका रहरहरू' कथासङ्ग्रहमा सङ्ग्रहित सबै कथाहरूमा प्रणयलाई विभिन्न रूप र शैलीमा कलात्मक प्रयोगका साथ उतार्ने काम भएको छ । कथाकारले आफ्ना कथालाई प्रेमका अनेक रूपसँग जोड्ने प्रयास गरेका छन् । यस कथासङ्ग्रहभित्र 'बैंसका रहरहरू', 'खुसीको आँसु छचल्कियो', 'अप्रत्याशित भेट', 'टेलीफोनको घण्टी बज्न छोड्यो', 'भाग्यले जुराएको जोडी', 'कान्छा र मैसाप', 'अच्छा लाहुरे र मखमली' र 'सरिताको भाग्य' समेत आठवटा कथाहरू समावेश गरिएको छ । सङ्ग्रहभित्रका सबै कथाहरूलाई हेर्दा यसका कथामा सहरिया जीवनशैलीका युवायुवतीहरूलाई टपक्क टिपेर राखेको पाइन्छ । कथा पढ्दा आफ्नैवरिपरि घटिरहेका घटनाहरूलाई कथामा प्रस्तुत गरेको अनुभव पाठकलाई हुन्छ । कथावस्तुका घटनाहरू एकआपसमा श्रृङ्खलाबद्ध भएर उनिएका छन् । कथामा घटना, कार्य, एवम् द्वन्द्वको श्रृङ्खलाबद्ध प्रस्तुति देखिन्छ ।

प्रस्तुत कथासङ्ग्रहभित्र परेको 'बैंसका रहरहरू' कथामा वर्तमान सहरिया जीवन-पद्धतिमा नेपाली युवायुवतीको भूमिका के-कस्तो रहेको छ भन्ने कुरालाई देखाइएको छ । यसमा वर्तमानमा उपलब्ध सञ्चारमाध्यमले मनमा दमित कुराहरूलाई व्यक्त गर्न, एकआपसमा सम्बन्ध स्थापित गर्न, कसैसँग नजिक र टाढा हुनसमेत सहयोग पुऱ्याएको तथ्यलाई देखाइएको छ । खुला जीवनशैलीका कारण सहरिया परिवेशका युवायुवतीहरू परस्परमा प्रेम, मित्रता स्थापित गर्न क्रियाशील रहने गरेको यथार्थ यस कथामा प्रस्तुत गरिएको छ ।

'खुसीको आँसु छचल्कियो' कथामा यथार्थपरक मानवीय भोगाइलाई देखाइएको छ । स्वदेशमा बसेर काम नपाएपछि सुखद भविष्यका लागि विदेशिनुपर्ने बाध्यात्मक स्थिति कथामा चित्रित छ । श्रीमान् श्रीमतीका बीचको गहिरो प्रणय भावना त्यसै दमित हुन पुगी चिठी र तस्बिर हेरेर चित्त बुझाउनुपर्ने विषम परिस्थिति कथामा देखाइएको छ । विदेशका कारण नेपाली नारीहरूको जीवनमा परेको प्रभाव र पुरुषका कारण नेपाली महिलाको सिङ्गो जीवनमा परेको प्रभावलाई यस कथामा देखाइएको छ ।

'अप्रत्याशित भेट' पूर्वस्मृति शैली अँगाली लेखिएको कथा हो । यसमा लगभग ११/१२ वर्ष पहिलेका  घटनालाई मुख्य विषय बनाएर कथानक तयार गरिएको छ । प्रेमका त्याग र उदात्ततालाई चिनाउने प्रयास यस कथामा गरिएको छ । कथाले अमर र पवित्र प्रेमलाई सहानुभूतिपूर्वक परिणतिमा पुऱ्याएको छ । दुई वस्तुबीचको संयोग आफैमा अनौठो विषय भएको पुष्टि कथामा आएका घटनावलीले गरेका छन् ।

'टेलिफोनको घण्टी बज्न छोड्यो' कथामा मानिसको मानसिकता कसरी उद्वेलित हुन्छ भन्ने कुरा देखाइएको छ । आफ्नो श्रीमान्बाट प्रणय सुख प्राप्त गर्न नसक्दा परपुरुषसँग एउटी स्त्रीले कसरी सम्बन्ध स्थापित गर्न पुग्छे ? भन्ने कुरालाई यस कथामा देखाउन खोजिएको छ । टेलिफोनको सङ्केतबाट आफ्ना प्रणय सुखमा रमाउने जोडी तथा लुकीछिपी रतिक्रियामा संलग्न रहेको कुरालाई यस कथामा देखाउन खोजिएको छ । यस्तो गोप्य सम्बन्धले जीवनको अन्त्यमा दुर्घटना पर्न सक्ने

सम्भावनालाई पनि यस कथामा देखाइएको छ । यस कथाको कथानक रतिरागात्मक विषयमा बाँधिन पुगेको छ ।

'भाग्यले जुराएको जोडी' मानवीय संवेदनामा स्पर्श गर्ने कथाका रूपमा आएको छ । पूर्वस्मृति शैली अँगाली लेखिएको यस कथामा एउटा गरिब परिवारकी छोरीहरूका साहूको चौतर्फी सेवा गर्ने क्रममा जीवनका सुन्दर कल्पनाहरू त्यसै चकनाचुर हुँदै जाने कुरालाई यस कथामा सङ्केत गरिएको छ । जीवन धान्नका लागि यौन व्यवसाय अँगाल्नुपर्ने बाध्यतालाई पनि यस कथामा देखाइएको छ । कथामा स्वप्न यथार्थमा परिणत भएको कुरालाई पनि देखाइएको छ । व्यक्ति स्वयंले गल्ती नगरे पनि अरूका कारण तथा गरिबीका कारण नेपाली नारीले भोग्नुपर्ने नियतिको यथार्थ चित्रण यस कथामा गरिएको छ ।

'कान्छा र मैसाप' कथामा कामका निम्ति भौँतारिँदै विदेश पसेको कान्छा अभिजात वर्गकी प्रतिनिधि मैसापको घरमा नोकरको रूपमा रहेको हुन्छ । मैसाप कान्छाप्रति आकर्षित भई उसप्रति आफ्नो जीवन समर्पण गर्न चाहन्छे । सामाजिक रूपमा असामान्य जस्तो लाग्ने उक्त विषयलाई उच्च वर्गमा पनि प्रेमप्रति स्वीकारात्मक सद्भाव छ भन्ने आदर्शपरक चिन्तन यहाँ प्रस्तुत गरिएको छ । प्रेमलाई कुनै पनि सीमामा बाँध्न सकिँदैन भन्ने कुरा यस कथामा आएको छ ।

'अच्छा लाहुरे र मखमली' पवित्र प्रेमको प्रतिनिधित्व गर्ने कथा हो । अच्छा लाहुरे मखमलीका पछि लागेर विवाहपूर्व यौनसम्बन्ध राखी विदेशिन्छ र मखमलीले आत्महत्या गर्न लाग्दा टुप्लुक्क आइपुग्छ । उसले आफ्नी प्रणयसँगिनीलाई स्वीकार गर्दछ । नारीले कुनै पनि काम गर्नुपूर्व सोचविचार गरेर मात्र निर्णय लिनुपर्ने विचार यस कथामा व्यक्त भएको छ ।

'सरिताको भाग्य' कथामा नारीजीवनका समस्याहरूलाई केलाउने काम भएको छ । आफूले प्रेम गरेको व्यक्तिसँग पारिवारिक समस्याका कारण विवाह गरी जीवन सञ्चालन गर्न नसक्नु र आफ्नो भाग्य त्यत्तिकै खेर जाने जस्ता कुरालाई यस कथामा

देखाइएको छ । यसरी आफ्नो चाहनाअनुसार वैवाहिक जीवनमा बाँधिए पनि क्षणिक सुख मात्र प्राप्त हुने कुरा यस कथामा देखाइएको छ ।

समग्रमा 'बैंसका रहरहरू' कथासङ्ग्रहमा प्रणयमूलक विषयवस्तुलाई समेटिएका रहेका कथाहरू मार्फत प्रेमका अनेक रूपलाई प्रस्तुत गरिएको छ ।

### ५.८.३ कथन ढााचा/दृष्टिबिन्दु

'बैंसका रहरहरू' कथासङ्ग्रहभित्र  सङ्ग्रहित कथाहरू लघु प्रकृतिका रहेका छन् । यसका कथाहरू बीस मिनेटभित्रको एक बसाइमा पढ्न सकिने खालका छन् । छोटा-छोटा संवादहरूको प्रयोग यी कथामा भएको छ । प्रतिनिधित्वका दृष्टिले यसका कथाहरू तृतीय पुरुष कथनशैलीमा लेखिएका छन् भने कुनैकुनै कथाहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पनि भएको छ । कथाहरूमा वर्णनात्मक र कतै–कतै दृश्यात्मक कथनढाँचाको प्रयोग पनि भएको पाइन्छ ।

### ५.८.४ पात्रहरू

'बैंसका रहरहरू' कथासङ्ग्रहभित्र रहेका कथाहरूमा विभिन्न किसिमका पात्रहरूको उपस्थिति रहेको पाइन्छ । 'बैंसका रहरहरू' कथामा विक्रम, रीना, रश्मि र राज गरी दुई जना पुरुष र दुई जना स्त्री पात्र प्रस्तुत गरी कथानकको उठान गरिएको छ । यिनीहरू सहरिया जीवनपद्धतिमा सञ्चालित पात्रका रूपमा आएका छन् । 'खुसीको आँसु छचल्कियो' कथामा सरिता, प्रकाश, हेमन्त, दिदी आदि पात्रहरूको उपस्थिति रहेको छ । नेपालीहरू कामको खोजीमा विदेशमा भौंतारिनै पर्ने परिस्थितिको प्रतिनिधित्व यी पात्रहरूले गरेका छन् । 'अप्रत्याशित भेट' कथामा निमेष, निरूपा, शिलु प्रतिनिधि पात्रका रूपमा आएका छन् । निमेषले निरूपालाई अगणित प्रेम गर्छ, निरूपाले निमेषलाई । यिनै पात्रका माध्यमबाट कथामा प्रेमका त्याग र उदात्ततालाई चित्रण गर्ने प्रयास गरिएको छ । कथाको निमेषको कार्यशैली पुरुषमा रहने शौर्यभन्दा भिन्न छ भने निरूपाले बरु स्त्री भए पनि पौरुष गुण प्रस्तुत देखाइएकी छे । 'टेलिफोनको घण्टी बज्न छोड्यो' कथामा शैशला, शैशलाको श्रीमान्, इशुभ,

दियाजस्ता पात्रहरू आएका छन् । शैशला इशुभजस्तो परपुरुषसँग टेलिफोनको भरमा आफ्ना प्रणय सुख भोग र्ने प्रतिनिधि पात्रका रूपमा आएकी छे । 'भाग्यले जुराएको जोडी' कथामा अञ्जली प्रमुख पात्रका रूपमा रहेकी छे । अञ्जली गरिब परिवारमा जन्मिएकी र होटलमा बसेर साहूको सेवा गर्ने तथा जीवन धान्न यौनव्यवसाय अपनाउनुभन्दा अर्को विकल्प नदेख्ने पात्रका रूपमा आएकी छ । 'कान्छा र मैसाप' कथामा कान्छा निम्नवर्गीय पात्रका रूपमा उपस्थित छ भने मैसाप अभिजात वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएकी छ । यी दुवै पात्रको भूमिका कथामा प्रमुख रहेको छ । 'अच्छा लाहुरे र मखमली' कथामा अच्छा लाहुरे र मखमली, कमली र द्रुपदा आदि पात्रहरू रहेका छन् । निम्नवर्गीय चरित्रका प्रतिनिधित्व यी चरित्रले गरेका छन् । 'सरिताको भाग्य' कथामा सरिता र रनबहादुर प्रमुख पात्रका रूपमा आएका छन् । समाजमा रहेका जातीय विभेदलाई यी पात्रहरूले प्रतिनिधित्व गरेका छन् ।

यसरी प्रस्तुत कथासङ्ग्रहभित्रका कथाहरूमा विविध वर्ग, जाति, लिङ्ग आदिलाई प्रतिनिधित्व गर्ने पात्रहरू आएका छन् । पात्रहरूले कथानकलाई जीवन्तता प्रदान गर्न विशेष किसिमको भूमिका खेलेका छन् ।

### ५.८.५ परिवेश

'बैंसका रहरहरू' कथासङ्ग्रहमा समेटिएका कथाहरूमा स्वदेशदेखि भारतीय भूमिसम्मका परिवेशहरू आएका छन् । कथामा सहरी तथा ग्रामीण परिवेश स्पष्ट रूपमा चित्रण गरिएको पाइन्छ । सहरिया जीवनशैलीका युवायुवतीलाई कथामा प्रस्तुत गरिएकाले यसका कथाहरू बढी सहरी परिवेशसँग मिल्दाजुल्दा छन्. । कतिपय युवायुवतीहरू काम र मामको खोजीमा सहर र विदेश पस्नुपरेका विविध सन्दर्भले ग्रामीण परिवेशको झलक दिने कथाहरू पनि यसमा परेका छन् । कथामा वर्तमान विश्वमा प्रचलित सूचना, सञ्चार र यातायातका विविध प्रसङ्ग र घटनाहरूको चित्रण गरिएकाले समसामयिक परिवेश रहेको पनि स्पष्ट हुन्छ । यस सङ्ग्रहका कथामा प्रेमका अनेक रूपहरू अभिव्यञ्जित भएका छन् । उच्च, मध्य र निम्न वर्गीय पात्रहरूका मानसिक एवम् शारीरिक परिवेशको चरित्राङ्कन यस सङ्ग्रहका कथामा

भएको पाइन्छ । यसरी कथाकार विकल्पले आफ्ना कथामा देश, काल, परिस्थितिको समुचित एवम् प्रभावकारी चित्रण गरेका छन् ।

### ५.८.६. भाषाशैली

इन्द्रकुमार विकल्पले यस कथासङ्ग्रहभित्रका कथाहरूमा बोलचालको भाषाको प्रयोग गरेका छन् । नेपाली बोलचालमा प्रचलित सरल शब्दहरूको चयन, मूलतः अभिधात्मक शब्दशक्तिमा आधारित सहज विम्बविधान, सरल वाक्यगठन र सङ्क्षेपमा गम्भीर विषयको सम्प्रेषणीय प्रस्तुति उनका कथाका भाषाशैलीगत विशेषता हुन् । शब्दचयन, वाक्यगठन र अभिव्यक्तिका सन्दर्भमा उनले अङ्ग्रेजी, हिन्दी, ऊर्दू तथा संस्कृतका शब्दहरूको प्रयोग पनि कथामा गरेका छन् । यस कथासङ्ग्रहमा सघन कथानकको प्रयोग गरी कथालाई काव्यात्मक, संवादमूलक बनाउने प्रयास गरिएको छ । वर्णनात्मक, विवरणात्मक शैलीमा संरचित यसका कथाहरूमा प्रचलित, तथा चलनचल्तीका उखान टुक्काहरू तथा विम्बप्रतीकको प्रयोग पनि भएको छ । झर्रा नेपाली शब्दहरू तथा पदावलीका कारणले यस सङ्ग्रहका कथाहरू बढी प्रभावकारीसमेत बन्न पुगेका छन् । यस सङ्ग्रहका कथाहरूमा पात्रानुकूल भाषाशैलीको प्रयोग पनि भएको छ ।

### ५.८.७. उद्देश्य

कथाकार इन्द्रकुमार विकल्पद्वारा लिखित 'बैंसका रहरहरू' कथासङ्ग्रहका कथाहरूको लेखनको मुख्य उद्देश्य प्रणयमूलक रतिरागका अनेक रूपलाई देखाउनु रहेको छ । पुराना अन्ध आधारस्तम्भलाई ढाल्दै नयाँ प्रणयसूत्रहरूमा नौला प्रयोगको खोजी गर्नु यस सङ्ग्रहका कथालेखनको उद्देश्य हो । विविध प्रणयमूलक सन्दर्भहरूलाई पाठकसामु प्रस्तुत गरी सम्प्रेषणीय तुल्याउनु कथाकारको मूल अभीष्ट रहेको पनि 'बैंसका रहरहरू' कथासङ्ग्रहमा स्पष्ट नै छ ।

निष्कर्षमा भन्नु पर्दा विकल्पको 'बैंसका रहरहरू' कथासङ्ग्रहमा प्रेमका अनेक रूप आएको पाइन्छ । काव्यात्मक एवम् संवादमूलक भाषामा तयार पारिएका उनका

उपर्युक्त कथाहरू मूलतः तृतीय पुरुष कथनढाँचामा प्रस्तुत गरिएका छन् । स्वदेशदेखि भारतीय भूमिसम्मको परिवेशमो प्रेमका विविध रूपहरूको प्रस्तुति उपर्युक्त सङ्ग्रहका कथामा भेटिन्छ । प्रस्तुत कथासङ्ग्रहको 'बैँशका रहरहरू' जस्तो शीर्षकले पनि यसै तथ्यलाई पुष्टि गर्छ ।

## ५.९ 'स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी' को अध्ययन

इन्द्रकुमार 'विकल्प'ले 'स्व. मोहनबहादुर मल्ल' को सङ्क्षिप्त जीवनी पनि लेखेका छन् । आवरण पृष्ठसहित दस पृष्ठमा समेटिएको यस जीवनीका प्रकाशक र प्रकाशन वर्ष उल्लेख गरिएको छैन । प्रस्तुत जीवनीलेखनको प्रमुख सन्दर्भ 'मुना' २०२८ वैशाख : टुसो ५, ६ र स्व. मल्लका छोरा दीपबहादुर मल्लसँगको पत्राचार (पृ. ८) हो भनी लेखकले उल्लेख गरेका छन् । यो जीवनी सङ्क्षिप्त एवम् परिचयात्मक प्रकृतिको छ । यसमा लेखकले स्व. मोहनबहादुर मल्ललाई सङ्क्षेपमा चिनाउने प्रयास गरेका छन् ।

मोहनबहादुर मल्लको जन्म वि.सं. १९६८ साल माघ २ गते हालको धवलागिरि अञ्चल, पर्वत जिल्ला, मल्लाज माझफाँट–४ मा भएको थियो । पिता बमबहादुर मल्ल हो तथा माताको नाम धर्मकुमारी मल्लका छोरा मोहनबहादुर मल्लको चिनाको नाम टीकाबहादुर मल्ल रहेको थियो भन्ने कुरा लेखकले उक्त जीवनीमा उल्लेख गरेका छन् । यस जीवनीमो लेखक मल्लको साहित्यकार, राजनैतिक, समाजसेवी, उद्योगी व्यक्तित्वलाई स्पष्ट पार्ने काम गरेका छन् ।

स्कुलमा थर्डक्लाससम्म र घरैमा विधि विषयमा शिक्षाको गहिरो अध्ययन गरेका मल्लले साहित्यिक क्षेत्रमा ठूलो योगदान दिएका छन् । उनले २००१ सालभन्दा अगाडिदेखि नै फुटकर रचना लेख्न र प्रकाशित गर्न आरम्भ गरी जीवनको अन्तिम कालखण्डसम्म पनि यस कार्यलाई निरन्तरता दिएका छन् । उनका प्रकाशित साहित्यिक कृतिहरू 'उजेली छायाँ', (उपन्यास २००८), 'मायारानी' (उपन्यास २००९), 'पञ्चायत' (उपन्यास २०१०) 'समयको हुरी', (उपन्यास २०१५), 'भुमरी' (उपन्यास २०२६) 'जेली' (उपन्यास २०३९), 'त्रिफला' (कथासङ्ग्रह २०१०) 'पागल दुनियाँ'

(पद्यनाटक २०१६) आदि रहेका छन् भने उनले २०२२/२३ सालमा 'पर्वतमाला' अङ्क १ र २ साहित्यिक पत्रिकाको प्रधान सम्पादक भई प्रकाशित गरेका पनि छन् । उनका 'रूनु न हाँस्नु' (उपन्यास), 'बिटुली' (उपन्यास), 'अँधेरो दुनियाँ' (गद्यनाटक) 'कृष्ण कालन्दिनी' (धार्मिक नाटक) का साथै विभिन्न लेखहरू अझै पनि अप्राकाशित अवस्थामै रहेका छन् । यसरी मल्लले दिएको साहित्यिक योगदानलाई विकल्पले यस जीवनीमा बयान गरेका छन् ।

मोहनबहादुर मल्ल एक उद्यमी व्यक्ति पनि हुन् भन्दै उनले गाउँमा बसेर उद्योगधन्दा सञ्चालन गर्नुका साथै सामाजिक कार्यमा पनि सक्रिय भएको कुरा लेखकले आफ्नो जीवनीमा उल्लेख गरेका छन् । उनले स्थानीय स्तरमा स्कुल, मन्दिर, पुल, सत्तल, धारा, सिँचाइ, पोखरी बनाउन पनि सक्रिय भूमिका खेलेको कुरा लेखकले जीवनीमा उल्लेख गरेका छन् । यसबाट मल्लको उद्यमी र सामाजिक व्यक्तित्व पनि राम्रो रहेको कुरा लेखकले स्पष्ट गरेका छन् ।

२००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि नै नेपालमा प्रजातन्त्र स्थापनाका लागि नेपाली काङ्ग्रेसको तर्फबाट सक्रिय भूमिका खेलेको कुरा जीवनीमा उल्लेख गरिएको छ । उनी २०१५ सालको आमनिर्वाचनमा यस क्षेत्र (धवलागिरि पर्वत) बाट उम्मेदवार पनि भएका थिए । २०१७ सालको राजनैतिक परिवर्तनपछि उनी आफ्नै गाउँ मल्लाज माझफाँटमा गाउँ पञ्चायतका प्रधानपञ्च पनि भएका थिए भन्ने कुरा यस जीवनीमा लेखकले उल्लेख गरेका छन् । यसरी उपर्युक्त विविध क्षेत्रमा योगदान गर्दा गर्दै २०३५ साल जेठ १७ गतेका दिन एक श्रीमती, ४ भाइ छोरा, ६ बहिनी छोरी र आफ्ना हजारौं शुभचिन्तकलाई छोडेर मल्ल यस धर्तीबाट बिदा भएको कुरा पनि जीवनीमा उल्लेख गरिएको छ ।

यसरी मोहनबहादुर मल्लको जन्मदेखि मृत्युसम्मका विविध कुराहरूलाई जीवनीकार विकल्पले सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । लघु आयामको यस जीवनीमा मल्लको साहित्यिक, सामाजिक, औद्योगिक एवम् राजनैतिक व्यक्तित्वलाई छोटकरीमा प्रस्तुत गर्ने काम सफलतापूर्वक गरिएको छ ।

# अध्याय ६

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

इन्द्रकुमार 'विकल्प' साहित्यका क्षेत्रमा चर्चित नाम हो । यिनको वास्तविक नाम इन्द्रकुमार जोशी हो । यिनी २०१८ साल असोज २ गते हालको धवालगिरि अञ्चल पर्वत जिल्लाको मल्लाज माझफाँट–३, बेनीबजारमा जन्मिएका हुन् । यिनका पिता गोपीमान जोशी र माता नन्दकुमारी जोशी हुन् । विकल्पको बाल्यकालका सुरुका ९ वर्ष पर्वतको बेनीबजारमा र त्यसपछिको जीवन पर्वत, कुस्मामा बित्यो । हाल उनी आफ्नो पुर्ख्यौली ठाउँ मल्लाज माझफाँटलाई छोडी कुस्मामा नै स्थायी बसोबास गर्दै आएका छन् ।

विकल्पको प्रारम्भकालीन शिक्षा बेनीबजारकै एक प्राथमिक विद्यालयबाट सुरु भयो भने माध्यमिक तहको अध्ययन नारायण मा.वि. कुस्माबाट पूरा भयो । विविध पारिवारिक तथा घरायसी समस्याका कारण उनले एस.एल.सी. पास गरेपछि उनको औपचारिक अध्ययनको क्रम अवरुद्ध हुन पुग्यो । उच्च शिक्षा हासिल गर्ने इच्छा बीचमै अधुरो रहेपछि आई.ए.मा प्राइभेट विद्यार्थीका रूपमा त्यसलाई निरन्तरता दिन पनि उनी सफल भएनन् ।

इन्द्रकुमार विकल्प २०३६ देखि शिक्षण पेसामा संलग्न भएका थिए । उनी नारायण मा.वि. कुस्मा पर्वतमा हालसम्म शिक्षकका रूपमा कार्यरत छन् । उनी स्थानीय स्तरमै सानोतिनो व्यापार गरेर बसेका विकल्पले २०४० सालमा कुस्मामा नै लक्ष्मीकुमारी जोशीसँग विवाह गरे । चार सन्तानका बाबु विकल्प हाल आफ्नी आमा, श्रीमती, र छोराछोरीका साथमा पारिवारिक जीवन बिताइरहेका छन् ।

इन्द्रकुमार विकल्प साहित्यतर्फ विद्यालयमा अध्ययन गर्दादेखि नै लागेका हुन् । उनले विद्यलायमा कविता, मुक्तकजस्ता फुटकर रचनाहरू लेख्ने गर्दथे । हाल ती

रचनाहरू अनुपलव्ध भएकाले २०३७ मा प्रकाशित 'पुरस्कार' शीर्षकको कथालाई उनको पहिलो प्रकाशित रचनाका रूपमा लिन सकिन्छ । हालसम्म विकल्पका 'सम्झनाका डोबहरू' (कवितासङ्ग्रह–२०४४), 'मनका खुसीहरू' (कवितासङ्ग्रह–२०५२), 'दुई आत्माको मिलन' (उपन्यास–२०५६), 'भुल्काहरू' (मुक्तकसङ्ग्रह–२०५८), 'सर्वदलीय घर' (लघुकथासङ्ग्रह-२०६०) 'लालीगुराँस फुल्ने मन' (गजलसङ्ग्रह–२०६२), 'बैंसका रहरहरू' (कथासङ्ग्रह–२०६३) र 'मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी' प्रकाशित भएका छन् । उनका 'निस्तो सम्झौता' (कथासङ्ग्रह), 'प्रेमको छहारी', (उपन्यास), 'मेरा इन्द्रेणी सपनाहरू' (कवितासङ्ग्रह) प्रकाशोन्मुख कृति हुन् । 'धौलागिरि स्पन्दन' (गजलसङ्ग्रह–२०६०) उनको सम्पादनमा प्रकाशित धवलागिरिको पहिलो गजलसङ्ग्रह हो । विकल्पका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कथा, कविता, मुक्तक गजल, समालोचना आदि लेख-रचनाहरू प्रकाशित हुँदै आइरहेका छन् ।

इन्द्रकुमार 'विकल्प' 'लायन्स क्लब अफ शिवालय' कुस्माका निर्देशक (२०६०), 'सामाजिक परिवर्तन तथा कल्याण प्रतिष्ठान' का संस्थापक सदस्य (२०६०), 'गुप्तेश्वर धार्मिक तथा पर्यटकीय संस्था' कुस्मा, पर्वतका आजीवन सदस्य (२०५५), पर्वत 'उद्योग वाणिज्य सङ्घ' पर्वतका आजीवन सदस्य (२०६०) 'नेपाल रेडक्रस सोसाइटी' पर्वतका सदस्य (२०४९) 'नेपाल बालसङ्गठन' पर्वतका सदस्य (२०४८)का रूपमा क्रियाशील रहँदै आएका छन् ।

विकल्प 'धौलागिरि साहित्य प्रतिष्ठान' बागलुङका सदस्य (२०४५), 'करुणा साहित्य समाज' बागलुङका आजीवन सदस्य (२०५५), 'पर्वत साहित्य सङ्गम' पर्वतका संस्थापक अध्यक्ष (२०५४ देखि हालसम्म), 'संरक्षण कविता आन्दोलन' नेपालका सदस्य (२०५५), 'मोती पुस्तकालय' फलेवास, पर्वतका आजीवन सदस्य (२०५८), 'पुष्पाञ्जलि' चितवनका सदस्य (२०६०) 'जनमत मासिक' काभ्रेका संरक्षक (२०६१), 'धौलागिरि वाङ्मय समाज' का उपाध्यक्ष (२०६२), 'राष्ट्रिय गजल परिषद' का केन्द्रीय सदस्य (२०६२)का रूपमा आबद्ध भई साहित्यिक क्रियाकलापमा सक्रिय रहँदै आएका छन् ।

विकल्पले 'पर्वत साहित्य सङ्गम' बाट प्रकाशित हुने 'कालीको सुसेली' का सम्पादक, 'बालसुसेली' का प्रधानसम्पादक, र 'चौतारी मासिक' पत्रिकाका संरक्षकका रूपमा रही आफ्नो सम्पादक व्यक्तित्वलाई चिनाएका छन् । हालसम्म साढे दुई दशकको साहित्यिक यात्रा पूरा गरेका विकल्पले आफ्नो बहुमुखी सृजनशीलता देखाएका छन् । उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ । सुरुदेखि २०५३ सम्म उनको सृजना यात्राको प्रथम चरण हो भने २०५४ देखि हालसम्मलाई दोस्रो चरण मान्न सकिन्छ । प्रवृत्तिका आधारमा उनको प्रारम्भिक चरण र पछिल्लो चरणका साहित्यमा खासै भिन्नता नदेखिए तापनि भाषिक परिपक्वता र अभिव्यक्तिगत सबलताजस्ता प्रवृत्तिहरू पछिल्लो चरणका कृतिहरूमा अपेक्षाकृत बढी नै पाइन्छ । उनका कृतिहरूमा खास गरी सामाजिक, आर्थिक र राजनैतिक विकृति र विसङ्गति नै प्रमुख विषयवस्तुका रूपमा रहेका छन् । समसामयिक त्रासदपूर्ण विश्वपरिवेश, घट्दो मानवीय मूल्य र मान्यता उनका कृतिहरूबाट उजागर भएका छन् । मानवीय प्रेमभाव, प्रकृतिचित्रण र राष्ट्रप्रेमको भाव पनि उनका कृतिहरूमा रहेका छन् ।

चलनचल्तीमा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले उनका समग्र कृतिहरूको भाषा सरल, सहज र सरस रहेको छ । उनले आफ्ना कृतिमा उखान–टुक्काहरूको प्रयोग पनि गरेका छन् ।

साहित्यकार इन्द्रकुमार विकल्पले कुनै विधाविशेषमा आफूलाई केन्द्रित नगरी साहित्यका विशेष गरी कविता र आख्यान विधामा कलम चलाउने प्रयास गरेका छन् । उनका कविता, मुक्तक, गजल तथा कथा, लघुकथा, उपन्यास एवम् समालोचना केही फुटकर रचनाहरू विविध पत्रपत्रिकामा प्रकाशित भएका र हुँदै आएका छन् । उनलाई यी विविध रचना र प्रकाशनका आधारमा मूलतः कवि, कथाकार र उपन्यासकारका रूपमा चिन्न सकिन्छ ।

विकल्पका कविताहरू सामाजिक, राजनैतिक, प्रणयमूलक विषयवस्तुमा लेखिएका छन् भने गजलहरूमा प्रणयमूलक भाव पाइन्छ । उनका मुक्तकमा समसामयिक राजनैतिक विकृति–विसङ्गति, श्रृङ्गारिकता, सामाजिक परिस्थिति मूल

रूपमा आएको देखिन्छ । उनका लघुकथाहरूले नेपालको वर्तमान राजनीतिप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै सामाजिक जनचेतनालाई जगाउने प्रयास गरेका छन् । विकल्पका कथाहरूमा प्रेमका विविध रूपहरूलाई देखाई वर्तमान नेपाली युवा पुस्तालाई चेतनाको सन्देश प्रदान गर्ने लक्ष्य लिएको देखिन्छ । उनको उपन्यास सामाजिक विषयवस्तुमा आधारित छ जसमा समाजमा प्रचलित अन्धविश्वास र प्रेमका अवरोधक तत्त्वहरूलाई सूक्ष्म रूपले केलाउने प्रयास गरिएको छ ।

कथाविधामा विकल्पका लघुकथा, कथा र उपन्याससमेतलाई लघुत्तमदेखि बृहत् आयाममा फैलिएका रचना प्रकाशित भएका छन् । सङ्ख्यात्मक दृष्टिले कविताविधामा विकल्पका सबैभन्दा बढी रचना प्रकाशित भएका छन् र कवितातर्फ उनका रचनाहरू मुक्तक, फुटकर कविता र गजलसम्म विस्तारित छन् । विकल्पका कवितामा गद्य शैलीको प्रयोग मात्र भेटिन्छ । शास्त्रीय छन्दको प्रयोग गरी कविताहरूको सृजना कवि विकल्पले गरेको देखिँदैन ।

यसरी विभिन्न आयामका कवितातर्फ आफूलाई प्रभावित तुल्याउँदै, उपन्यासमा मिलनको आभास दिँदै एवम् लघुकथामा सर्वदलीय घर खोज्दै आफूलाई सृजनामा जीवन्त तुल्याउन प्रयत्न गरेका छन् । 'शिक्षा कुसुम' बाट थालनी भएको यिनको साहित्यिक यात्रा बहुमुखी प्रतिभाको छनक दिँदै गतिशील भएको देखिन्छ ।

यसरी फुर्सदको समयलाई साहित्य सृजनामा उपयोग गर्ने विकल्पले मोफसलमा बसेर नेपाली साहित्यलाई दिएको योगदान महत्त्वपूर्ण रहेको छ ।

## ६.२ निष्कर्ष

- ❖ इन्द्रकुमार विकल्पले जीवनको पूर्वार्द्धमा बाल्यकालदेखि नै विविध समस्याहरू झेल्दै आए पनि उत्तरार्द्धमा सुखी जीवन व्यतित गर्दै आएका छन् ।
- ❖ इन्द्रकुमार विकल्पमा शारीरिक, सामाजिक, धार्मिक, पेसागत, संस्थापक, पत्रकार, कथाकार, कवि, जीवनीकार, समालोचक, सम्पादक, भूमिकालेखन व्यक्तित्व रहेकोले उनी बहुमुखी व्यक्तित्वका रूपमा परिचित छन् ।

- इन्द्रकुमार विकल्पको साहित्ययात्राका दुई चरणमध्ये दोस्रो चरण बढी उर्वर देखिन्छ र उनको साहित्ययात्रा कविता, गजल, मुक्तक, कथा र उपन्यास लेखनमा अगाडि बढेको देखिन्छ ।

- इन्द्रकुमार विकल्पका कृतिहरूमध्ये कवितामा गद्यकवितात्मक लेखनशैली, कथामा प्रणयमूलक विषयवस्तु, उपन्यासमा सामाजिक विषयवस्तु र जीवनीमा व्यक्तिको सङ्क्षिप्त चिनारी पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

**१.पुस्तकसूची**


तिवारी, प्रेमप्रसाद **पर्वत जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृतिको अध्ययन** : अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर, २०६१ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४**, ते.सं. ललितपुर : साझा प्रकाशन, २०६० ।

बराल, ईश्वर, **झ्यालबाट,** छै. संस्क. ललितपुर : साझा प्रकाशन, २०६० ।

बराल, कृष्णहरि, नेत्र एटम, **उपन्यास–सिद्धान्त र नेपाली उपन्यास,** दो. संस्क., ललितपुर : साझा प्रकाशन, २०५८ ।

लुइटेल, खगेन्द्र र अन्य, **नेपाली कवि र कविता, काठमाडौँः** विभु ऋमु प्रकाशन, २०५७ ।

विकल्प, इन्द्रकुमार, **मनका खुसीहरू**, पर्वत : लक्ष्मीकुमार जोशी, २०५१ ।

-------,--------,**स्व. मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी**, पर्वतः स्वयम्, २०५५ ।

-------,--------,**झुल्काहरू**, पर्वतः पर्वत साहित्य सङ्गम, २०५८ ।

-------,--------,(सं), **धौलागिरि स्पन्दन**, पर्वत : पर्वत साहित्य सङ्गम, २०५९ ।

-------,--------,**सर्वदलीय घर**, पर्वतः रामचन्द्र जोशी, २०६० ।

-------,--------,**दुई आत्माको मिलन**, दो.संस्क., पर्वत : लक्ष्मीकुमार जोशी २०६१ ।

-------,-------,**सम्झनाको डोबहरू**, दो. संस्क., पर्वत : लक्ष्मीकुमार जोशी, २०६२ ।

-------,--------, **लालीगुराँस फुल्ने मन**, चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६२ ।

-------,--------,**बैँसका रहरहरू**, काभ्रे : जनमत प्रकाशन, २०६३ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

शर्मा, शारदाकुमारी, **पर्वत जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर,२०६२ ।

श्रेष्ठ, दयाराम (सं), **नेपाली कथा भाग ४** दो. संस्क., ललितपुर, साझा प्रकाशन २०६० ।

-------,-------,**नेपाली साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ**, काठमाडौँः त्रिकोण प्रकाशन,२०५९ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

सुवेदी, सुमन्तनाथ, **नेपाली साहित्यमा पर्वत जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर,२०५६ ।

**२.पत्रपत्रिकासूची**[™]

आचार्य सुवि सुधा, 'साहित्यिक पत्रिका प्रकाशन गर्न पक्कै पनि सरल छैन', **धरहरा टाइम्स्,** (२०६२ चैत्र २४) पृ. २ ।

आश्रय डिल्लीप्रसाद, 'मोफसलमा पनि छन् साहित्यिक विकल्पहरु', **आदर्श समाज दैनिक,** ( वर्ष ८ अङ्क २५८, २०६०) पृ. ३ ।

के.सी. सूर्य, 'मनका खशीहरु कवितासङ्ग्रहको विश्लेषण', **पर्वत आह्वान**, (वर्ष १ अङ्क १, २०६१) पृ. ६४-६५ ।

खत्री इन्द्रमान, 'इन्द्रकुमार विकल्पद्वारा लिखित सर्वदलीय घर लघुकथा सङ्ग्रह एक विवेचना', **अनामिका**, (वर्ष ४ अङ्क १, २०६१) पृ. ६९-७१ ।

घायल ओमप्रसाद, 'दुईआत्माको मिलन प्रेमको वलिदान', **धौलाश्री**, (२०५९ असार २) पृ.३ ।

दाहाल नवराज 'उत्साही', 'लालीगराँस फुल्ने मन कृति नियाल्दा', **धौलागिरि पोष्ट**, (वर्ष १ अङ्क ३६, २०६३) पृ. ३ ।

दोषी दिलिप, 'विकल्पका भुल्काहरुलाई स्पर्श गर्दा', **सासंक**, (वर्ष १ अङ्क १, २०६०) पृ. ११२-११३ ।

पौडेल अर्जुन 'निर्जन', 'लाली गराँस फुल्ने मनहरु सजाउने विकल्प', **अग्रगमन स्मारिका**, ( वर्ष १ अङ्क १, २०६२) पृ. १७-१८ ।

साइँलो गोर्खे, सर्वदलीय घरभित्र बस्न खोज्दा', **चितवन पोष्ट**, (वर्ष ९ अङ्क २५९,

[™] विकल्पका रचनाहरु समावेश भएका पत्रिकाको विवरण अध्याय चारमा दिइएकाले यहाँ उल्लेख गरिएको छैन ।

शोधनिर्देशक
सह-प्रा.केशव सुवेदी

# इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
कृष्णराज पौडेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, २०६३

**त्रिभुवन विश्वविद्यालय**

# नेपाली केन्द्रीय विभाग

**कीर्तिपुर**

मितिः २०६४/०९/

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री कृष्णराज पौडेलले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यस शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकार गरिएको छ ।

| | | |
|---|---|---|
| ........................ | सह-प्रा. केशव सुवेदी | प्रा.राजेन्द्र सुवेदी |
| बाह्य निरीक्षक | शोधनिर्देशक | विभागीय प्रमुख |

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र श्री कृष्णराज पौडेलले मेरा निर्देशनमा **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र तयार पार्नुभएको हो । शोधकर्ताले अत्यन्त परिश्रमपूर्वक तयार गर्नुभएको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६४/९/

---------------

केशव सुवेदी<br>
सह-प्राध्यापक<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रिभुवन विश्वविद्यालय<br>
कीर्तिपुर, काठमाडौं

## कृतज्ञताज्ञापन

प्रस्तुत **इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गतको नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका लागि तयार पारिएको हो । मोफसलमा रहेका स्रष्टाका विविध पक्ष चित्रण गर्नु महत्त्वपूर्ण हुन्छ । तसर्थ इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

शोधपत्र तयार गर्नेक्रममा सुरुबाट शोधलाई निश्चित डोरेटोमा बढाउन आफ्नो अत्यन्त कार्य व्यस्तताका बीच दिनरात नभनी मलाई हरपल सरसल्लाह, सुझाव, प्रोत्साहन दिनुहुने आदरणीय गुरु सहप्रा. केशव सुवेदीसमक्ष हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयारीका क्रममा आ-आफ्नो स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने गुरुहरू विभागाध्यक्ष प्रा. राजेन्द्र सुवेदी, उपप्रा. गोविन्दप्रसाद शर्मा तथा सामग्री सङ्कलनलगायतका कार्यमा सहयोग पुऱ्याउने शोधनायक इन्द्रकुमार विकल्प धन्यवादका पात्र हुनुहुन्छ । सामग्री उपलब्ध गर्न सहयोग पुऱ्याउने केन्द्रीय पुस्तकालय त्रि.वि., मोती पुस्तकालय पर्वतका कर्मचारीहरू तथा पर्वत साहित्य सङ्गमका सदस्यहरूसमक्ष धन्यवाद प्रकट गर्दछु । शोधलेखन तथा सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनुहुने साथीहरू सूर्य के.सी., शिशिरकुमार जोशी, गङ्गाधर अधिकारी ‘चिन्तन’, आवश्यक सरसल्लाह, सुझाव दिने भाइ उपेन्द्र सुवेदी, विष्णु सुवेदी, राजु लामिछाने, कृष्ण पौडेल ‘बी’ तथा सम्पूर्ण शुभचिन्तकहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

मेरो अध्ययनको यस क्षणसम्म निरन्तर चिन्तित रही आफ्ना दुःखहरू परै राखी सहयोग र प्रोत्साहन प्रदान गर्नुहुने बुबा खडानन्द शर्मा पौडेल, आमा खगेश्वरी पौडेल र दाजु हुतराज पौडेलप्रति म आजीवन ऋणी छु तथा समस्त घरपरिवारमा विशेष कृतज्ञ छु । व्यावसायिक व्यस्तता हुँदाहुँदै पनि अत्यन्त लगनशीलतापूर्वक समयमै शोधपत्र टङ्कण गरी सहयोग गर्ने अर्किड कम्प्युटर नयाँबजार कीर्तिपुरका भीष्मराज पौडेल तथा आकाश प्रिन्टर्स कुस्माका मित्र कृष्णप्रसाद शर्मा पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा यस शोधपत्रलाई समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागमार्फत् त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयसमक्ष पेस गर्दछु ।

शोधकर्ता
**कृष्णराज पौडेल**
स्नातकोत्तर तह, द्वितीय वर्ष
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर